सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.



लभगुरू
रेखा थापा
पाठकहरूको समस्या समाधान गर्दैछिन्
पृष्ठ १४ मा

● वर्ष १२ ● अंक १ ● काठमाडौं, शुक्रबार, जेठ ५, २०६३ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, May 19, 2006 ● पृष्ठ २४ ● मूल्य रु. ८/-

# उस्तै छैनन् टिनएजर

■ रोजिन शाक्य

नेहा र रीतिका दुवै १४-१५ वर्षका किशोरी। नेहाकी क्लासमेट रीतिका आफ्नो ब्वायफ्रेन्डसित डेटिङमा जान्छिन् भन्ने कुरा सुन्दा नेहाकी मम्मी अचम्ममा परिन्। महिनादिनपछि नेहाको पनि सुनीलसँग अफेयर चलेको चाल पाएपछि उनले विश्वास नै गर्न सकिनन्। दीपेन्द्रले आफ्नो छोरा राजनको इमेल चेक गर्दा शालिनी नामकी किशोरीको मेल पढ्न पुगे। मेल राजन र शालिनीबीच केही समयपूर्व भएको यौनसम्बन्धका बारेमा थियो। यौनसम्पर्कपश्चात् महिनावारी गडबडी भएको विषयमा शालिनीको मेल थियो राजनलाई। आफ्ना ट्युसन टिचर राहुलको मोबाइल नम्बर लिएपछि साधनाले राहुलसँग सोधिन्– मैले ननभेज (अश्लील) एसएमएस पठाउँदा रिप्लाई त गर्नुहुन्छ नि सर ?

उल्लेखित तस्बिर हो आजको टिनएज युवापुस्ताको। फोन, चलचित्र, फेसन, टेलिभिजन, डेटिङ, आउटिङ, पकेटमनी, फास्टफुड, डिस्को-डान्सपार्टी, इन्टरनेट-च्याटिङ, मोबाइल आदि कुराले आजका अधिकतर टिनएजरको जीवनशैलीलाई इंगित गर्छ। यी सबै कुराको मिश्रित प्रभावले किशोर अवस्थाका युवा-युवतीहरू समयपूर्व नै परिपक्व हुँदै गएको र त्यसैअनुरूप उनीहरूका रुचिमा समेत धेरै हदसम्म परिवर्तन आएको देखिन्छ। विशेषगरी सहरी क्षेत्रका टिनएज पुस्तामा विविध विषयले प्रभाव पारेको महसुस हुन्छ। टिनएजको पहिलो खुड्किलोमै गुड लुकिङ गर्ल र गुड लुकिङ ब्वायको क्रेज देख्न पाइन्छ। एक अमेरिकी सर्वेक्षणअनुसार ५२ प्रतिशत टिनएजरमा गुड लुक्सले महत्त्व राख्छ भने महानगरतिर यस्तो झुकाव ६० प्रतिशतसम्म पुग्छ। सर्वेक्षणअनुसार गुडलुक्सप्रतिको क्रेजका पछाडि सबैभन्दा महत्त्वपूर्ण कारण यौनसम्पर्कप्रति बढ्दो झुकाव नै हो। टिनएजमा प्रवेशसँगै यौनसम्बन्धी विषयमा बढ्दो उत्सुकताको कारण के हुन सक्छ भनेर विश्वभरि नै विभिन्न संघ-संस्थाले सर्वेक्षण-अनुसन्धान गरेको पाइन्छ। विमहान्स नामक संस्थाको अध्ययनअनुसार विगतको तुलनामा वर्तमान पुस्ताका किशोर-किशोरीहरूमा यौनसम्बन्धी सक्रियता बढेको छ। टिनएजरहरू जब १४-१६ वर्ष पुग्छन् तब उनीहरूको अचारण प्रयोगात्मक हुन थाल्छ। यहाँसम्म कि उनीहरू प्रयोगात्मक अनुभवबाट समेत गुज्रिसकेका हुन्छन्। विमहान्सको अध्ययनअनुसार १५ देखि १७ वर्षको उमेरका ३९ दशमलव ३ प्रतिशत किशोर तथा ५९ दशमलव ७ प्रतिशत किशोरी विवाहपूर्व यौनसम्पर्कलाई उचित मान्दैनन् भने बाँकी यो मामिलामा उदार देखिन्छन्।

सन् १९९१ को युएस नेसनल सर्वे अफ फेमिली ग्रोथका अनुसार ७६ प्रतिशत किशोर तथा ६६ प्रतिशत किशोरीले आफ्नो हाइस्कुलको फाइनल इयरसम्म आइपुग्दा यौनसम्पर्कको अनुभव प्राप्त गरिसकेको पाइयो। अन्य अध्ययनअनुसार विश्वभरमा हरेक वर्ष ३० लाखभन्दा बढी किशोर-किशोरी यौन रोगको सम्पर्कमा हुन्छन्। किशोरहरूका अतिरिक्त किशोरीमा क्लामोडिया तथा गनोरियाजस्ता रोगको संक्रमण बढी पाइन्छ। यसैगरी प्रतिवर्ष एचआइभीबाट संक्रमित हुने कुल जनसंख्यामध्ये एक चौथाइ संख्या १३ देखि १९ वर्षका किशोर-किशोरी पाइए। जसको मूल कारण असुरक्षित शारीरिक सम्बन्ध रहेको पाइयो।

बाँकी पृष्ठ ६ मा



राजधानीको एक डान्स पार्टीमा रमाइरहेका किशोरीहरू



## मध्यपृष्ठमा

दीपा नृत्यमा पारंगत छिन्। आफूले मोडलिङ गरेका डेढ दर्जन म्युजिक भिडियोमध्ये आधाभन्दा बढीमा त उनले नृत्य नै गरेकी छिन्। २४ वर्षीया दीपा बालकुमारी, ललितपुरमा बसोबास गर्छिन्। परिवारका सदस्यसँग रमाइलो गर्न तथा नयाँ-नयाँ साथी बनाउन रुचाउने दीपाले चलचित्र 'करोडपति' को एउटा गीतमा पनि नृत्य गरेकी थिइन्। दीपाका अनुसार प्रेम दुई आत्माको मिलन हो। मोडलिङमा समेत क्यारियर बनाउने लक्ष्य लिएकी दीपा ५ फिट ४ इन्च अग्ली छिन्।

# प्रकाशकीय

कान्तिपुर पब्लिकेसन्सबाट हरेक शुक्रबार प्रकाशित हुने सबै पाठकवर्ग खासगरी युवाजगत्को अत्यन्त लोकप्रिय पत्रिका साप्ताहिक यही अंकदेखि ११ वर्ष पूरा गरी १२ औं वर्षमा प्रवेश गरेको छ । यो सुखद उपलक्ष्यमा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, शुभचिन्तकहरू तथा नियमित लेखकवर्गमा व्यवस्थापनका तर्फबाट हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछौं । वि.सं. २०५२ जेठ ५ गतेबाट प्रारम्भ भएको प्रकाशनयात्राका क्रममा साप्ताहिकले नेपाली युवावर्गमा जे–जस्तो चेतना, ज्ञान र मनोरञ्जन पुऱ्याउन सक्यो त्यसको ज्यूँदो प्रमाण यसको बढ्दो पृष्ठसंख्या, रंगीन कलेवर, बढ्दो पाठकसंख्या एवं विज्ञापनदाताहरूको उत्सकुताले नै प्रमाणित गर्छ । यी सबै कुराको यथेष्ठ प्रमाण साप्ताहिकमा प्रकाशित हुने पाठक सहभागिताबाटै थाहा हुन्छ ।

राष्ट्रका कर्णधार युवाजगत्लाई विश्वमा प्रवर्द्धित आधुनिक ज्ञान–विज्ञानका क्षेत्रमा अद्यावधिक बनाउनुका साथै विविध क्षेत्रका शिक्षाप्रद सामग्री पस्किनु, विभिन्न क्रियाकलापमा सहभागी बनाई उनीहरूको बौद्धिक विकासमा योगदान गर्दै अधिकतम मनोरञ्जनमुखी सामग्री प्रस्तुत गर्नु साप्ताहिक प्रकाशनको मुख्य उद्देश्य हो, बढ्दो विकासको गतिलाई पच्छ्याउँदै पूर्णताका लागि प्रयास गरिरहने हाम्रो प्रयास हो यो । त्यसका लागि विज्ञ पाठकवर्गबाट प्राप्त सुझावहरूलाई हामीले सकभर महत्त्वका साथ ध्यान दिने गरेका छौं । पाठकवर्गको साप्ताहिकप्रतिको बढ्दो उत्सकुता एवं सहभागिताका लागि हामी हार्दिक धन्यवाद दिँदै आभार व्यक्त गर्न चाहन्छौं । त्यस्तै साप्ताहिकमा नियमित लेख्दै आउनुभएका डा. डी.पी. भण्डारी, किशोर नेपाल, डा. राजेन्द्र भद्रा आदि स्तम्भकार तथा लेखकहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछौं । साप्ताहिकलाई प्रारम्भबाट आजको यो अवस्थासम्म पुऱ्याउने सम्पादकलगायत सबै सहकर्मी मित्रहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छौं । अन्तमा साप्ताहिकलाई समयको क्रमसँगै परिमार्जन एवं परिवर्द्धन गर्दै उच्चस्तरीय संग्रहणीय पत्रिकाका रूपमा विकास गर्दै लाने वाचाका साथ फेरि एकपटक सबैमा हार्दिक शुभकामना अर्पण गर्दछौं ।

हेमराज ज्ञवाली
अध्यक्ष
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.

# हाम्रो प्रतिवद्धता

११ वर्षअघि साप्ताहिकको प्रकाशन प्रारम्भ हुँदा नेपालमा साप्ताहिक पत्रिकाको अर्थ राजनैतिक समाचार, विचार र विश्लेषणले भरिएको पत्रिका मानिन्थ्यो । यस्तो अवस्थामा प्रजातान्त्रिक शासन व्यवस्थाले निर्माण गरिरहेको फराकिलो सामाजिक परिवेशलाई समय सुहाउँदो प्रतिनिधित्व दिन समाजका हरेक वर्गलाई पत्रकारिताको दायरामा ल्याउन एउटा फरक विचार र शैलीको अनुसरण गर्दै साप्ताहिकको प्रकाशन प्रारम्भ भएको थियो । त्यस बेलासम्म प्रचलित सम्पादकको अखबारका विपरीत हामीले साप्ताहिकलाई पाठकको अखबारका रूपमा पाठकका माझ ल्याउने जमर्को गऱ्यौं । त्यसबेला हाम्रो लक्ष्य साप्ताहिकमा बढीभन्दा बढी पाठकलाई सहभागी गराई उनीहरूकै रुचि र स्वादअनुसारको अखबार प्रकाशित गर्ने बाटोमा हिंड्नु थियो । अहिले नेपाली समाजमा साप्ताहिक एउटा बेग्लै स्वादको पारिवारिक पत्रिकाका रूपमा स्थापित भएको छ । १२ औं वर्ष प्रवेशको यो घडीमा हामी सम्पादकीय सहकर्मीहरू साप्ताहिकलाई अझबढी रुचिकर, अझबढी स्वस्थ पारिवारिक सूचनाको खुराकका रूपमा प्रस्तुत गर्दै जाने कुरामा आफ्नो प्रतिबद्धता प्रकट गर्दछौं । बितेका ११ वर्षमा हामीले पाठक, विज्ञापनदाता, वितरक तथा अरू शुभेच्छुहरूबाट जस्तो माया र सद्भाव पायौं, त्यस्तै माया र सद्भाव रचनात्मक सुझावहरूका साथ पाइरहनेछौं भन्ने आशा गर्दछौं ।

# हाम्रो जीवन सत्य हो कि स्वप्न ?

**प्रिय इन्दु,**

आजको शीर्षक तिम्रो पत्रको अन्तिम वाक्य वा अन्तिम प्रश्नलाई नै बनाएको छु । प्रयास गर्नेछु उत्तर दिन, तर डर लाग्छ तिमी मेरो उत्तरबाट सन्तुष्टि पाउनेछैनौ । जति बढी हाम्रो अस्तित्वको मन्द वा जीवन्त शान्ति खलबलिन्छ त्यति नै बढी कि त हामी चैन रिक्त हुन्छौं, कि त सिजर्नशील प्रसन्नतामा स्वप्नशील हुन्छौं । निर्भर गर्छ सबै उतार-चढावको चक्र हाम्रो समग्र परिस्थिति, मनस्थिति र भावलोकमाथि हाम्रो जैविक, मनोवैज्ञानिक संरचनाको प्रमुख भूमिका हुन्छ जीवन-दृष्टि निर्मित गर्नमा । त्यसपछि सामाजिक र अरू विविध थरीका पर्यावरणहरूको । परिवारिक, सांस्कृतिक प्रभावहरूलाई पनि नकार्न सकिूदैन । मुख्यतः हाम्रो आन्तरिक प्राकृतिक संरचना नै याद आउँछ । उत्सुक जिज्ञासुहरूलाई मनोवैज्ञानिक र जैविकशास्त्रीहरूलाई ।

६-७ अरबको मानवबस्तीभित्र कुनै दुई व्यक्ति पूर्णतः एक-अर्कासित मिल्दैनन्- न औंलाका रेखा मिल्छन्, न भित्री हृदयका धड्कनहरूको गुण-धर्ममा पूरा सत्यता पाइन्छ, न विश्वदृष्टि नै मिल्छ । विचारहरूमा शारीरिक बनावटमा समानता भेटिन्छ होला, तर त्यहाँ गहिरिएर परीक्षण गर्न सक्यो भने समानतामा शंका गर्न सक्ने स्थलहरू प्रशस्त पाइनेछन् । वैविध्यपूर्ण मानव अस्तित्व सीमा नभएर एक रहस्यपूर्ण शोभा हो । एक ढंगी एकरंगी हाम्रो अस्तित्वको चरित्र भैदिएको भए हामी कति बेचैन, कति क्लान्त, कति व्यथित हुन्थ्यौं कल्पना गर्न पनि गाऱ्हो हुन्छ । जीवनको रहस्यमयता जीवनको सरलताभन्दा गहन चिन्तक र गहन कलाकारहरूका लागि बढी आकर्षक एवं मननीय भएको छ– मनिषी, दार्शनिक, कवि-कलाकारहरूका लागि ।

जीवन सत्य हो कि स्वप्न हो ? इच्छा र क्षमताको विपरीत दुस्साहस गर्नु मात्र हो तिम्रो प्रश्नको उत्तर दिने प्रयास । जगत्मा अरू पनि मजस्तै मुर्ख दुस्साहसी छन् भन्ने विश्वास भएकाले लडखडाएर भए पनि केही भन्ने प्रयास मात्र हो । आफ्नो कल्पना शक्ति, अध्ययनशीलता र एकान्तप्रियताबारे तिमीले आफ्ना पत्रात्मक अभिव्यक्तिहरूमा संकेत दिइसकेकी छौ । त्यो एक आधार बन्न पुग्यो आजको मेरो क्षणिक भावनात्मक बेचैनी र बौद्धिक संघर्षको । सायद तिम्रो अपरिचित लोकतिर म जानुपर्ने हुन्छ । ग्रीक दर्शन र ड्र्याजडी, सुफी सन्तहरू, उपनिषद, झेन दर्शन र अभ्यास र केही महान् सन्त कविहरूतिर । यो सानो लेखमा त्यति महत्त्वाकांक्षी हुनु कति सान्दर्भिक छ, तिमीलाई भनिरहनुपर्ने थिएन, तर अहिले स्वप्न बढी शक्तिशाली छ



डा. डी. पी. भण्डारीसँग

सत्यभन्दा । तिमी स्वप्निल अस्तित्वको बायवी लोकमा रमण गरिरहेकी छौ, म जीवनको कठोर यथार्थमा बाँचिरहेको छु– धर्तिको घनिष्ठ सान्निध्यमा । अहिले इतिहास हल्लिएको घडी छ । युगान्तकारी १९ दिने जनआन्दोलनको सफलताबाट म मात्र होइन, सम्पूर्ण नेपाली जनमानस एक विधायक भविष्य दृष्टिमा रमिरहेको संकेत दिइरहेछ । हुन त सबै ऐतिहासिक परिवर्तनका क्षणहरूमा नरनारीहरूको ठूलो जमात केही उल्लसित हुन्छ, केही उद्वेलित, केही मात्रामा उद्विग्न पनि । एकै शब्दमा भन्ने हो भने झकझोरित हुन्छ । किनकि पहिलेका वानी परिसकेका चिन्तन, व्यवहार र अभ्यासहरू र नवीन परिस्थितिहरूबीच सन्तुलन मिलाउने काम त्यति सुविधाजनक हुँदैन, समायोजनाका लागि निश्चित समय-सीमा चाहिन्छ । उता बहस, छलफल, भाषण मन्द, उच्च स्वरमा चलिरहेका छन्, यता म तिम्रो प्रश्नको अपर्याप्त उत्तर दिने प्रयास गरिरहेछु । प्रयास मात्र गर्नुमा पनि केही आनन्द, केही संघर्ष, केही सिजर्नात्मक पीडाको अनुभूति हुँदो रहेछ ।

हजारौं वर्ष पहिले ऋषिमुनिहरूले चिन्तन गरे, तपस्या गरे जीवनको अर्थ बुझ्न र निर्णय गरे जीवनको वास्तविक अर्थ वा सत्य भौतिक सीमा र विलासमा सीमित भएर बाँच्नुमा छैन– आध्यात्मिक आलोकको प्राप्तिमा छ । तिमी र मैले बाँचिरहेको जीवनलाई स्वप्न भने । किनकि यहाँ भ्रान्तिहरू मात्र विद्यमान छन् र स्वप्नजाल मात्र हो हाम्रो भौतिक जीवनको यात्रा । बुद्ध स्वप्नबाट भाग्नुभो– सिद्धार्थ भागे भन्नु बढी उचित हुन्छ । बुद्धत्व त उहाँको महाज्ञान प्राप्तिपछिको स्थिति हो, बिइङ हुनु हो । राज प्रासादभित्रका सम्पूर्ण वैभव र विलासहरू स्वप्न भए सिद्धार्थ गौतमको दृष्टिमा । स्वप्न बोधले नै उहाँलाई सत्यबोध, महाज्ञानमा पुऱ्यायो । प्लेटो आफैं ज्ञानी थिएनन्, तर एक महान् दार्शनिक थिए । उनले घोषणा गरे– हाम्रो दृश्य जगत् र जीवन एक भ्रान्ति हो । वास्तविक सत्य त अदृश्य उच्च लोकमा छ, अर्थात् आध्यात्मिक सत्यको प्राप्तिमा । महाज्ञानी शंकराचार्यले पनि प्लेटोबारे केही सँचना नपाईकन नै घोषणा गर्नुभो, ब्रह्मः सत्यम् जगत् मिथ्या, संसार एक भ्रम हो, असत्य हो, वास्तविक सत्य ब्रह्म हो, एक परिपूर्ण परिशुद्ध प्रकाशपूर्ण चैतन्य । यो गोचर भौतिक जीवन जगत् केवल क्षणिक स्वप्न हो, असत्य हो । मैले कतै लेखिसकेको जस्तो लाग्छ । दुई मित्रहरू डा. जोन्सन र वर्कले प्रातःकालीन भ्रमणमा छन् । वर्कले एक प्रसिद्ध दार्शनिक, डा. जोन्सन एक प्रसिद्ध कवि, कोशकार, वार्ताकार र निबन्धकार । अप्रत्याशित वर्कलेले भने जोन्सनलाई– 'यो संसार, सम्पूर्ण भौतिक लोक तिम्रो र मेरो शरीर भ्रम हो, असत्य हो ।' डा. जोन्सनले एक सानो ढुंगा टिपेर वर्कलेको गोली गाँठामा लाग्ने गरी जोडसित हाने । वर्कलेले रक्ताम्य खुट्टा मिच्दै पीडाको चोटमा कराउन थाले । जोन्सनले सोधे- 'अब भन, तिम्रो पीडा र घाउ सत्य हो कि स्वप्न ?' वर्कलेले उत्तरमा भने– 'यो पनि भ्रम हो, असत्य, एक क्षणिक सपना हो ।' जोन्सन खित्का छोडेर हाँस्न थाले ।

म त पृथ्वीको एक अति सामान्य जीव । यति जटिल प्रश्नको उत्तर दिन मेरो बुताभन्दा बाहिरको कुरा, प्रयास । मेरो लागि त जीवन सुख-दुःखको एक राग-रंग हो । कहिले एक बढी हावी हुन्छ, कहिले अर्को । सुफी सन्त कविहरूले दुई पदावलीहरू आविष्कार गरेका छन्– इश्क म जाजी र इश्क हकीकी । हाम्रो प्राचीन हिन्दू आध्यात्मिक शब्दावलीमा अनुवाद गर्ने हो भने हुबहु अर्थ हुन्छ कामानन्द र ब्रह्मानन्द : सामान्य वासनाप्रधान जीवनको रंगरागमा रमाइरहने वृत्तिलाई कामानन्द, बुद्ध, कविर र शंकरले प्राप्त गरेको सत्यलाई ब्रह्मानन्द भन्छन् । तिमी र मजस्ता संसारीहरू रमाइरहने पीडित भैरहने लोकलाई, आयामलाई कामानन्द भन्छन् । अर्थात् सन्तहरूको अस्तित्वको केन्द्रमा ब्रह्म छ, सत्य छ, हाम्रो अस्तित्वको केन्द्रमा काम छ, भान्ति छ, असत्य छ ।

शेक्सपियर सन्तहरूभन्दा धेरै तलको जीवनभोगी हो, तर विश्व इतिहासको महानतम प्रतिभा भनिदिए हुन्छ ढुक्क भएर । दार्शनिक मन्थनको क्रममा शेक्सपियर भन्छन्–

*We are such a streff*
*As dreams made of,*
*And our little life*
*Is rounded with a sleep.*

(मानिसको सारा अस्तित्व एक स्वप्नजाल मात्र हो । हाम्रो छोटो जीवनयात्राका सबै कोलाहल र छटपटीहरूले अन्ततः महानिद्रामा परिपूर्णता पाउँछन् ।)

# नीति-नियम



आफ्नो धर्म पालना नगरी सुख पाउन सकिंदैन । त्यसैले स्वधर्म पालना गर्नु ठूलो तपस्या हो । जसले आफ्नो धर्मपालनामा तपस्या गर्छ उसले मानिसको त के कुरा देवतालाई समेत सेवक बनाउन सक्छ, अर्थात् स्वधर्ममा रहन सक्यो भने देवताले समेत उसलाई मान्छन् । घमन्डी, लोभी, विषयवासनामा लिप्त रहने, ठग, स्वाँठ, मनमा एउटा, बाहिर अर्को व्यवहार गर्ने, बोली अनि कामले समेत झगडाप्रिय, स्तरहीनहरूको प्रियपात्र, स्वतन्त्र, कुनै नीति नभएको, छलछाम गर्ने स्वभाव भएकाहरूले अन्तमा पशुपन्छीको जुनी प्राप्त गर्छन् ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा
सौजन्य : सोनिया पुस्तक पसल



# चि ठी प त्र

## लोकतान्त्रिक टिसर्ट

साप्ताहिकको गत अंकमा प्रकाशित मध्यपृष्ठको तस्बिर राम्रो लाग्यो तर चित्तबुझ्दो भने भएन । उक्त तस्बिरमा युवतीहरू महत्वपूर्ण थिए कि आन्दोलनका बीचमा जन्मिएका लोकतान्त्रिक टिसर्टहरू ! साप्ताहिकको मध्यपृष्ठ के युवती वा मोडलहरूको मात्रै हो । हो, साप्ताहिकले युवा पाठकहरूलाई समेट्ने प्रयास गरेको छ, तर मोडलहरूलाई त्यतिविघ्न स्थान दिएर युवा पाठकहरूको मन जित्न सकिन्छ भन्ने आँकलन सत्य होइन । अझ लोकतान्त्रिक टिसर्टका सम्बन्धमा त उक्त सिद्धान्त पूर्णतः असफल भएको छ । आन्दोलनमा मरिमेटेर लागिपर्नेहरूलाई नै टिसर्ट मोडलका रूपमा प्रयोग गरेको भए टिसर्टको मर्म र आन्दोलनमा होमिएकाहरूको भावनाबीच तालमेल देखिने थियो । असह्य कुरा त के भने जो-जो युवतीहरू उक्त तस्बिरमा छन् उनीहरू एक दिन पनि र कुनै पनि रूपमा लोकतान्त्रिक आन्दोलनमा देखिएनन् होला । अहिले प्राप्त स्वतन्त्रताको अर्थ पनि उनीहरूका लागि औचित्यपूर्ण छ कि छैन, थाहा छैन । यसमा नागरिक समाजका व्यक्तित्वहरू कृष्ण पहाडी, डा. देवेन्द्रराज पाण्डे, कनकमणि दीक्षित वा लोकतान्त्रिक अभियानमा हिँडेका स्रष्टा-कलाकारहरूलाई पनि प्रयोग गर्न सकिन्थ्यो, जस्तै– रामेश, अर्जुन पराजुली, किरण मानन्धर, श्रवण मुकारुङ, निखिल उप्रेती, बिपना थापा, अशोक शर्मा आदि । यदि तपाईंहरू लोकतन्त्रप्रति निष्ठावान् हुनुहुन्छ भने व्यवसायलाई मात्रै किन हेर्ने ?

–पशुपति राई, धरान

## जनताले राहत पाउनुपर्छ

प्रतिगामी शाही सरकार र यसअघि बनेका चन्द सरकार, एमाले-देउवा सरकारले पटक-पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेपछि उपभोग्य वस्तुको मूल्य अकासियो, जसलाई सहन नसकी जनता शान्तिपूर्वक सडकमा उत्रिएका थिए, जसमा अहिले सत्तासीन पार्टीहरू पनि सहभागी थिए र त्यति बेला तिनीहरू 'मूल्य वृद्धि फिर्ता गर' भन्ने नारा लगाउँदै सडकमा आएका थिए । अहिले तिनै आन्दोलन गर्नेहरू सडकबाट सत्तामा पुगेपछि यो मूल्यवृद्धि फिर्ता हुन्छ भन्ने कुरामा आमनेपाली जनता आशावादी थिए र अहिले पनि छन् । त्यसैले मूल्यवृद्धि फिर्ता गरेर जनतालाई राहत दिनु यो सरकारको जिम्मेवारी हो ।

अहिले पुनर्स्थापित संसद् र सरकार तिनै जनताको न्यायपूर्ण आन्दोलन र रगतबाट आएको हो भन्ने कुरामा कसैको दुईमत छैन । जनता नै परिवर्तनका वाहक भएकाले भोलि आउने आन्दोलनमा जनताको सहभागिता गराउन चाहन्छन् भने सत्तासीन पार्टीहरूले जनतालाई चर्को महँगीको मारबाट छुट्कारा दिलाउनुपर्छ । यसबाट जनताले ठूलो राहत पाउनेछन् । अहिलेको पुनर्स्थापित संसद् र यसबाट बनेको सरकारले असोज १८ पछिका अध्यादेशहरू खारेज गरेको छ भने पेट्रोलियम पदार्थको मूल्यवृद्धि पनि फिर्ता गर्नुपर्छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिनु भनेको सहिदको सपना साकार पार्नु हो, किनभने पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्धको आन्दोलनमा विद्यार्थी नेता देवीलाल पौड्याल सहिद भैसक्नुभएको छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरुद्ध संयुक्त विद्यार्थी आन्दोलन संघर्ष समितिले २०५९ चैत २५ गते राखेको कार्यक्रम समापनपछि शान्तिपूर्वक नारा लगाउँदै हिंडेका विद्यार्थीहरूमाथि बुटवलमा प्रहरीले चलाएको गोलीले क्याम्पस हाताभित्रै देवीलाल मारिनुभएको हो । सडकमा छँदा विरोध गर्ने र सत्तामा पुगेपछि मूल्यवृद्धि गर्ने तत्कालीन एमाले-देउवा सरकारझैं यो सरकारले पनि त्यसै गर्ने हो भने फेरि विद्यार्थी तथा आमनेपाली जनता सडकमा आउनेछन् । नेताहरूले यो कुरा बुझून् कि विद्यार्थी हरेक आन्दोलनका अगुवा तथा भोलिका कर्णधार हुन् भने उनीहरू परिवर्तनका अगुवा पनि हुन् । त्यसैले मूल्यवृद्धिबाट निस्सासिएका आमनेपाली जनताले तुरुन्त राहत पाउनुपर्छ ।

–सुधन अधिकारी, सुरेन्द्रकुमार श्रेष्ठ तथा बुटवल बहुमुखी क्याम्पसका विद्यार्थी साथीहरू, क्याम्पस रोड, बुटवल

# तीतो सत्य

-हुँदा हाँस्नेले नहुँदा रुन सुहाउँदैन ।

**दर्शन दिनेश**

-अतीत र वर्तमान सयमका समानान्तर रेखा हुन्, ती कहिल्यै पनि कुनै विन्दुमा आई दोडिंदैनन् ।

-दुःखका कारण इच्छा, वासना र तृष्णा हुन् ।

-यदि कोही तिम्रो शत्रु छ भने त्यो तिम्रै मन हो ।

**नानु श्रेष्ठ, बाह्रबीसे**

-न आस्तिक न नास्तिक, वास्तविक हुनुपर्छ ।

**रूपक मैनाली**

-कसैलाई सतमार्गमा लाने इच्छा राख्नुभन्दा पहिले आफू पनि सतमार्गमा हिंड्न जान्नुपर्छ ।

-नारीको मन फूल जस्तै कोमल मात्र होइन कहिलेकाहीं साह्रो पनि भैदिन्छ ।

-नारीबाट प्राप्त ममताले पुरुषलाई आधा राज्य जितेको महसुस गराउँछ ।

**सीता पौडेल, बुटवल**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*

–सम्पादक

# हामी जनचाहनाविपरीत जान सक्दैनौं

**साप्ताहिक : माओवादीले तोकेका १३ जना वक्ता सार्वजनिक हुन किन ढिलाइ ?**

**लेखनाथ न्यौपाने** : भोलि शनिबार विराटनगरबाट केही नेता सार्वजनिक हुनुहुँदैछ। सरकारले युद्धविराम गरेको भनिए पनि सेना अहिले पनि सडकमा सक्रिय छ। सुरक्षामा हामी अहिले पनि विश्वस्त भैहाल्ने अवस्था छैन। वार्ताको वातावरण तयार नगरेका कारण प्रत्यक्ष भेट्न गाऱ्हो भएको हो। नीतिगत रूपमा हाम्रा अध्यक्षको अभिव्यक्तिसँगै १३ जना वक्ता सार्वजनिक हुनुहुँदैछ

**साप्ताहिक : प्रचण्डको भाषण सुन्न सबै लालयित छन्, उहाँ कहिले आउँदै हुनुहुन्छ ?**

**न्यौपाने** : सुरक्षा र वातावरणमा सुधार आयो भने १९ गते काठमाडौंमा हुने बृहत् जनसभामा अध्यक्ष नै आउन सक्नुहुन्छ। उहाँ आउनुहुन्छ भन्ने विश्वासका साथ हामी १० लाख पर्चा वितरण गर्दैछौं, १ लाख पोस्टर टाँस्दैछौं, ५ हजार कार्यकर्ता परिचालन गर्दैछौं। हामी १९ गतेको कार्यक्रमका लागि कति उत्साहित छौं भन्ने कुरा हाम्रो तयारीबाट पनि बुझ्न सक्नुहुन्छ।

**साप्ताहिक : वातावरण बनाउनका लागि भिन्दै टोली बनाउनुको कारण के होला ?**

**न्यौपाने** : महराजी वातावरण बनाउन होइन, वार्ताकै लागि आउनुहुने हो। यसको मुख्य कारण अध्यक्ष कमरेड आइसकेपछि वार्ताले अन्तिम रूप लिन्छ। महराज्यूहरूले एक-दुई चरण वार्तामा बसेपछि वार्ताका मुख्य मुद्दालाई किनारा लगाउन अध्यक्षको माग हुन्छ भन्ने जानेर नै उहाँले नेतृत्व गर्न लाग्नुभएको हो।

**साप्ताहिक : त्यसो भए यसपटक वार्ता सफल हुन्छ भन्ने कुरामा तपाईं विश्वस्त हुनुहुन्छ ?**

**न्यौपाने** : म मात्र होइन, हाम्रो सिंगो पार्टी र आमजनता आशावादी छ। हामीमा कुनै समस्या छैन। बरु संसदीय पार्टीहरूले जुन ढिलासुस्ती गरिरहेका छन्, संसदलाई लम्ब्याउने जुन किसिमका कामहरू गर्दैछन्, त्यसले हाम्रो मागमा सुनुवाइ नहुने हो कि भन्ने कुरामा हामी सचेत भएका छौं। दरबार मरिसकेको छैन, उसले कुनै हत्कण्डा चलाउला भन्ने डर छ, किनकि उसँग सेनाको माथिल्लो तप्का र अमेरिकाको सम्राज्यवादी सोचको आड छ। संसदीय पार्टीका केही नेतामा पनि पुरानो संस्कार मरिसकेको छैन। यी केही अप्ठचारा अवस्थाबाहेक वार्ता सफल हुन्छ भन्ने कुरामा हामीलाई पूर्ण विश्वास छ।



**लेखनाथ न्यौपाने, अनेरास्ववियू (क्रान्तिकारी) का अध्यक्ष तथा सरकार–माओवादी वार्ताकालका प्रचार–प्रसार प्रमुख। माओवादीका तर्फबाट अध्यक्ष प्रचण्डले वार्ताको नेतृत्व गर्ने भएपछि त्यसको तयारी पनि त्यही स्तरमा चलेको छ। प्रचार विभागका प्रमुखका नाताले न्यौपाने यतिखेर नेताहरूको सुरक्षाका लागि पनि उत्तिकै चिन्तित छन् भने माओवादीका नीतिलाई जनतामाझ कसरी पुऱ्याउने भन्ने चिन्ता पनि उत्तिकै छ।**

**साप्ताहिक : तपाईंहरूको विभिन्न मागका कारण वार्ता असफल होला भन्ने लाग्दैन ?**

**न्यौपाने** : देशको स्थायी शान्तिका लागि हाम्रो माग बाधक छँदै छैन। म विनम्रतापूर्वक के भन्न चाहन्छु भने यदि हाम्रो कुनै पनि मागले स्थायी शान्तिमा बाधा दिन्छ भने विकल्पमा आएका प्रस्ताव हामीलाई मञ्जुर छ। त्यो विकल्पलाई जनताले ठीक छ भने भने हामी को हौं त्यसलाई अस्वीकार गर्ने ? हामी जनताका लागि जति पनि निहुरिन तयार छौं, तर यसलाई हाम्रो कमजोरी मानियो भने त्यो सरकार र देशका लागि ठूलो दुर्भाग्य हुनेछ। बिरालोलाई ढोका थुनेर चुट्ने प्रयास गरियो भने बिरालोले पनि आफू बच्न प्रत्याक्रमण गर्छ।

**साप्ताहिक : सरकारका कारण वार्ता भङ्ग हुने स्थितिचाहिं देख्नुहुन्छ, होइन ?**

**न्यौपाने** : त्यो त देख्छु। हामीले सरकारले युद्धविराम गर्नुभन्दाअघि युद्धविराम गऱ्यौं। सरकारभन्दा अघि वार्ताटोली बनायौं। आचारसंहितालगायतका आन्तरिक तयारी गरेर सरकारले कहिले टोली बनाउँछ र हामी सार्वजनिक हौं भनेर आतुरीका साथ पर्खेर बसिरहेका छौं। यस्तो अवस्थामा गृहमन्त्री हामीलाई जथाभावी कर नउठाउन उपदेश दिनुहुन्छ। सरकार संयमित हुनुको साटो हामीलाई उत्तेजित बनाउँछ भने हामीले भन्न बाध्य हुनुपर्छ, वार्ता भंग पनि हुन सक्छ।

**साप्ताहिक : वार्ता भंग भयो भने फेरि हतियार पनि उठ्छ ?**

**न्यौपाने** : अहिले वार्ता भंग हुने, हतियार उठ्ने कुरा गर्नुभन्दा कसरी देशमा स्थायि शान्ति बहाल हुन्छ भन्ने कुरा सोच्नु राम्रो हुन्छ। हामी फेरि हतियार उठाउने मनसायका साथ वार्तामा आएका होइनौं। त्यसैले अध्यक्ष कमरेडले १९ गतेको आमसभाबाट फरक किसिमको नेतृत्व पनि गर्न सक्नुहुन्छ।

**साप्ताहिक : फरक किसिमको नेतृत्व भन्नाले कस्तो ?**

**न्यौपाने** : यदि संसद् र सरकारले राजालाई ठाउँ दिने, सेरेमोनियल बनाउने षड्यन्त्र भयो भने अध्यक्षले जनतालाई सशक्त विद्रोहका लागि खुला अपिल गर्न सक्नुहुन्छ। त्यहींबाट नयाँ वातावरण बन्छ र स्थितिले पल्टा खान्छ भन्ने हाम्रो मूल्यांकन हो। किनभने जनता राजालाई ठाउँ दिने मनस्थितिमा छैनन्।

**साप्ताहिक : पार्टीहरू जनताको माग विपरीत जान्छन् भन्ने मूल्यांकन हलुका भएन र ?**

**न्यौपाने** : प्रवृत्ति र संस्कार मुख्य कुरा हुन्। हामीले शेरबहादुरको अभिव्यक्ति सुनिसकेका छौं। गिरिजाप्रसाद कोइरालाको पुरानो मानसिकता पनि बुझिसकेका छौं। त्यसैले उनीहरूमाथि जनताले शंका गर्नु जायज छ। जसले जनतालाई झुक्याउने प्रयास गर्छ, ऊ बढारिन्छ। जनताको भावना बुझ्न नसक्नेहरू पाखा लाग्छन्, चाहे नेपाली कांग्रेस होस् वा माओवादी नै किन नहुन्, राजालाई ब्यूँताउने, उनलाई सहयोग गर्ने जोसुकै होस्, त्यस्तालाई जनताले छाड्दैनन्।

**साप्ताहिक : सरकारका सबै काम शंकास्पद छन् भन्न खोज्नुभएको हो ?**

**न्यौपाने** : होइन, राम्रा कामलाई नराम्रो भन्नु पनि जनताको चेतनाको अवमूल्यन गर्नु हो। जनताले बुझिरहेका छन्, अहिले सरकारले केही राम्रा काम पनि गरिरहेको छ, तर प्रहरी प्रमुखलाई हटाउन सक्नेले सेना प्रमुखलाई हटाउन नसक्नु, फटाफट निर्णय गर्न नसक्नुका पछाडि कुनै ठूलो षड्यन्त्र त भैरहेको छैन भन्ने लाग्नु स्वाभाविक हो। यस्तो प्रश्न गर्नु सरकारको आलोचना होइन, उसलाई सचेत तुल्याउने प्रयास मात्र हो। यदि संसद्लाई सम्प्रभू बनाउने निर्णयका पछाडि त्यसलाई सधैं जीवित राख्ने मनसाय छ भने त्यो धोका हो। होइन, पहिलो वार्ता पछि विघटन हुन्छ भने त्यो एकदमै राम्रो कुरा हो।

**साप्ताहिक : वार्ताकाल एकदमै जटिल हुन्छ भन्ने लाग्दैन ?**

**न्यौपाने** : हुँदैन, जटिल बनाउने मनसायले काम गरियो भने त्यो जटिल हुन्छ। सरल बनाउने र समस्याको सामाधान गर्न चाहने हो भने यो वार्ता सजिलै समाधानतर्फ उन्मुख हुन्छ। हामीले के भन्यौं भने वार्तालाई परिणाममा पुऱ्याउन अन्तरिम विधान तयार गरौं। त्यही अन्तरिम विधानका आधारमा अन्तरिम सरकार निर्माण गरौं। त्यसपछि नागरिक समाजसहित जनआन्दोलनका सहभागीसहितको अन्तरिम सरकार गठन गरौं। त्यसले संविधानसभाको निर्वाचन गर्छ। यसरी गरिएको संविधानसभाको निर्वाचनले जे परिणाम दिन्छ, त्यो हाम्रो पार्टीलगायत सबैले स्वीकार गरौं। यसमा कहाँ छ जटिलता ?

**साप्ताहिक : यसबाहेक अर्को उपाय तपाईंलाई मान्य हुँदैन ?**

**न्यौपाने** : यदि योभन्दा अर्को उपायले देशका सबै समस्या सामाधान हुन्छन् र जनताले त्यसलाई स्वीकार गर्छन् भने त्यस्तो विकल्पमा हामीले मेरो गोरुको बाऱ्है टक्का भनेका छैनौं। फेरि पनि कुनै पनि वर्ग, क्षेत्र, लिङ्ग र प्रदेशका मानिसले आफूलाई अन्याय पऱ्यो भनेर हतियार उठाउने अवस्था नआउने जुनसुकै पद्धतिमा पनि हामी जान तयार छौं, तर राम्रा कुराजतिलाई माओवादीले ल्याएको एजेन्डा हो भनेर नाक खुम्च्याउनु हुन्छ भने हाम्रो भन्नु केही छैन, नत्र हामीले दिएको मार्ग चित्रभन्दा अर्को कुन राम्रो चित्र छ ? हामी विनम्रताका साथ के भन्छौं भने यो हाम्रो दम्भ होइन। हामीले दिएको मार्गचित्रले देशका सबै समस्या एकैसाथ हल हुन्छन्। यसलाई माओवादीको मात्र एजेण्डा मानियो भने ठूलो गल्ती हुन्छ, संविधानसभाजस्तै। किनभने केही अघिसम्म संविधानसभाको नाम सुन्न नचाहने नेताहरूले पनि अहिले यो माओवादीको मात्र एजेन्डा होइन भनेर स्वीकार गरिसकेका छन्।

**साप्ताहिक : संविधानसभाको निर्वाचनमा कति समयमा हुनुपर्ला ?**

**न्यौपाने** : यति नै समयमा हुनुपर्छ भनेर डिमान्ड गर्ने हामी को हौं र ? यो त सबैको साझा एजेन्डा भैसकेको छ। यसमा त अरूलाई पनि छिटो गरौं भन्ने चिन्ता हुनुपर्ने हो। हाम्रो इच्छा छिटोभन्दा छिटो होस् ताकि दरबारले फेरि षड्यन्त्र गर्न नपाओस् भन्ने मात्र हो।

**साप्ताहिक : संविधानसभाले राजाको पक्षमा निर्णय गऱ्यो भने नि ?**

**न्यौपाने** : (हाँस्दै) अहिलेका जनताको चेतनालाई यति हलुका रूपमा लिन खोज्नु उनीहरूको अपमान गर्नु हो। यदि जनताको चेतनाले राजालाई नै मान्छ भने हामी जनताभन्दा विपरीत जान सक्दैनौं।

**–अश्विनी कोइराला**







# सबैको प्रिय बन्ने कला



संसारमा विभिन्न प्रकारका मानिस हुन्छन् । कोही धनी कोही गरिब । कोही पिरैपिरमा बाँच्छन्, कोही धेरैजसो समय सुखपूर्वक बिताउँछन् । जे-जस्तो भए पनि मानिस आफ्नो कर्ममा समर्पित भएर जीवन जीउने प्रयत्न गर्छ । जीवन जीउने क्रममा कोही सफल हुन्छन् त कोही असफल, कोही पशुतुल्य जीवन गुजारेर यो संसारबाट बिदा हुन्छन् । आखिर मानव भएर जन्म लिइसकेपछि हामीले सबैको हित चिताउनुपर्छ, सबैको भलो हुने कार्य गर्नुपर्छ ।

मानिसको स्वभावकै कारण उसका कैयौं शत्रु हुन्छन् । बैगुनीलाई गुनले मार्नुपर्छ भन्ने उखान नै सबैको प्रिय बन्ने उपाय हो । सबैको प्रिय बन्न चाहने हो भने केही कला अर्थात् आफूमा केही गुणको विकास गर्नुपर्छ ।

जस्तोसुकै पिर-चिन्ता परेको, समस्याहरूले जेलिएको व्यक्ति भए पनि ऊ निराशावादी र दुःखी मानिसको संगत गर्न चाहँदैन । त्यसैले सदा मुस्कुराउनुहोस् । सबै हँसिलो मुहार भएका व्यक्तिसँग नै मित्रता गाँस्न इच्छुक हुन्छन् । सहयोगी भावना मनमा राखेर आफन्तको होस् वा पराइ मानिसको दुःखमा साथ दिनुपर्छ । सहयोगी भावना भएका मानिसलाई दु ःख पर्दा सबैले साथ दिन्छन् ।

परिचित हुन् वा अपरिचित सबैसँग नम्रतापूर्वक, रोचक एवं स्पष्ट कुरा गर्नुहोस् । झूठ कदापि नबोल्नुहोस् । किनकि एउटा झूठले स्थापित सम्बन्ध पनि सदा-सदाका लागि अन्त्य गरिदिनसक्छ ।

यदि तपाईंमा रिसको मात्रा बढी छ भने त्यसलाई घटाउनेतर्फ ध्यान दिनुपर्छ । कहिल्यै आवेगमा आउनुहुँदैन । सामुन्नेको व्यक्ति रिसाए पनि आफू हँसिलो मुहारका साथ शान्त रहेको खण्डमा त्यसले फाइदा नै पुर्‍याउँछ । रिसाएको व्यक्तिसँग नरिसाई शान्त रहन सके त्यो व्यक्ति पछुताउनेछ र तपाईंलाई सम्मान र आदर गर्न थाल्नेछ ।

कुनै पनि व्यक्तिलाई भेट्दा उसलाई पनि बोल्ने मौका दिनुपर्छ । आफूमात्र एकोहोरो बोलिरहनुहुँदैन । मौका मिले कसैको प्रशंसा गर्न पनि चुक्नुहुँदैन तर अति प्रशंसा पनि गर्नुहुँदैन । मित्रता वा सम्बन्ध सुचारु राख्न चाहनुहुन्छ भने कहिल्यै उधारो लिने-दिने काम गर्नुहुँदैन । उधारो व्यवहार गर्ने, ठग्ने, आफ्ना नजिकका मानिसहरू हुन् वा अपरिचित अनावश्यक फाइदा लिन खोज्ने कार्य गरे सम्बन्धमा फाटो आउँछ ।

सधैं सफा र आकर्षक व्यक्तिका रूपमा प्रस्तुत हुनुपर्छ । सदा आफूलाई सुहाउने पहिरन लगाउनुपर्छ । मेकअप गर्ने चाहना भए सुहाउँदो किसिमबाट मेकअप गर्नुपर्छ नत्र तपाईं हेलाको पात्र बन्नुहुनेछ ।

समय र परिस्थिती हेरेर र व्यक्तिको चाहनालाई ध्यानमा राखेर उपहार लिनु-दिनुपर्छ । लिन सम्झने र दिन बिर्सने काम कदापि गर्नुहुँदैन बरु 'दिएर बिर्स तर लिएर कदापि नबिर्स' भन्ने भनाइ आफ्नो जीवनमा लागू गर्नुपर्छ ।

शत्रु होस् वा मित्र उसको कुभलो सोचेर कुनै कार्य नगर्नुहोस् । अरूको निन्दा, चियो-चर्चा नगर्नुहोस् किनकि अरूका बारेमा गरेको निन्दा, चियो-चर्चा विष बनेर आफैतिर फर्केर आउँछ । अरूप्रति सदा सकारात्मक सोचाइ राख्नुहोस् । त्यसले तपाईंलाई सदा सही पथमा हिंडाउँछ र शत्रुहरू पनि नजिकका मित्र हुन सक्छन् ।

सधैं नयाँ कुराहरू सिक्न तत्पर रहनुपर्छ । समयको महत्त्वलाई ध्यान दिंदै कार्यहरू गर्नुपर्छ । अमूल्य समय खेर फाल्नुहुँदैन । प्रगतिमा बाधा पुर्‍याउने लोभ, रिस-राग, इर्ष्या, डाहा आदि त्याग्नुपर्छ । सन्तोषम् परम् सुखम् भन्ने वाक्यलाई सदा सम्झिरहनुपर्छ । प्रगतिका लागि आफूभन्दा माथिका मान्छेको प्रगति हेर्नुपर्छ भने थोरै भए, चिन्ता भए आफूभन्दा कम स्तर भएकाहरूलाई हेरेर चित्त बुझाउनुपर्छ । नाम हुँदैमा, आर्थिकरूपमा सम्पन्न हुँदैमा खुसी नहुन सकिन्छ त्यसैले खुसी हुन सिक्नुपर्छ ।

कुराकानी गर्दा जहिले पनि सम्बन्धित व्यक्तिलाई हेरेर कुरा गर्नुपर्छ । यसले आत्मविश्वास बढ्छ र कुरा सुन्नेले पनि ध्यान दिएर सुन्छ ।

सधैं आफूलाई ताजा राख्नुपर्छ । अल्छी तथा हरपल थाकेको जस्तो मानिसलाई कसैले पनि मन पराउँदैनन् । हतास, चिन्तित, निराशावादी भएको आभास अरूलाई गराउनुभयो भने प्रिय बनाउन त के तपाईंसँग कोही पनि सङ्गत गर्न चाहँदैनन् । संसारमा जन्म लिएपछि आफ्नो राम्रो होस्, मेरो सबैले भलो गरुन्, म सबैको प्यारो हुन सकुँ भन्ने चाहने हो भने मानिसले आफूलाई जस्तो व्यवहार मनपर्छ अरूलाई पनि त्यस्तै व्यवहार गर्नुपर्छ । अरूसँग व्यवहार गर्दा सदा दार्शनिक कन्फुसियसको महानवाणी- जुनकुरा तिमी स्वयंलाई मन पर्दैन त्यो कुरा अरूसँग पनि नगर, लाई सम्झनुपर्छ ।

–माधव पौडेल

## अवसर

– काठमाडौंस्थित एक विद्यालयका लागि प्राथमिक तथा पूर्व प्राथमिक तहमा गणित तथा अंग्रेजी विषय अध्यापन गराउने शिक्षिका तथा एक जना नेपाली शिक्षकको आवश्यकता छ । योग्य व्यक्तिले फोन नं ४४७८१२२ मा सम्पर्क राख्नुहोला ।

–ललितपुरस्थित एक ट्राभल एजेन्सीका लागि दुई जना अन्तर्राष्ट्रिय टिकेटिङ म्यानेजर, तीन जना टिकेटिङ सुपर भाइजर, दुई जना महिला एकाउन्टेन्ट, दुई जना रिसेप्सनिस्ट, दुई जना रिसेप्सनिस्ट तथा दुई जना एकाउन्ट असिस्टेन्टको आवश्यकता छ । योग्य व्यक्तिले फोन नं. ५५५१९७३ मा सम्पर्क राख्नुहोला ।

– सामाखुसी, काठमाडौंस्थित एक बैंकका लागि केही रिसेप्सनिस्ट/सेक्रेटरी तथा केही मार्केटिङ अफिसरको आवश्यकता छ । योग्य व्यक्तिले फोन नं. ४३८२७६३ मा सम्पर्क राख्नुहोला ।

– सिमभञ्ज्याङ, मकवानपुरस्थित एक माध्यमिक विद्यालयका विज्ञान शिक्षकको आवश्यकता छ । योग्य व्यक्तिले ४७८१९८० मा सम्पर्क राख्नुहोला ।

– काठमाडौंस्थित एक संस्थाका लागि दुई-दुई जना मार्केटिङ मार्केटिङ अफिसर, को-अर्डिनेटर तथा पब्लिक रिलेसन अफिसरको आवश्यकता छ । प्रमाणपत्र तह उत्तिर्ण गरेका व्यक्तिले फोन नं. २००४३२९ मा सम्पर्क राख्नुहोला ।

– बौद्ध, काठमाडौंस्थित एक विद्यालयका लागि एक-एक जना गणित, अंग्रेजी, संगीत तथा नृत्यका शिक्षकहरूको आवश्यकता छ । योग्य व्यक्तिले फोन नं. ४४८६०८४ मा सम्पर्क राख्नुहोला ।

– काठमाडौंस्थित एक विद्यालयका लागि प्राथमिक तहका गणित तथा विज्ञान र निम्न माध्यमिक तहको अंग्रेजी शिक्षकको आवश्यकता छ । योग्य व्यक्तिले फोन नं. ४२७९३७५ मा सम्पर्क राख्नुहोला ।

– पुतलीसडक, काठमाडौंस्थित एक को-अपरेटिभ संस्थाका लागि केही मार्केटिङ अफिसरको आवश्यकता छ । एस.एल.सी. उत्तीर्ण व्यक्तिले फोन नं. ४४३०९५९ मा सम्पर्क राख्नुहोला ।



## जिज्ञासा

•सुदन झा, कम्प्युटर कन्सल्टेन्ट

**प्रश्न : अजाक्स भनेको के हो ?**
**–रमेस (इमेलबाट)**

उत्तर : आजभोलि नयाँ वेब सफ्टवेयरहरूबीच एक-आपसमा स्तरीय सुविधा दिन एक प्रकारले होड नै चलेको छ। जहाजको उडान तालिका, स्टक मूल्यको परिवर्तन र ई-मेल जाँच्न तथा अनलाइन तस्बिरको व्यवस्थापनका लागि सकेसम्म राम्रो एवं भरपर्दो सेवा दिन तथा थप आकर्षण दिन दिनानुदिन नयाँ भर्जन आउन थालेका छन्। हाल थप सफटवेयर इन्स्टल गर्न र कम्प्युटरमा आफना डाटाहरूलाई सारिरहने झन्झट बेहोर्नुपर्दैन, संसारको कुनै पनि कुनाबाट प्रयोगकर्ताले आफना गोप्य डाटाहरू हेर्न र व्यवस्थित गर्न सक्छन्। अजाक्स प्रविधिले यस्ता वेब सफ्टवेयर निर्माताबीचमा चर्को प्रतिस्पर्धा ल्याएको छ। यो प्रविधिमा वर्ड, शब्दकोश, जस्ता अत्यावश्यक टुलहरू समावेश गरिनाले माइक्रोसफ्टका अफिस सुट जस्तै वर्ड प्रोसेसिङ, स्प्रिडसिट, इमेल र अन्य एप्लिकेसनहरूको आयु घट्ने हो कि भन्ने आशंका गर्न थालिएको छ। यति मात्र होइन, अजाक्सको परीक्षण स्वरूप याहु मेल, हटमेल आदिले यही प्रविधि अपनाउँदै छ। यसमा कुनै सन्देशलाई पढ्नुपर्‍यो भने अर्को पेज ब्राउज गरिरहनुपर्दैन, यसमा पहिल्यै सन्देशको विषय र अरू जानकारीहरू समावेश भैसकेका हुन्छन्। त्यस्तै यो प्रविधिलाई गुगलले आफनो अनलाइन म्यापिङ गुगल अर्थका लागि प्रयोग गरेको छ। यसमा अजाक्स स्लाइडरले कुनै तस्बिरलाई तुरुन्तै जुम गरेर हेर्न सकिन्छ। त्यस्तै याहुले आफ्नो अन्य उडान तालिका तथा यात्रा समयसम्बन्धी सेवाहरूलाई पनि अजाक्स औजारको सहायताले विकास गरिरहेको छ।

## नयाँ सफ्टवेयर

डाटा एनालाइसिस एन्ड सफ्टवेयर सोलुसन प्राइभेट लिमिटेडले 'टु कन्ट्रोल सफ्टवेयर एप्लिकेसन' सार्वजनिक गरेको छ। सबैका लागि सम्पूर्ण सफ्टवुयर सोलुसन उपलब्ध गराएबापत उक्त कम्पनीलाई आइएसओ–९००१:२००० सर्टिफिकेट प्रदान गरिएको छ। नेपाली उद्यम तथा व्यवसायको सूचना प्रविधिबाट विकास गरी दक्षता एवं उत्पादकत्व बढाउन यो सफ्टवेयर सार्वजनिक गरिएको कम्पनीले जनाएको छ। यो सफ्टवेयर ट्राभल्स एवं टुर अपरेटरहरूका लागि लक्षित छ।

# चौथो राष्ट्रिय सूचना तथा प्रविधि सम्मेलन

**साप्ताहिक समाचार**

काठमाडौं– 'राष्ट्र विकासका निम्ति सूचना प्रविधि' भन्ने नाराका साथ नेपाल कलेज अफ इन्फरमेसन टेक्नोलोजी (एनसीआईटी) कलेजले भोलि शनिबार सूचना तथा सञ्चार प्रविधि सम्मेलन आयोजना गर्ने भएको छ। विकासको इन्जिनका रूपमा सूचना तथा सञ्चार प्रविधिले उल्लेख्य भूमिका खेल्न सक्ने पुष्टि हुँदै गएको अवस्थामा दक्ष जनशक्तिको उत्पादनका लागि सम्मेलन आयोजना गरिएको आयोजकले बताएका छन्।

मुलुकको अर्थतन्त्रका सबै क्षेत्र खस्कँदो अवस्थामा रहे पनि सूचना तथा सञ्चार प्रविधि (आईसीटी) को क्षेत्रमा हाल पनि १० प्रतिशतको वृद्धिदर कायम रहनुले नेपालले यो क्षेत्रलाई माध्यम बनाएर आर्थिक प्रगति गर्न सक्ने विश्लेषकहरू बताउँछन्। छिमेकी मुलुकलगायत अन्य राष्ट्रहरूले यो क्षेत्रलाई उपयोग गरेर समग्र विकासलाई अग्रता दिन सफल भए पनि विश्व सूचना तथा प्रविधिको धरातलीय अनुपातमा नेपाल अझै धेरै पछाडि छ। सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा हाम्रो यात्रा सही भए पनि यसलाई व्यावसायिक रूप दिन सोचेजस्तो सफलता पाइएको छैन भन्दै सम्मेलन आयोजक नेपाल कलेज अफ इन्फरमेसन टेक्नोलोजी (एनसीआईटी) का प्रिन्सिपल राजेन्द्र अधिकारी भन्छन्- 'मुलुकको भविष्य हाँक्ने उत्पादित शैक्षिक जनशक्तिलाई यस प्रकारको सम्मेलनले अवधारणा, सक्षमता र आत्मविश्वासका व्यावहारिक पक्षबारे परिचित गराउँछ। नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकासको गति बढ्दै गएकाले यस्ता सम्मेलनमार्फत धेरै विचारको प्रतिनिधित्व गरेर अघि बढ्न सकिन्छ। आपसमा हुने अन्तर्क्रियाले विद्यार्थीको मनोबलमा पनि आत्मविश्वास जगाउँछ। एनआईटीसीले तीन वर्षयता लगातार वार्षिक रूपमा सम्मेलन आयोजना गर्दै आएको छ। सम्मेलनमा मुलुकभरका आईटी कलेजका विद्यार्थीहरूले आ-आफ्ना गतिविधि तथा प्रोजेक्ट वर्कहरू प्रस्तुत गर्दै आएका छन्।

राष्ट्रिय स्तरमा विधार्थीहरूलाई समेटेर आयोजना गरिने सूचना तथा प्रविधिको यो सम्मेलनमा यस क्षेत्रमा भएका र गरिएका शोध तथा



कार्यपत्रहरू प्रस्तुत गरिनेछन्। उक्त सम्मेलनमा करिब ३० कार्यपत्र प्रस्तुत गरिनेछ। अधिकारीका अनुसार नेपालको हालको उच्च शिक्षाको स्थिति विदेशी विश्वविद्यालयभन्दा कुनै पनि हिसाबले कम छैन। विद्यार्थीमा अवधारणा र आत्मविश्वासको कमी छ। सम्मेलनको माध्यमबाट सैद्धान्तिक अध्ययनमा कमी हुने अवधारणा, सक्षमता र आत्मविश्वासजस्ता विषयमा विद्यार्थीले आफूलाई बलियो बनाउनेछन्।

तीन वर्षयता लगातार रूपमा भैरहेको यो सम्मेलनमा छिमेकी मुलुक भारतका विश्वविद्यालयहरूले पनि सहभागिता जनाउँदै आएका छन्। यस पटकको सम्मेलनमा पनि भारतको सिक्किम मणिपाल कलेजले सहभागिता जनाउनेछ। अधिकारीका अनुसार आगामी वर्षदेखि दक्षिण एसियाली स्तरको सम्मेलनमा परिणत गर्ने योजना पनि बनाइएको छ। विषयगत विशेषज्ञहरूको सहभागितालाई पनि सम्मेलनले जोड दिँदै आएको छ। पहिलो सम्मेलनमा आन्तरिक रूपमा २१ वटा कार्यपत्र मात्र प्रस्तुत भएकोमा हाल आएर अन्तर्राष्ट्रिय स्तरमा ख्याति पाएका विज्ञहरूलाई पनि सहभागी गराइने अधिकारीले बताए। एकदिने उक्त सम्मेलनमा कोरियाका किमले विद्युतीय शासनबारे कार्यपत्र प्रस्तुत गर्नेछन्। यसैगरी औद्योगिक क्षेत्र र अध्ययन प्रतिष्ठानबीच समन्वय विषयमा राजेश शाक्यको विशेष प्रस्तुति रहनेछ। अन्य कार्यपत्रलाई विद्यार्थीवर्गको हैसियतमा राखिनेछन्। यसमा विभिन्न आईसीटी कलेजका प्राध्यापक तथा विद्यार्थीका कार्यपत्र छनौट गरिएको छ।

सम्मेलनका संयोजक अरुण तिमिल्सिना भन्छन्– 'नेपालको हालको स्थिति भनेको सूचना तथा प्रविधिको क्षेत्रलाई उकास्नु हो।' यो उद्देश्य त्यति बेला मात्रै पूरा हुन्छ जतिबेला यससँग सम्बन्धित विद्यार्थीहरूको कार्यदक्षतामा निखार आउँछ। सम्मेलनमा प्रस्तुत हुने कार्यपत्रमध्ये तीनवटालाई 'वेस्ट एवार्ड' पनि दिईनेछ।

# ग्रामीण क्षेत्रमा सूचना प्रविधिको पहुँच

**साप्ताहिक समाचार**

काठमाडौं– ग्रामीण क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउने उद्देश्यले स्थापना भएको नेपाल सूचना प्रविधि मञ्च नेपाल (फिट नेपाल) ले उपत्यकावरिपरि रहेका ग्रामीण सूचना केन्द्रका सदस्यहरूलाई सूचना तथा सञ्चार प्रविधि व्यापक उपयोगका लागि २ दिने तालिम उपलब्ध गराएको छ।

उक्त तालिममा १० ग्रामीण सूचना केन्द्रका प्रतिनिधिहरूले ग्रामीण सूचना केन्द्र (टेलिसेन्टर) लाई प्रभावकारी सञ्चालनका लागि विभिन्न विषयमा तालिम उपलब्ध गराइएको छ। टेलिसेन्टरको स्थापनाले स्थानीय स्तरमा ज्ञानको खेती गर्छ भन्दै फिट नेपालका अध्यक्ष एलेन वैलोचन तुलाधरले कार्यक्रमका बारेमा जानकारी दिँदै भने- अन्य क्षेत्रमा भएका प्रगति विवरण लिन र आफ्ना गतिविधिलाई पनि जानकारी दिन टेलिसेन्टरको अवधारणा प्रभावकारी हुनेछ।

टेलिसेन्टरको अवधारणालाई प्रभावकारी बनाउनका लागि फिट नेपालले वन वर्ल्ड साउथ एसियाको सहयोगमा रेडियो कार्यक्रम 'एक संसार एक आवाज' पनि सञ्चालन गर्दै आएको छ। यो कार्यक्रमले टेलिसेन्टरको कार्यक्षमतामा वृद्धि गर्ने आशा लिएका छौं भन्दै फिट नेपालकी सचिव सुनयना पाण्डेले भनिन्- उपत्यकाका एफएमबाट कार्यक्रम सुरु गरिए पनि चाँडै नै मोफसलका एफएम स्टेसनबाट पनि कार्यक्रम सञ्चालन हुनेछ।

दुईदिने तालिमको अवसरमा सहभागीहरूलाई स्थानीय स्तरबाट समाचार संकलन गर्ने, आफ्ना गतिविधिहरूलाई प्रस्तुति गर्ने, रुचिपूर्ण रेडियो कार्यक्रम बनाउनेलगायतका विषयमा तालिम दिइएको थियो। सहभागी प्रतिनिधिहरूले पनि उत्साहपूर्ण ढङ्गले आफ्ना 'प्रोजेक्ट वर्क' प्रस्तुत गरेको तुलाधरले बताए।

सहश्राब्दी लक्ष्यअनुरूप नेपाललाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा बलियो रूपमा प्रस्तुत गर्न गाउँ-गाउँमा टेलिसेन्टर स्थापना गरिनुपर्ने विज्ञहरूले बताउँदै आएका छन्। सरकारले दसौं पञ्चवर्षीय योजनाअनुरूप मुलुकभर १ हजार ५ सय टेलिसेन्टर स्थापना गर्ने भने पनि योजनाको अन्त्यसम्म २ सय १३ वटा टेलिसेन्टर मात्र स्थापना गरिएका छन्, जसमध्ये एक चौथाइ सञ्चालनमा पनि छैनन्।

हामीले पनि स्थापित टेलिसेन्टरलाई स्वाबलम्बी बनाउँदै सञ्चालन गर्नेबारेमा सहभागीहरूलाई विभिन्न विज्ञसँग छलफल गराएका छौं भन्दै तुलाधर भन्छन्– यस पटकको तालिममा हुलाक रेमिटेन्स, नेपाली भाषामा कम्प्युटिङ, नेपाली ई हाट बजार, लघुकोष, विकासमा लक्षित रेडियो कार्यक्रममा विशेष जोड दिइएको थियो।

## साप्ताहिक डट कम

### आयुर्वेदसम्बन्धी वेबसाइट

आयुर्वेदसम्बन्धी विस्तृत जानकारी दिन आयुर्वेदका विद्यार्थीहरूले डब्लुडब्लुडब्लु डट आयुरनेपाल डटकम नामक वेबसाइट सञ्चालनमा ल्याएका छन्। त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गतको आयुर्वेद क्याम्पसमा बीएएमएस अध्ययनरत विद्यार्थीहरूले उक्त वेबसाइट सञ्चालनमा ल्याएका हुन। त्यसमा आयुर्वेदको मौलिक सिद्धान्त, नेपालमा आयुर्वेदको वर्तमान स्थिति, आयुर्वेदका बारेमा सरकारको योजना तथा रणनीति, आयुर्वेदमा अनुसन्धान, पञ्चकर्म, योग तथा ध्यान, रसौषधि तथा वनौषधि, सौन्दर्य विचार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आयुर्वेद संघसंस्थाको जानकारी, आयुर्वेद चिकित्सकहरूको व्यक्तिगत विवरणजस्ता विषय समेटिएको छ।

## आईटी समाचार

### नयाँ वर्म

एप्पल कम्प्युटर कम्पनीको म्याकन्तोस कम्प्युटरलाई लक्ष्य बनाउने नयाँ कम्प्युटर वर्म पत्ता लागेको छ। नयाँ वर्म 'OSX.Inqttanaa.A' नामको छ। एन्टी भाइरस कम्पनी सिमेन्टेकका अनुसार ब्लुटुथ वायरलेस कनेक्सनद्वारा यो वर्म एप्पलको अपरेटिङ सिस्टममा सर्छ।

### सानो र शक्तिशाली

कम्प्युटरमा प्रयोग गरिने चिप्सको तीन भाग कम चौडाइको सिलिकन बेफरमा सर्किट अङ्कित गर्न सफलता प्राप्त भएको आईबीएमका अनुसन्धानकर्ताले दिएका छन। नयाँ पद्धतिबाट सानो र उच्च क्षमताको चिप बनाउनमा सहयोग पुग्नेछ। आईबीएमका अनुसार नयाँ उत्पादन पद्धतिबाट मुरेको नियम परिष्कृत हुनेछ। सन् १९६० को दशकमा इन्टेलका संस्थापक गोर्डन मुरेले चिपमा ट्रान्जिस्टरहरूको संख्या र तिनको प्रसोधन क्षमताको व्याख्या गरेका थिए। त्यसबेलादेखि मुरेको सिद्धान्त चिप निर्माणमा मार्गदर्शक रहेको छ। वैज्ञानिकहरूले डिप-अल्ट्राभाइलेट अप्टिकल लिथोग्राफी पद्धति प्रयोग गरी २९ दशमलव ९ नानोमिटर चौडाइको सिलिकन बेफरमा सर्किट अङ्कित गर्ने काममा सफलता पाएका हुन्। एक नानोमिटर एक मिटरको एक अर्ब गुणा सानो भाग हुन्छ।

### पोर्टेबल म्युजिक प्लेयर

एप्पलको आइपडसँग प्रतिस्पर्धा गर्न सामसुङ कम्पनीले नयाँ पोर्टेबल म्युजिक प्लेयर बजारमा ल्याएको छ। सामसुङले आफ्नो नयाँ एमपी ३ प्लेयरको नाम वाइपी-जेड फाइभ राखेको छ। अमेरिकी र युरोपेली बजारमा बजारमा उपलब्ध उक्त क्यासेट प्लेयर एसियामा चाँडै उपलब्ध गराइनेछ। एप्पलको नयाँ आइपोड नानोलाई चुनौती दिन सामसुङले वाइपी- जेड ५ को मूल्य १ सय ९९ देखि २ सय ४९ डलरसम्म राखेको छ। एप्पलको नानो आइपडको मूल्य १ सय ४९ देखि २ सय ४९ डलरसम्म छ।

### नयाँ मल्टिमिडिया प्लेयर

जापानको कम्प्युटर कम्पनी नेकले उत्पादन गरेको नयाँ मल्टिमिडिया प्लेयर भीटीएलमा ३० जीबीको हार्डडिस्क र २ दशमलव ७ इन्चको एलसीडी मोनिटर जडान गरिएको छ। त्यसमा एमपीईजी २ एमपीईजी ४ तथा डब्लुएमभी ९ भिडियो हेर्न मिल्छ। यसको प्रारम्भिक मूल्य ३ सय ४० अमेरिकी डलर छ।

BRITISH ARMY ब्रिटिश आर्मी BRITISH ARMY




Criteria :
Edu : SLC min. 3rd div. or its equivalent overseas qualification
Age : 17.5 - 21 Years
Citizen: Nepali out of Valley

British Gurkha Army तथा Gurkha Contigent Singapore Police Force मा भर्ना हुन चाहनेहरुका लागि गत वर्ष Intake -05 मा उत्कृष्ट नतिजा ल्याउन सफल यस स्वीकृती प्राप्त Organization मा यस वर्ष पनि Intake 06/07 को लागि Ex.British Army तथा Experienced PTI द्वारा नयाँ परिवर्तित नियमानुसार Preparation Training Camp (Physical and Education) सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले सिमित सिटका लागि तुरुन्त सम्पर्क राख्नुहोला ।

जानकारी: यस वर्षको भर्ति छनोट Camp गत वर्षभन्दा धेरै छिटो भएको जानकारी गराइन्छ, साथै अभिभावकहरुको विशेष अनुरोधमा हाम्रो शाखा कार्यालय ललितपुरमा स्थापना गरिएको जानकारी गराईन्छ ।

Regd No. 29298
PRE GORKHA ARMY & SPORT DEVELOP TRAINING ORGANIZATION
GORKHA AXN Pvt. Ltd.
For online information www.gorkhaaxn.com

Head Office: Ex-British Army Multipurpose Sports Hall, Tokha Road, Near Manohar College, Samakhushi, Kathmandu Phone: 014352274
Branch Office: Mayagdi Magar Samaj Hall, Nakhu, Bagdol, Lalitpur, Phone: 012171769
Promoted by: Ex. British Army & Sports Develop Group

यौन विज्ञान

## कोलेस्ट्रोलको औषधी र यौन असक्षमता

भियाग्राको प्रयोगबाट पनि यौन असक्षमतामा कमी आउन नसकेका मानिसहरूमा कोलेस्ट्रोल घटाउने औषधीले राम्रो काम गरेको पाइएको छ। फिलाडेल्फियाको युनिभर्सिटी अफ पेन्सिल्भिनियाका होवार्ड सी हर्मन तथा उनका साथीहरूले गरेको अध्ययनबाट उक्त तथ्य पत्ता लागेको हो। उनीहरूले १२ जना त्यस्ता यौन असक्षम मानिसहरूमा १२ सातासम्म उक्त प्रयोग गरेका थिए। उनीहरूले भियाग्राका साथै कोलेस्ट्रोल घटाउने लिपिटोर नामक औषधी प्रयोग गरेका थिए। यी दुईको प्रयोगबाट यौन असक्षमतामा कमी आउनुका साथै कोलेस्ट्रोलको मात्रामा पनि ४३ प्रतिशतले कमी आएको पाइयो।

स्वास्थ्य समाचार

## मुटुका लागि फाइदा



अनुसन्धानकर्ताहरूले क्लोनिङ गरी जन्माइएको सुँगुरमा पाइने ओमेगा-३ नामक बोसो मानव मुटुका लागि निकै फाइदाजनक रहेको दावी गरेका छन्। ओमेगा-३ विशेष गरी माछाको कलेजोमा पाइन्छ। पिट्सबर्ग चिकित्सा विश्वविद्यालयका वैज्ञानिक इफान दाइको नेतृत्वमा रहेको अनुसन्धान टोलीले सुँगुरका भ्रूणमा प्रयोगशालामा विशेष सतर्कतासाथ तयार पारिएको कायोनोहर्याब्डिटिस एलेग्यान्स नामक जीवको फ्याट-१ नाम दिइएको अनुवंश (जिन) प्रत्यारोपण गरेको थियो। फ्याट-१ ले सिद्धान्तः ओमेगा-६ बोसोलाई आमेगा-३ मा परिणत गर्छ।

## घुराइको उपचार

तपाईं सुत्दा घुर्ने साथीदेखि दिक्क हुनुहुन्छ ? हुनुहुन्छ भने ढुक्क हुनुहोस् अस्ट्रेलियाको डिजरिक नामक वाद्ययन्त्रबाट घुर्ने समस्याको अचुक समाधान हुने भएको छ। स्विट्जरल्यान्डका अनुसन्धानकर्ताहरूले २५ जना घुर्ने बिरामीमाथि गरेको एक अध्ययनपछि घुर्ने र स्लिप अप्नोई सिन्ड्रोमको खास कारण सामान्य निद्रा असन्तुलन भएको बताएका छन्। परम्परागत रूपमा रूखको जराबाट बनाइने करिब १ दशमलव ५ मिटर लामो उक्त उत्तरी अस्ट्रेलियाली वाद्ययन्त्र दैनिक रूपमा फुक्नाले बिरामीहरूको दिउँसो निद्रा लाग्ने र घुर्ने बानीमा अपेक्षाकृत सुधार आएको पाइएको छ।

# साठी प्रतिशत स्थानीय जात लोपोन्मुख

**साप्ताहिक समाचार**

काठमाडौं-लामो समयदेखि नेपाली माटो र किसानबीच रहेका हजारौं स्थानीय जातहरूमध्ये ६० प्रतिशतभन्दा बढी लोपोन्मुख अवस्थामा पुगेकाले त्यसको बचाउका लागि तत्काल कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क), जैविक विविधता अनुसन्धान तथा विकासका लागि पहल (लिबर्ड) र अन्तर्राष्ट्रिय आनुवंशिक अनुसन्धान संस्था (इप्री) को संयुक्त पहलमा बारा र कास्कीमा सात वर्षसम्म गरिएको 'यथास्थान कृषि जैविक विविधता संरक्षण' अध्ययनपछि उक्त आवश्यकता देखिएको हो।

बाराको कर्चोवा र कास्कीको लेखनाथ नगरपालिका तथा रूपाकोट गाविसमा खेती गरिएकामध्ये अधिकांश



बाली थोरै किसानले सानो क्षेत्रफलमा मात्रै लगाइरहेकाले ती बालीहरू संकटोन्मुख छन्। नेपालमा यस्ता बालीको लामो समयसम्म बचाउका लागि आवश्यक पर्ने जिनबैंक नभएकाले अहिले नेपालका ५७ जिल्लामा १ हजार ८ सयभन्दा बढी धानका जात फिलिपिन्सस्थित अन्तर्राष्ट्रिय धानबाली अनुसन्धान संस्था (इरी) मा लगेर राख्नुपरेको छ।

पाँच-छ वर्षसम्मका लागि मात्र नार्कको खुमलटारमा १० हजार ७ सय ३६ प्रजातिका स्थानीय बीउ राखिएको छ। जिनबैंक स्थापना गर्न सकिएको भए यस्ता प्रजातिलाई कम तापक्रम, तरल नाइट्रोजन आदिको प्रयोग गरी लामो समयसम्म सुरक्षितसाथ राख्न सकिन्थ्यो। अध्ययनले बारामा रहेका धानका ३७ वटा प्रजातिमध्ये दुधिसरो, गुथानी, सोकन, सारो (भदैया), आगा, अनदी, खेरा, बाथीलगायतका दुई दर्जन तथा बेगनासमा आगा, टुँडे, ठूलो मधिसे, सेतो घैया, कालो झिनुवा, पाखे जर्नेली आदि चार दर्जन स्थानीय जातका धान लोपोन्मुख अवस्थामा पुगेको देखाएको छ।

ठूलो क्षेत्रफल तथा धेरै किसानदेखि कम क्षेत्रफल र थोरै किसानसम्म गरी ६ थरी समूहमा गरिएको सो अध्ययनबाट दुई-चारवटा जात मात्रै किसानले व्यापक रूपमा प्रयोग गरेको पाइएको छ।

वनस्पति विज्ञान

## क्यान्सर निको हुने रसायन यार्सागुम्बामा

बहुचर्चित च्याउको एक प्रजाति यार्सागुम्बामा क्यान्सर निको हुने रसायन भेटिएको छ। अमेरिका, जापान, कोरिया र चीनमा गरिएको अनुसन्धानका क्रममा यार्सागुम्बाको रसायनमा क्यान्सर रोग निवारण गर्ने शक्तिशाली पदार्थ पाइएको हो। यार्सागुम्बाको सेवन गराउँदा मुसामा भएको क्यान्सरसमेत निको भएपछि मानिसमा पनि यसले सकारात्मक असर पार्ने सम्भावना वैज्ञानिकले देखेका छन्। यार्सागुम्बालाई मानव उपचारमा औषधीका रूपमा प्रयोग गर्न अहिले विश्वमै यसको रसायनको व्यापक अनुसन्धान भैरहेको छ। विश्वमा यार्सागुम्बाका ३ सयभन्दा बढी प्रजातिका भेटिए पनि नेपालमा भने १० प्रजाति मात्र पहिचान गरिएको छ।

अन्तरिक्ष समाचार

## ब्ल्याक होलका लागि

ब्रह्माण्डको एक आकाशगंगामा खगोलशास्त्रीहरूले पत्ता लगाएको एक ब्ल्याक होलमा प्रतिघन्टा पौने २ लाख किलोमिटरको वेगले यात्रा गरे पनि लगभग २ लाख वर्ष लाग्ने वैज्ञानिकहरूले बताएका छन्। रोचेस्टर इन्स्टिच्युट अफ टेक्नोलोजीका खगोलशास्त्री काम्बिज फाठीको नेतृत्वमा एक अन्तर्राष्ट्रिय समूहले एनजीसी १०९७ नामक सो आकाशगंगामा रहेको उक्त ब्ल्याक होलको विगतमा भन्दा १० गुणा बढी नजिकबाट अध्ययन गरेको थियो। ब्ल्याकहोल आन्तरिक ऊर्जा समाप्त भै चम्कन छाडेका अत्यन्त विशाल ताराहरू हुन्। ब्ल्याक होलको गुरुत्वाकर्षण शक्ति बढी हुने हुँदा यसबाट प्रकाशसम्म पनि परावर्तन नहुने हुनाले यसलाई प्रत्यक्ष रूपमा देख्न सकिँदैन।

# वनस्पतिको तिर्खामा ऱ्हास

वायुमण्डलमा कार्बन डाईअक्साइडको बढ्दो परिमाणले बोटबिरुवा, रूख तथा बुट्यानहरूलाई कम तिर्खालु बनाइरहेको छ। यसले गर्दा जमिनबाट नदीमा मिसिन आउने पानीको प्रवाह बाढीमा परिणत हुने जोखिममा वृद्धि भएको दावी बेलायती वैज्ञानिकहरूले गरेका छन्। एक प्रतिवेदनअनुसार गएको शताब्दीमा विश्वका ठूला नदीहरूमा पानीको प्रवाह चार प्रतिशतले वृद्धि भएको छ भने विश्वको औसत तापक्रममा एक डिग्री सेल्सियसले वृद्धि भएको छ। सिंचाइ, उद्योग तथा सहरहरूमा उपभोगका लागि नदीहरूबाट पानी बढीभन्दा बढी झिकिँदै छ, तर वर्षाको परिमाणमा भने थोरै मात्र परिवर्तन हुनुलाई विरोधाभास बताइएको छ।

कार्बन डाइअक्साइडको उच्च परिणामका कारण वनस्पतिले आफ्ना पातहरूबाट फाल्ने पानीका कणहरूमा पानीको मात्रा घट्दै गएको उल्लेख उक्त प्रतिवेदनले गरेको छ। वायुमण्डलमा कम कार्बन डाईअक्साइडको उपस्थिति हुँदा वनस्पतिहरूले आफ्ना जराका माध्यमबाट माटोमा रहेको पानी बढी



सोस्ने र पातहरूबाट फाल्ने पानीयुक्त वायुको मात्रा पनि बढाउने तथ्य विगतका अनुसन्धानहरूले स्थापित गरिसकेको छ। यसका विपरीत, वायुमण्डलमा कार्बन डाईअक्साइडको उच्च उपस्थितिले वनस्पतिलाई माटोको आद्रता प्रयोग गर्न बढी सक्षम बनाउँछ भने उनीहरूले आफ्नो पातको पानी फाल्ने अङ्ग स्टोमातालाई बढी कस्छन् र लामो समयसम्म खोल्दैनन् र त्यहाँबाट कम पानी उत्सर्जन हुन्छ।

परिणामस्वरूप वनस्पतिमार्फत पानीका कणहरू वायुमण्डलमा उत्सर्जित नभै पानीको परिणाम माटोमै रहने भएकाले नदीतर्फ त्यसको प्रवाहमा वृद्धि हुन्छ। विश्वको ठूला नदीहरू तथा भू-प्रयोगको कम्प्युटर विश्लेषणले वनस्पतिहरूको तिर्खामा आएको कमी जमिनमुनिको पानी नदीमा मिसिने क्रममा आएको वृद्धिका लागि निकै जिम्मेवार रहेको देखाएको छ, जसले विश्व जलचक्रमा आएको यस्तो परिवर्तनका कारक पक्ष के हो भन्ने महत्त्वपूर्ण प्रश्नको उत्तर दिएको छ। वैज्ञानिकहरूले विश्व ऊष्णीकरणका कारण विश्वको जलभण्डारमा ठूलो प्रभाव पर्ने चेतावनी लामो समयदेखि दिँदै आएका छन्। वैज्ञानिक अध्ययनअनुसार वर्षा तथा हिमपातमा आएको परवर्तन तथा हिमखण्डहरूको पग्लाइले विश्वका केही क्षेत्रमा बाढीको समस्यामा वृद्धि गर्नेछ भने केही क्षेत्रमा खडेरीको समस्यालाई तीव्रता दिनेछ। नयाँ अध्ययनले यस सम्बन्धमा थप महत्त्वपूर्ण तथ्य जोडेको छ।

कार्बन डाईअक्साइड बढ्ने क्रम जारी नै रहँदा नदीमा पानी मिसिने क्रममा पनि वृद्धि हुने भएकाले कम वर्षा हुने स्थानहरूमा नदीको पानीमा कमी आउने विषयमा गरिएको चिन्तालाई थोरै मात्रामा भए पनि समाधान गरेको छ भने नदीमा बढी पानीको प्रवाहका कारण बाढी आउने चिन्तालाई भने बढाइदिएको छ।

संगीत

संगीत
Kathmandu University

निःशुल्क
Private Test
Tel: 9803028532, 4-472060
Siddhartha Institute, Chabahil

Special Offer
Rs. 1000/-
Basic Computer
Rs. 1500/-
Graphic Designing
Web Designing

SLC/+2 फेल No चिन्ता
प्राइभेट SLC
Himalayan Open School
Old Baneshwor, 4476685

प्राईभेट SLC टेष्ट २०६३
१००% ग्यारेन्टीका साथ निःशुल्क भर्ना
✦ SLC, Test वा कक्षा ९ मा फेल भएर निराश भएका र कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका साथै स्कूल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेहरुका लागि
✦ माध्यमः नेपाली/अंग्रेजी दुवै ✦ कक्षा समयः बिहान, दिउसो र बेलुकी ✦ दक्ष एवं अनुभवी शिक्षक/शिक्षिकाद्वारा पढाइन्छ र कमजोरका लागि विशेष व्यवस्था छ। ✦ साथै होस्टेलको राम्रो व्यवस्था छ।
✦ गत वर्ष ३ जना First Division सहित शतप्रतिशत पास।

Prabesh Rai (68%) Suren Shrestha (66%) Sangita Khadka (63%)
तपाई पनि आजै भर्ना भई ढुक्क हुनुहोस्।
सम्पर्कः SAMJHANA ACADEMY
अद्वैत मार्ग, महेन्द्र पुलिस क्लब ठीक पछाडी
फोनः ०१-४२४६३९७

## फिल्मी खबर



– मदन घिमिरेद्वारा निर्देशित चलचित्र 'जीवनदाता' को प्रदर्शन उपत्यकाबाहिर हुन थालेको छ। सुशील पोखरेलले निर्माण गरेको यो चलचित्रमा राजेश हमाल, झरना थापा, बिराज भट्ट, रमित ढुंगाना आदिको प्रमुख भूमिका छ।

–चलचित्र लेखक मौनता श्रेष्ठले पहिलो पटक निर्माण गरेको चलचित्र 'अभिमन्यू' को सार्वजनिक प्रदर्शन प्रारम्भ हुनेभएको छ। यसै महिनादेखि यो चलचित्र बिर्तामोड, दमक, धरान, हेटौंडा, नारायणघाट, पोखरा आदि सहरमा प्रदर्शन हुने बताइएको छ। नरेश पौडेलको निर्देशनको यो चलचित्रमा निखिल उप्रेती, अरुणिमा लम्साल, पूजा प्रधान, जेनी कुँवर आदि कलाकारको प्रमुख भूमिका छ। चलचित्रमा निखिल उप्रेतीले दोहोरो भूमिका निर्वाह गरेका छन्।

- निर्देशक नारायण पुरीको नयाँ चलचित्र 'अल्पविराम' को सुटिङ समाप्त भएको छ। देशमा चलेको द्वन्द्व तथा त्यसबाट उब्जिएको परिस्थितिलाई समेटेर निर्माण गरिएको यो चलचित्रको द्वन्द्व दृश्य संयोजन राजेन्द्र खड्गीले गरेका छन्। राजु मानन्धरको छायांकन तथा शिव पुरीको सम्पादन रहेको यो चलचित्रमा विजय लामा, सुनील पोखरेल, रमा थपलिया, नागेन्द्र रिजाल, कृष्ण शिवाकोटी, सुशील देवकोटा, मनोज केसी आदि कलाकारको प्रमुख भूमिका रहनेछ। चलचित्रमा लोकगायक प्रेमराजा महतले संगीत दिएका छन्।

- चलचित्रको अभिनयलाई केही समय थाँती राखेर लोकदोहोरी-संग्रहका गायक बनेका नायक भुवन केसी पुनः अभिनयमै व्यस्त भएका छन्। अहिले उनी दुई नयाँ चलचित्रको छायांकनमा व्यस्त छन्। केसी पहिलो पटक निखिल उप्रेतीसँग दर्शकमाझ आउने तयारी गर्दैछन्। छायांकनका क्रममा रहेको चलचित्र 'दुनियाँ' मा केसी तथा उप्रेतीले प्रतिस्पर्धी नायकको भूमिका निर्वाह गरेका छन्। यसबीच भुवन केसी आफ्नै लगानीको चलचित्र 'पर्खी बस' का गीतहरू रेकर्डिङ गराइरहेका छन् भने चलचित्र 'मानिस' को अभिनयले पनि उनलाई व्यस्त बनाएको छ।

– ऋषि न्यौपानेद्वारा निर्देशित चलचित्र 'स्वदेश' को छायांकन सम्पन्न भएको छ। हाल सम्पादनका क्रममा रहेको यो चलचित्रमा गणेश उप्रेती, सञ्चिता लुईंटेल, गीता शाही, राज राणा, श्याम कटुवाल, महादेव त्रिपाठी, जेनी कुँवर, सूवीर पण्डित, गणेश मुनाल आदि कलाकारको प्रमुख भूमिका छ।

– 'पापी संसार' मा बालकलाकारको भूमिका निर्वाह गर्दै चलचित्र क्षेत्रमा पदार्पण गरेका ११ वर्षीय कलाकार युवराज थापा अर्को एक चलचित्रका लागि पनि बालकलाकारकै भूमिकामा अनुबन्धित भएका छन्। अशोक शर्मा तथा टंक लम्सालले निर्माण गर्न लागेको चलचित्र 'दोबाटो' मा युवराजले बालकलाकारको भूमिका निर्वाह गर्ने बताइन्छ।

–म्युजिक भिडियोको निर्देशनबाट चर्चा पाएका आलोक नेम्वाङले सेल्युलोइड चलचित्र निर्माण गर्ने भएका छन्। उनको निर्देशन रहने उक्त चलचित्रमा नायिका झरना बज्राचार्यले एउटा मुख्य भूमिका निर्वाह गर्दैछिन्।

–निर्देशक ऋषि न्यौपाने एकै पटक दुईवटा चलचित्रको निर्देशन गर्दैछन्। निर्माताद्वय रवीन्द्र श्रेष्ठ तथा सूर्य बुढाथोकीले निर्माण गर्ने ती दुई चलचित्र 'भविष्य' र 'पाप लाग्छ' मध्ये 'भविष्य' मा धेरैजसो नयाँ कलाकार छन् भने 'पाप लाग्छ' मा राजेश हमालले मुख्य भूमिका निर्वाह गर्दैछन्। दुवै चलचित्रहरूमा चेतन सापकोटाको संगीत सुन्न पाइनेछ।

-गत वर्ष कुकुर र बाँदरलाई चलचित्र 'पापी मान्छे'मा अभिनय गराएर चर्चा एवं सफलता पाएका निर्देशक दीपक श्रेष्ठ यो वर्ष पनि चलचित्र 'कृष्ण अर्जुन'मा घोडालाई अभिनय गराएर सफलता हासिल गर्ने सुरमा छन्। छायाङ्कनको अन्तिम चरणमा पुगेको यो चलचित्रमा राजेश हमाल तथा निखिल उप्रेती दुई नायक भए पनि शीर्ष भूमिका भने घोडाले निर्वाह गरेको छ। कृष्णको भूमिकामा घोडा र अर्जुनको भूमिकामा निखिल देखिने यो चलचित्रमा राजेश हमाल भने अलग चरित्रमा देखिँदैछन्। सज्जा मैनाली यो चलचित्रकी नायिका हुन्।

# सांग्रिला नाइटमा फेसन सो र डान्सको धमाका



तस्बिर : लभ्ली पोखरा डटकम

**शिव शर्मा**

पोखरा– तारे होटल सांग्रिला भिलेजमा अरू दिनभन्दा पृथक् चहलपहल देखिन्थ्यो शुक्रबार राति।

रंगीचंगी प्रकाशको बीचमा आधुनिक र विदेशी संगीतको धुन बजिरहेको थियो। कञ्चन पानीले सुशोभित स्वीमिङ पुलको आडैमा चिरिच्याँट्ट पारेर सजाइएको आकर्षक मञ्च। वरिपरि लस्करै राखिएको टेबल तथा कुर्सीमा बसेर कोही बियर र वाइनको चुस्की लिँदै आपसमा गफ चुटन व्यस्त। युगल जोडीहरू पनि अलौकिक रमझमा आफूलाई समाहित गरिरहेका थिए। वातावरणमा केही चिसोको अनुभूति हुन्थ्यो, तर कसैले पनि कार्यक्रमको तातो संगीतले चिसो महसुस गर्न पाएनन्।

सांग्रिला भिलेजले आयोजना गरेको फेसन सो, लाइभ ब्यान्ड कन्सर्ट तथा डान्सपार्टीमा खास गरी उच्चस्तरका मनोरञ्जनपारखीहरूको जमघट थियो। कार्यक्रममा विदेशी पाहुनाहरूको उपस्थिति पनि उत्साहजनक रह्यो। स्थानीय उड स्टक ब्यान्डको लाइभ पर्फमेन्ससँगै सुरु भएको कार्यक्रममा गायक रकी गुरुङले 'यति धेरै आउँछ मनमा' गीत गाउँदा उपस्थित सबैको ध्यान खिचियो। त्यसपछि आकर्षक साडीको पहिरनमा मोडलहरू क्याटवाक गर्दै मञ्चमा आए। तीन-चार महिनाको अन्तरालपछि यो पोखराको पहिलो फेसन सो थियो। सेभी बुटिककी सञ्चालिका तथा फेसन डिजाइनर सविता शेरचनले तयार पारेका डिजाइनहरू चार सिक्वेन्समा प्रस्तुत गरिएको थियो। फेसन सोमा स्थानीय मोडलहरू सृजु उदास, अपेक्षा केसी, शकुन्तला पुन, रिना गुरुङ तथा सलिना उदासले भाग लिए।

साढे १० बजे सकिएको फेसन शो तथा लाइभ म्युजिकल कन्सर्ट पछि होटलमा रहेको डिस्को बारमा डान्सपारखीहरूको घुइँचो बढ्यो। यस पटकको डान्सपार्टीमा युवायुवतीको संख्याभन्दा वयस्क जोडीहरूको संख्या उल्लेख्य पाइयो।

यसैबीच गत शनिबार पोखरामा नयाँ किसिमको डान्स पार्टी 'डान्स विथ द घोस्ट' सम्पन्न भएको छ। उक्त डान्सपार्टी राजधानीबाट आएको यशस्वी इन्टरटेनमेन्टले आयोजना गरेको थियो।

डान्स विथ द घोस्ट नामकरण गरिएको डान्सपार्टीले लेकसाइडस्थित क्लब प्याराडिसोमा धुम मच्चायो। आयोजक राज एसजेबी रानाले साप्ताहिकसँग भने- 'यो थिम पार्टी हो। यो पार्टी यस कारणले पनि अरू डान्सपार्टीभन्दा पृथक् छ।' नामअनुसार डान्सपार्टीलाई मूर्त रूप दिन तन्नेरीहरू मुखमा मुकुन्डो लगाएर डान्स गर्दै थिए।

उक्त अवसरमा पोखरेलीहरू चर्चित डिजे भाइभले छनौट गरेका हिन्दी, अंग्रेजी नेपाली रिमिक्स गीतमा नाचे। दिउँसो २ बजेदेखि नै सुरु भएको उक्त डान्सपार्टीमा फेसनेबल पहिरनमा ठाँटिएका युवायुवतीहरूको आउने-जाने क्रम राति अबेरसम्म चलिरह्यो।

# सल्बलाए इभेन्ट म्यानेजर

**साप्ताहिक समाचार**

काठमाडौं- 'फ्रोजन इन टाइम' अर्थात् समयमा जम्ने तयारी मोडलिङ एजेन्सी द ग्याम्पसिहतको एउटा समूह एफआईआरले गर्दैछ। निकट भविष्यमा उक्त एजेन्सीको संयोजकत्वमा राजधानीमा पहिलोपल्ट ग्ल्यामरस तस्बिरहरूको प्रदर्शनी हुँदैछ र प्रदर्शनीको शीर्षक राखिएको छ- 'फ्रोजन इन टाइम'। मोडलहरूका सुन्दर तस्बिरको उक्त प्रदर्शनीका लागि हाल तस्बिर संकलन भैरहेको छ। हरेक नयाँ वर्षको आगमनमा राजधानीमा दर्जनौं रमाइला एवं मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजित हुन्छन्। नयाँ वर्षलाई स्वागत गर्दै बितेको वर्षको बिदाइमा आयोजना हुने कार्यक्रमहरू तय भए पनि त्यही बेला देश आन्दोलित भएकाले २०६२ सकिएर २०६३ लागे पनि कसैको मनमा कुनै उत्साह देखिएको थिएन, तर संसद् पुनर्स्थापनापछि अब राजधानीका इभेन्ट म्यानेजर अर्थात् कार्यक्रम आयोजकहरू सल्बलाउन थालेका छन्।

रेज इन्टरटेन्मेन्टका शरद पण्डित तथा शहनवाज नयाँ वर्षमा होटल एभरेस्टमा एउटा रंगारंग कार्यक्रम 'रिदम इभ'को आयोजना गर्न फागुन महिनादेखि तयारी गरिरहेका थिए। उक्त कार्यक्रमको तयारी भैरहेको बेलामा जनआन्दोलन चर्कियो, तर अब उक्त कार्यक्रम नौलो ढंगबाट प्रस्तुत हुँदैछ। जेठ महिनामा आयोजना गरिने उक्त कार्यक्रममा गीत, नृत्य तथा डान्सपार्टीको व्यवस्था हुनेछ। राजधानीमा हरेक साताजसो कार्यक्रमहरू गर्ने इभेन्ट म्यानेजमेन्ट संस्थाहरू पछिल्लो तीन महिनादेखि चुपचाप देखिन्थे, तर देशमा केही शान्ति कायम भएयता भने यी मनोरञ्जन कार्यक्रम व्यवसायीहरू दर्शक तताउने तयारी गरिरहेका छन्। डान्सपार्टी, सौन्दर्य प्रतियोगिता, फेसन सोहरूको आयोजनाले एकताका राजधानीका कार्यक्रमस्थलहरू व्यस्त हुन्थे। 'अब फेरि त्यस्तै दिन आउनेछ,' -मोडलिङ संस्था ग्यालेक्सीका धीरज तण्डुकारले बताए।

केही महिनाअघि भारतका चर्चित गायकद्वय बम्बे भाइकिङ्स तथा कुणाल गुञ्जवाला काठमाडौं आउने भएका थिए। कुणाललाई ल्याउने तयारी भैरहे पनि बम्बे भाइकिङ्सले भने आज शुक्रबार तथा भोलि शनिबार होटल हयात तथा दशरथ रङ्गशालामा नेपाली दर्शकलाई आफ्ना गीत सुनाएर तताउने भएका छन्। कार्यक्रममा रौनक थप्दै बेंगलोरका डिजे रुल्ज, डिजे क्लेमेन्ट, डिजे जेनले हयातमा दर्शकहरूलाई नचाउने भएका छन् भने रंगशालामा डिजे मुकुटले केही बेर डिजेइङ गरेर दर्शकहरूलाई 'वार्मअप' गर्नेछन्। उक्त कार्यक्रममा नेपालको चर्चित रक समूह १९७४ एडीले पनि आफ्ना गीतहरू सुनाउनेछ। अर्कातर्फ पार्टी नेपालले निकट भविष्यमा १९७४ एडीको एकल कन्सर्टको आयोजना पनि गर्दैछ। इभेन्ट म्यानेजर विनोद सिंहले भोलि शनिबार कीर्तिपुर स्वीमिङ क्लबमा एक दर्जन कलाकारहरूका साथ एक कन्सर्ट आयोजित गर्दैछन्। कीर्तिपुर जिम क्लबको आयोजना रहने उक्त कार्यक्रमपछि डान्सपार्टीमा परिणत हुनेछ।

आज शुक्रबार साँझ कान्तिपथस्थित क्लब १९०५ मा नौलो शैलीको डान्सपार्टी आयोजना हुँदैछ। करिब एक वर्षअघि आयोजना भएको 'डान्स विद घोस्ट' को दोस्रो श्रृंखलाका रूपमा आयोजना गर्न लागिएको यो डान्सपार्टीमा मुखमा मुखुन्डो लगाएका युवा-युवतीले नृत्यबाट मज्जा लिनेछन्। प्लानेट एमएसएनले आयोजना गर्ने यो डान्स पार्टीमा तीन जना डिजेहरु बिम्यान, भाइव तथा एमभिएनले नृत्यका पारखीलाई नचाउनेछन्। साँझ साढे छ बजेपछि प्रारम्भ हुने डान्सपार्टी मध्यरातिसम्म जारी रहने बताइन्छ। आयोजकले डान्स पार्टीमा सहभागी संख्या बढाउन युवतीहरूलाई निःशुल्क प्रवेश गर्ने व्यवस्था मिलाएको जनाएका छन्।

निकट भविष्यमा नेप्लिज फेसन होमले मिस लिटिल नेवा तथा मिस टिन गुरुङ तथा ड्रिम एराले जनजाति सुन्दरी प्रतियोगिताको आयोजना गर्दैछ। त्यसका अतिरिक्त ग्रुप अफ इभेन्ट इन्टरटेन्मेन्टका सञ्चालक अनुप सक्सेना पनि म्यानहन्ट इन्टरनेशनल नेपाल तथा मिस टुरिज्म इन्टरनेशनल नेपालको दोस्रो श्रृंखलाको आयोजना गर्न तम्तयार छन्। 'म्यानहन्टको प्रचारमा दुई महिनाअघि नै लागिसकेका थियौं,' -अनुपले भने। पूर्वाञ्चलमा मेरो मोबाइलको प्रचारका लागि आयोजना गरिने बृहत् कन्सर्टका लागि पनि तयारी भैरहेको छ। केही गायक तथा संगीत समूहहरू पनि देशको सुधिँदो अवस्थामा एकल कार्यक्रम गर्ने तयारी पनि गरिरहेका छन्।

# पाँच शहरमा सांगीतिक भेट

विराटनगर- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको विराटनगरस्थित निवास अगाडि वीरेन्द्र सभागृहमा शनिबार चर्चित लोकगायक कृष्ण देवकोटाले दोहोरीमा प्रश्न गरे– ठिटा देखे जिस्किाल्ने छ कि छैन बानी, प्रधानमन्त्री जन्मिएको गाउँमा आउँछौ नानी...?' लोकगायिका दुर्गा गुरुङले प्रतिउत्तर दिइन्- 'पोखराकी नानी हुँ म त्यै ठाउँमा हुर्केकी, यतैतिर बसें भने हुन्छ कि मन्त्राणी...!' मञ्चमा गायक-गायिका दोहोरी गरिरहँदा प्रधानमन्त्रीको गाउँका बासिन्दा नाच्न थाले। शुभकामना सांगीतिक भेटमा दोहोरी गीत बढी रुचाइएको थियो।

ख्यातिप्राप्त एक दर्जन कलाकारले धुलाबारी, दमक, धरान, इटहरी र विराटनगरमा लगातार सांगीतिक भेट गरेका थिए। डिप्लोमा इन्जिनियर्स एसोसिएसनको आयोजनामा उक्त संस्थाको क्षेत्रीय कार्यालय भवन निर्माण सहयोगार्थ भएको सांगीतिक कार्यक्रममा दोहोरी गीतले बढी प्रशंसा पायो। लोकतान्त्रिक आन्दोलनका कारण उक्त कार्यक्रम नयाँ वर्षको प्रारम्भमा यहाँ आइपुगेको हो।

कार्यक्रममा दर्शकहरूलाई लोक, आधुनिक, पपलगायत सबै खालका गीतको स्वाद चखाउँदै कलाकारहरूले आकर्षक नृत्य पनि प्रस्तुत गरेका थिए। कलाकार मनोज गजुरेलको हास्य प्रस्तुतिले दर्शकलाई पेट मिचीमिची हाँस्न बाध्य पार्‍यो। श्रीपेच लगाएर स्टेजमा आएका गजुरेलले देश रोइरहेको बेला अटोग्राफ भर्दै हिंड्ने राजाको नक्कल गरेका थिए। गायिकाहरू सिन्धु मल्ल, सत्यकला राई, विष्णु चेम्जोङ, गायकहरू राजेशपायल राई, महेश बुढाथोकी, श्रीकृष्ण लुईंटेल, सुदाम थापा, बालकृष्ण कार्की आदि उक्त कार्यक्रममा सहभागी थिए।

**– कमल रिमाल**

## इन्द्रेणी साँझले ततायो कलामन्दिर

**प्रवीण दत्त/चितवन**

असुरक्षाका कारण लामो समयदेखि रोकिएको सांगीतिक जमघट चितवनमा सुचारु हुन थालेको छ। यो साता नारायणी कला मन्दिरमा भएको कलाकारहरूको जमघटले नारायणगढमा दर्शकलाई पर्याप्त मनोरञ्जन दियो। नारायणी कला मन्दिर नारायणगढले प्रत्येक नयाँ वर्षको दिन सांगीतिक कार्यक्रमको आयोजना गर्ने परम्परा रहिआएको छ।

इन्द्रेणी साँझ २०६३ नाम दिइएको उक्त कार्यक्रम देशको जटिल समस्याबाट छुटकारा पाई केही छिन रमाइलो गराउने उद्देश्यले आयोजना गरिएको कला मन्दिरका अध्यक्ष शेखर श्रेष्ठले बताए। लोकतन्त्रको बहालीसँगै नयाँ वर्षको शुभकामना आदान-प्रदान गर्ने क्रम कार्यक्रमभर निरन्तर चलेको थियो।

कार्यक्रमको प्रमुख आकर्षण नेपाली चलचित्रकी नायिका झरना थापा थिइन्। थापाले 'मै मोरीलाई लिन' गीतमा गरेको नृत्य कार्यक्रमको प्रमुख आकर्षण रहयो।

## जनआन्दोलनको स्मरण तस्बिर

राष्ट्रिय फोटोपत्रकार संघ, पोखराले जनआन्दोलन भाग-२ मा खिचिएका तस्बिर पृथ्वीनारायण क्याम्पसको परिसरस्थित स्मृत भवनमा मंगलबार र बुधबार दुई दिन प्रदर्शन गर्‍यो। प्रदर्शनीमा सुदर्शन रन्जित, घनश्याम पौडेल, राम गुरुङ, कृष्णमणि बराल, कुलचन्द्र न्यौपाने, दिनेश रेग्मी, प्रेम नेपाली, शोभाकान्त सिग्देल, आदिले १९ दिने जनआन्दोलनमा खिचेका १ सय १६ वटा तस्बिर राखिएका थिए। आन्दोलनका क्रममा जनतामाथि प्रहरी र सेनाले गरेको बर्बर दमन, जथाभावी हानेको गोली, अश्रुग्याँस, लाठीले टाउको बर्साउँदा रक्ताम्य भएको आदि दृश्य समेटिएका ती तस्बिरले सबैलाई भावुक बनाएको थियो।

## थरीथरीका डान्स

**साप्ताहिक समाचार**

काठमाडौं– सुन्धारामा भर्खरै सञ्चालनमा आएको जेट बारको हलमा बनाइएको एउटा सानो मञ्चमा नृत्याङ्गनाहरू एकपछि अर्को गर्दै प्रस्तुत हुन्थे। हरेक नृत्याङ्गनाको नृत्यमा दर्शकहरू रमाइलो मान्दै ताली पिट्थे। पहिलो चरणमा नृत्याङ्गनाहरू सबैले हिन्दी गीतमा थरी-थरीका नृत्य देखाए। शास्त्रीयदेखि लिएर अत्याधुनिक पहिरनमा नाच्ने सुन्दरी नृत्याङ्गनाहरूको नाचमा मस्त नहुनेहरू सायदै थिए होलान्। नेपाली गीतको चरणमा पनि उनीहरूको नाच हेर्न लायकको थियो।



नयाँ वर्षका अवसरमा उक्त बारले 'जेटबार इभ' शीर्षकमा आयोजना गर्ने भनी घोषणा गरेको कार्यक्रम गत आइतबार साँझ मात्र सम्पन्न हुन सक्यो। कार्यक्रममा नसिम खान, नारद खतिवडा, अर्जुनकुमारजस्ता कलाकारको प्रस्तुतिका अतिरिक्त विभिन्न नृत्याङ्गनाहरूबीचको नृत्य प्रतियोगिता सबैभन्दा रोमाञ्चक रह्यो। दर्शकको हुटिङमा विभिन्न गीतहरूका साथ नाचेर आफ्नो नृत्यकला एवं क्षमता देखाउनुपर्ने उक्त प्रतियोगितामा अन्ततः सबैलाई उछिनेर पूनम गुरुङले पहिलो पुरस्कार पाइन्। प्रतियोगितामा अनिता महर्जन, रूपा राई तथा अन्जु लोहनी क्रमशः दोस्रो, तेस्रो र चौथो भएका थिए।

## केवल एक प्रश्न

### तपाईंको अहिलेसम्म कति जना केटीसँग चक्कर चलेको छ ?


रामो प्रश्न सोध्नुभयो । विवाहपछि श्रीमती बाहेक अरू कसैसँग चक्कर चलेको छैन तर विवाहअघि भने झण्डै १०-१५ जनासँग चक्कर चल्यो । सबैभन्दा अन्तिममा चक्कर चल्नेसँगै मैले विवाह गरें । त्यो 'लास्ट' चक्कर मेरो जीवनकै 'लङ लास्ट' चक्कर बनेकोमा म साह्रै खुसी छु ।

**– निमा रुम्बा (गायक)**



ओहो ! कस्तो प्रश्न ? (लामो हाँसो) मेरो त अहिलेसम्म जम्मा एक जनासँग चक्कर चलेको छ । जोसँग चक्कर चलेको थियो उनी अहिले मसँगै छिन् अर्थात् मैले चक्कर चलाएकी युवती मेरो जीवनसाथी भएकी छिन् ।

**– यश कुमार (गायक)**



कस्तो प्रकारको प्रश्न हरे ? साँच्चै भन्ने हो भने म केटीहरूको चक्करबाट टाढै भाग्ने मान्छे हुँ । पत्याउनुहुन्न होला, मेरो चक्कर गितार र संगीतसँग मात्र चलिरहेको छ तर थुप्रै केटीहरूले मसँग चक्कर चलाउन खोजेको कुराचाहिं म लुकाउँदिन ।

**– अनिल सिंह (गायक)**



चक्कर ! अहँ, अहिलेसम्म एउटै केटीसँग मेरो चक्कर चलेको छैन । धेरै युवतीहरूले मसँग चक्कर चलाउने प्रस्ताव राखिसके तर मैले चक्कर चलाउन मिल्ने युवती नै फेला पारेको छैन तर अब भने चक्कर चलाउनैपर्ला जस्तो छ ।

**– बुद्धिसागर बस्याल (लोक गायक)**

हजुर..., हजुर, (मोबाइलमा प्रश्न नबुझिएको अभिनय गर्दै) । ए...चक्कर । मेरो चक्कर त धेरै जनासँग चल्न खोजेको थियो तर कुनै पनि प्रयास सफल भएन तर भर्खरै एउटीसँग सुरु भएको छ, योचाहिं सफल होला जस्तो छ ।

**– उज्ज्वल कार्की (मिस्टर नेपाल २००५)**

## कलिउड चर्चा

### नायक बने खलनायक




बलिउडमा आयोजना हुने विभिन्न किसिमका एवार्डमा खलनायक विधामा मनोनयनमा पर्नेहरूमध्ये धेरैजसो नायक नै हुन्छन् । एकताका उक्त विधामा अमरिश पुरी, शक्ति कपुर, गुलसन ग्रोवरहरूको बाहुल्य रहने गरेको थियो । अहिले त्यो विधामा अजय देवगन, अक्षयकुमार, नाना पाटेकर आदि मनोनयन भैरहेका छन् । नेपालमा कुनै एवार्ड वितरण हुने भयो भने अब त्यस्तै हुनेछ । खलनायक विधाका लागि अब यहाँ दिनेश शर्मा र विजय लामाको नाम सबैभन्दा बढी आउन सक्छ । कुनै बेला रोमान्टिक नायकका रूपमा देखिने यी दुई अभिनेता अहिले निर्माताहरूका प्रिय खलनायक भएका छन् । हरेक दोस्रो चलचित्रमा उनीहरू नै खलनायकका रूपमा देखिन्छन् । त्यसो त नायक दिलीप रायमाझीले पल्लो मोसन पिक्चर्स एवार्डमा खलनायक विधामा उत्कृष्ट भएर एवार्ड थापेका थिए । के अब सुशील पोखरेल, विजय देउजा, राजेन्द्र खड्गीहरूभन्दा नायकहरू नै खलनायक भएर नायिकाहरूलाई हातपात गर्ने र आफ्नै साथी नायकहरूबाट चुटाइ खाने भए त ? त्यसो त अब दिनेश र विजयको रोमान्टिक नायक हुने उमेर पनि त बित्न थाल्यो नि !

## नजिकबाट — अनिल सिंह

| | |
|---|---|
| जन्ममिति : | साउन ४, २०३८ |
| घरमा बोलाउने नाम : | अनिल |
| स्थान : | डिल्लीबजार, काठमाडौं |
| रुचि : | संगीत तथा भ्रमण |
| पहिलो गीत : | ड्रिम गर्ल |
| पहिलो एल्बम : | गायक |
| सांगीतिक गुरु : | आफैं |
| पहिलो कन्सर्ट : | विद्यालयमा |
| पहिलो प्रेम : | संगीत |
| पहिलो प्रेमिका : | गीतार |
| पहिलो प्रेमपत्र : | मेरो गीत 'मेरो यो प्रेमपत्र' |
| पहिलो पटक बजाएको बाद्ययन्त्र : | किबोर्ड |
| मनपर्ने परिकार : | साँदेको गुन्द्रुक |
| मनपर्ने गायिका : | कुन्ति मोक्तान |
| मनपर्ने रंग : | नीलो |
| मनपर्ने पहिरन : | क्याजुअल |
| मनपर्ने परफ्युम : | सेक्स अपिल |
| मनपर्ने नायक-नायिका : | जोन रेबल्टन तथा मेलिना मानन्धर |
| पहिलो डेटिङ : | न्युरोडको एक रेस्टुराँमा |
| पहिलो फोटोसेसन : | मेघाहर्जका लागि अनिल स्थापितसँग |
| मनपर्ने मौसम : | वर्षा |
| मनपर्ने खेल : | फुटबल, बास्केटबल तथा क्रिकेट |
| फुर्सदमा : | टेलिभिजन हेरेर बस्ने |
| गायक नभएको भए : | संगीतकार |
| जीवनसाथीमा के खोज्नुहुन्छ : | मभन्दा विपरीत व्यवहार |
| डेटिङमा कोसँग जाने इच्छा छ : | सानिया मिर्जा |
| श्रोताहरूलाई के भन्नुहुन्छ : | पाइरेसी गीत नसुन्नुहोस् |
| आफ्नैबारेमा बताउनुपर्दा : | लजालु, रोमान्टिक |
| सफलताको रहस्य : | श्रोताको माया |
| जीवन : | हावा |
| संगीत : | मेरो पागलपन |
| मनपर्ने संगीत : | सबै किसिमको |





### माया गर्ने कि नगर्ने ?

'जसले नेपाली चलचित्रको भलो चाहन्छन्, उसले नेपाली चलचित्र त हेर्नुपर्‍यो नि !' हालै साप्ताहिक परिसरमा भेटिएका निर्माता मुकुन्द कार्की भन्दै थिए । धेरै वर्षपहिले पवन मैनाली तथा सुशीला रायमाझीसँगको संयुक्त लगानीमा चलचित्र 'पिंजडा' बनाएका मुकुन्दले फेरि एकपटक चलचित्र बनाएका छन् । एक्सनको लहर चलिरहेका बेला उनले शुद्ध प्रेमकथा बोकेको चलचित्र 'माया नगर' बनाएका हुन् । यस अर्थमा उनी दर्शकहरूलाई सोध्दैछन्– 'मेरो चलचित्रलाई माया गर्ने कि नगर्ने ?' यो चलचित्रको छायाङ्कनका क्रममा उनी धेरै बाठा साबित भए । राजधानीमा बसोबास गर्ने नायक तथा नायिकाहरूलाई उनले एकैसाथ चितवन लगे र चलचित्रको छायाङ्कन नसकी उनीहरूलाई राजधानी फर्कन दिएनन् । नायकद्वय दिलीप रायमाझी र रमित ढुंगाना तथा नायिकाद्वय उषा पौडेल र नन्दिता केसीले चितवनको एउटा होटलमा बसेर चलचित्र नसकी धेरै पाएनन् । दीपक खाँडको निर्देशनमा बनेको उक्त चलचित्रको छायाँङ्कन किशोर ढकालले गरेका छन् ।



## लभगुरु रेखा



प्रेम जिज्ञासा

पाठकहरूको समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।

**म २४ वर्षीय युवक हुँ, मेरी प्रेमिकाको उमेर २३ वर्ष छ । हामीबीच विगत पाँच वर्षदेखि प्रेमसम्बन्ध छ । हाम्रो जात मिल्दैन, त्यसैले दुई वर्षपहिले उनका आमाबुबाले उनको विवाह अन्तै गरिदिनुभयो । हामी एउटै टोलको भएकाले उनको विवाहमा म पनि खटिनुपर्‍यो र हामीले कुनै जोर जबर्जस्ती पनि गर्न सकेनौँ । अहिले उनी निकै दुःखी छिन् । उनी आफ्नो दुलाहालाई मन पराउँदिनन् । ऊ जाँड-रक्सी खाने मान्छे रै'छ । उनी मसँग विवाह गर्न चाहन्छिन् । यस्तो अवस्थामा हामी के गर्न सक्छौँ ?**

**- जे.पी., नेपालगन्ज**

सबैभन्दा पहिलो कुरा त तपाईंहरूले जात नमिल्दैमा विवाह नगर्ने भन्ने कुरा थिएन । तपाईंहरूले आफ्ना आमाबुबालाई यथार्थ बताएर उहाँहरूको मन जित्ने वा उहाँहरूलाई मनाउने प्रयास गर्नुपर्थ्यो तर अब उक्त समय गुज्रिसकेको छ । अब उनको विवाह भैसकेको अवस्थामा स्थिति केही जटिल पनि छ । तपाईंले पत्रमा भनेजस्तै भागेर विवाह गरे तपाईंहरूमाथि कानुनी कारबाही चल्न सक्छ, अर्थात् यो कानुनविपरीत हुन्छ । पुरानो वैधानिक सम्बन्धलाई कुनै टुंगो नलगाई अर्को विवाह गर्नु नैतिक दृष्टिले पनि उचित हुँदैन । सबैभन्दा पहिले उनको स्थापित भैसकेको सम्बन्धलाई निरन्तरता दिनै नसकिने अवस्था आएको हो-होइन, दुवै जना निश्चित हुनुहोस् र तपाईंहरू नयाँ सम्बन्धमा निश्चित रूपमा सुखी हुनुहुन्छ भन्ने कुरामा पनि पक्का हुनुहोस् ।


यी दुई भिन्दाभिन्दै तर महत्त्वपूर्ण प्रश्न हुन् । यदि स्थिति त्यस्तो हो भने वैधानिक रूपमा पुरानो सम्बन्धलाई तोडेर तपाईंहरू एक हुन सक्नुहुन्छ । तर पुरानो वैधानिक सम्बन्ध तोड्न त्यति सजिलो हुँदैन र यस्तो निर्णय लिन परिपक्वता, गम्भीरता एवं पर्याप्त बुद्धिमानी आवश्यक छ । जीवन तपाईंहरूको हो, त्यसलाई कसरी बिताउने भन्ने निर्णय पनि तपाईंहरूले नै गर्ने हो तर त्यस्तो निर्णय हचुवा र भावनामा बगेर मात्र लिन सकिँदैन ।

## गफै त हो !

### दाने दाने पर लिखा है

पप गायक सुदीप गिरीले आफ्नो दोस्रो एल्बमको गीत 'सान्नानीको' का लागि नायिका उषा पौडेललाई मोडल बनाउने प्रस्ताव निर्देशक सुरजसिंह ठकुरीसमक्ष राखे । नेपाली चलचित्र त्यति नहेरे पनि उनी उषाको सौन्दर्य एवं व्यक्तित्वबाट प्रभावित थिए । कसैले उषा पनि उनको प्रशंसक हुन् भन्ने कुरा सुनाइदिएपछि उनले उक्त गीतका लागि उषा नै सुहाउने अडान लिए । समस्या थियो– उषासमक्ष कसले प्रस्ताव राख्ने ? कतै धेरै 'डिमान्ड' गरिन् भने ? हुन पनि हो, उषाका बारेमा गाइँगुइँ नै छ– उनी चलचित्रमा भन्दा म्युजिक भिडियोमा काम गर्दा निर्माताको ढाड सेक्ने गरी पारिश्रमिक माग्छिन् । कसैको माध्यमबाट सुदीपले उषालाई आफ्नो गीतमा मोडलिङ गरिदिने प्रस्ताव पठाए ।

अब उषाले कति हजार माग्ने हुन् ? तर अचम्म पो भयो । उषाले त सुदीपको नाम सुन्नेबित्तिकै पारिश्रमिकको कुरै नकोट्याई 'कहिले सुटिङ गर्ने ?' भनेर पो सोधिन् । उनी आफैं गायक सुदीप गिरीको 'डाइहार्ट फ्यान' निस्किन् । तर यहाँ दुल्हा (सुदीप) र दुलही (उषा) राजी भए पनि विवाहको साइत भने जुरेन अर्थात् सुदीपको उक्त भिडियोमा उषाले मोडलिङ गर्ने सबै कुरा तय भए पनि उषालाई चलचित्र 'माया नगर'को छायाँङ्कनका लागि जानैपर्ने भयो । चलचित्रको अनुबन्धका कारण चाहेर पनि उनी सुदीपकी 'सान्नानी' बन्न सकिनन् । अर्कातर्फ सुदीप एल्बमलाई चर्चामा ल्याउन म्युजिक भिडियो सकेसम्म छिटो तयार पार्न विवश भए । अन्ततः उक्त भिडियोमा मिस इन्टरनेसनल निशा अधिकारीले काम गरिन् । सुदीपले उषालाई अर्को म्युजिक भिडियोमा मोडलिङ गराउने वाचा गरे । हिन्दीमा एउटा उखान निकै चर्चित छ- 'दाने दाने पर लिखा होता है, खाने वालेका नाम ।'







## चलचित्र

### सडकछाप



बालबालिकाहरू कसरी सडकमा आइपुग्छन् ? भन्ने यथार्थमा आधारित चलचित्र 'सडकछाप' यसै साता साता सार्वजनिक हुनेछ। एउटा सडकबालक सडकमा हेर्पिंदै हुर्कन्छ र उसले आफ्नो अस्तित्व खोज्न थाल्छ। त्यही क्रममा ऊ आपराधिक क्रियाकलापमा पनि संलग्न हुन्छ। मार्मिक विषयवस्तुमा चलचित्रमा चाहिने मरमसलाहरू समावेश गरी निर्माण गरिएको यो चलचित्रमा दर्जनौं म्युजिक भिडियोमा मोडलिङ गरेका नृत्यकलाकार रिमेश अधिकारी नायकको भूमिकामा छन् भने हास्यटेलिश्रृंखला 'तीतोसत्य'मा स्वीटीको चरित्र निर्वाह गरेर चर्चामा आएकी रञ्जु लामिछाने नायिका छिन्। चलचित्रमा राहुल केसी तथा दीपा सापकोटाले पनि अभिनय गरेका छन्। उचित लालनपालन तथा संस्कार पाए सडकमा रुमलिएर हिंडने सडक बालबालिकाहरू पनि देशका कर्णधार बन्न सक्छन् भन्ने सन्देश बोकेको यो चलचित्रको निर्देशन हरिहर उप्रेतीले गरेका हुन्। राजु सिंह तथा अगस्टिन लेप्चाको संगीत रहेको यो चलचित्रको निर्माण आकाश केसीले गरेका हुन्।

### अनकही



आफ्नी श्रीमतीसँग प्रेमको वाचा गर्ने तर प्रेम भने अर्कै युवतीसँग गर्ने एक विवाहित पुरुषको कथा समेटिएको चलचित्र 'अनकही' यसै साता सार्वजनिक हुँदैछ। शेखर अर्थात् अफताब शिवदाशनी एक साधारण विवाहित एवं छ वर्षीया बालिकाका पिता हुन्छन्। उनी आफ्नी श्रीमती नन्दिता अर्थात् अमिषा पटेलसँग खुसी छन्। उनीहरूको सुखद दाम्पत्यमा ग्रहण बनेर काव्या अर्थात् इशा देवलको प्रवेश हुन्छ। काव्या विश्वसुन्दरी भैसकेपछि बलिउडका चलचित्रमा अभिनय गर्ने क्रममा हुन्छिन्। एउटा घटनापछि काव्या र शेखर निकै नजिक हुन्छन्। जीवनमा कसैको माया नपाएकी काव्या शेखरलाई माया गर्न थाल्छिन्। विश्वसुन्दरीलाई आफ्नी प्रेमिका बनाउन पाएपछि शेखरलाई पनि घरकी श्रीमती नन्दिता सामान्य लाग्न थाल्छिन्। शेखरलाई आफ्नो जीवन सुम्पिएकी नन्दिताले जब यो कुरा थाहा पाउँछिन् तब उनले एउटा निर्णय लिन्छिन्। काव्याले पनि शेखरलाई आफ्नो बनाउन निकै प्रयत्न गर्छिन्। विक्रम भट्टद्धारा लिखित एवं निर्देशित यो चलचित्रको निर्माण प्रितिस नन्दीले गरेका हुन्।

### ओभर द हेज

वाल्ट डिज्नेपछि बालबालिकाका लागि चलचित्र निर्माण गर्ने संस्था ड्रिम वर्कस्ले निर्माण गरेको एनिमेटेड कार्टुन चलचित्र 'ओभर द हेज' यसै साता सार्वजनिक हुँदैछ। जनावरले पनि मानिसले झैं बोल्ने तथा मुर्खतापूर्ण क्रियाकलाप गरेर हँसाउने यो चलचित्रमा केही जनावरले आफूलाई सताउने केही मानिसलाई दुःख दिन्छन्। चलचित्रमा वनबिरालो, कछुवा, न्याउरी मुसो, दुम्सी, बिरालो, कुकुर, खरायो, भालु, सुगुर, लोखर्के आदि जनावरलाई केही मानिसले सताइरहेका हुन्छन्। अन्ततः जनावरहरू एकजुट हुन्छन् र मानिसलाई सताउन थाल्छन्। निकै रमाइलो भनिएको यो चलचित्र बालबालिकाका लागि मात्र नभै कार्टुन एनिमेटेड चलचित्र मन पराउने सबैका लागि उपयुक्त छ। अनेकौं हास्यदृश्य समेटिएको यो चलचित्रमा हलिउडका चर्चित कलाकार ब्रुस विलिस, ग्यारी स्यान्डलिङ, स्टिभ क्यारल, विलियम साटनर, एभिल लेभिन्ने आदिले जनावरका लागि स्वर दिएका छन्। यो चलचित्रको निर्देशन टिम जोन्सन तथा क्यारेकिट प्याट्रिकले संयुक्त रूपमा गरेका हुन्।

## रंगमञ्च



-यो वर्ष रङ्मञ्चका कवि उपनामबाट परिचित विश्वप्रसिद्ध नाटककार हेन्रिक इब्सेनको शतवार्षिकी विश्वभर मनाइदैछ। यही अवसरमा आउँदो मंगलबार अर्थात् जेठ ९ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा इब्सेनप्रति सम्मान प्रकट गर्दै उनको सम्झनामा एक कार्यक्रमको आयोजना गरिदैछ। कार्यक्रममा कविता वाचन, कला प्रदर्शनी आदिका साथै इब्सेनको चर्चित नाटक 'पियर गिन्ट'मा आधारित एडभार्ड ग्रेगद्वारा रचित ज्याज संगीत प्रस्तुत गरिने कुरा नेपालयद्वारा प्रेषित विज्ञप्तिमा जनाइएको छ। त्यसको भोलिपल्ट साँझ वसन्तपुर दरबार क्षेत्रमा निःशुल्क कार्यक्रम प्रस्तुत हुनेछ। कार्यक्रमको आयोजना नर्वेजियन राजदूतावास, म्युजिक नेपाल, ज्याजमाण्डु तथा नेपालयको संयुक्त पहलमा हुन लागेको हो।

-कवयत्री मायामितु न्यौपानेद्वारा लिखित एवं पत्रकार भूपेन्द्र तिम्सेनाद्वारा निर्देशित सडक नाटक 'खबरदार' आइतबार राजधानीका कलंकी, चाबहिल, गोंगबु आदि स्थानमा मञ्चन गरियो। बिहीबारदेखि विभिन्न स्थानमा मञ्चन गर्न थालिएको उक्त नाटकमा एक जना कुर्सीप्रसाद कुर्सीमा विराजमान हुन्छन्। आन्दोलनकुमारी अझै पूर्ण अधिकार नपाएको भन्दै सडक तताउँछिन्। अन्दोलनमा श्रीमान् गुमाएकी सहिददेवी पनि हुन्छिन्। गाउँबाट छोरा खोज्न सहर आएकी बूढी आमै छोरा सहिद भएको सुनेर बेहोस हुन्छिन्। निरंकुशताले फेरि टाउको उठाउन सक्ने कुरामा खबरदारी गर्दै नाटक सकिन्छ। नाटक आन्दोलनअघि र पछिको अवस्थामा केन्द्रित छ।

## क्यासेट

### यो मन त मेरो नेपाली हो



सांगीतिक धुनहरूले मात्र सजिएको गीति संग्रह 'यो मन त मेरो नेपाली हो' श्रोतामाझ आएको छ। संगीतकर्मी मधुसुदन बागदासले झ्वाइलिन तथा सिन्थेसाइजरमार्फत् तयार पारेका धुनहरू यो संग्रहमा सुन्न सकिन्छ। यो संग्रह जसो गर जे गर, सिमसिमे पानीमा, रेसम फिरिरी, फूलको आँखामा लगायत दसवटा लोकप्रिय गीतका धुनले सजिएको छ। रियाज म्युजिकले बजारमा ल्याएको यो संग्रहमार्फत् पुराना संगीतकर्मी सांगीतिक क्षेत्रमा फर्किएका हुन्।

### दोर्जे



गायक विजय लामाले गाएका पप गीतहरूको नयाँ संग्रह 'दोर्जे' श्रोतामाझ आएको छ। साइराम पिक्चर्सले बजारमा ल्याएको यो संग्रहमा नौवटा गीत समावेश छन्। संग्रहित गीतहरूमा सोहन मानन्धर, चन्द्रकुमार दोङ, विजय लामा, मीनसागर लामा, राजु लामा, प्रमोद निर्वाण, प्रेम लामा, सञ्जय बराल तथा आचार्य प्रभा आदिको शब्द तथा संगीत सुन्न सकिन्छ।

### रेकर्ड



गायक श्रीमन लामाले गाएका पप गीतहरूको नयाँ संग्रह 'रेकर्ड' मा नौवटा गीत तथा एउटा म्युजिक ट्र्याक संग्रहित छ। सान्तना रेकर्ड्सले बजारमा ल्याएको यो संग्रहका गीतमा बिजु बज्र, चन्द्रकुमार दोङ, शिव मुखिया, श्रीमन लामा, सिद्धि शाही, ईश्वर अमात्यको संगीत सुन्न सकिन्छ। संग्रहका गीतहरू सञ्जुकुमार थापा, चन्द्रकुमार, राममान तृषित, शिव मुखिया, बिजु बज्र, राजेन्द्र खनाल, कृष्णबहादुर नापितका शब्दले सजिएको छ।

### धड्कनभित्र



मुगलान, समर्पण, उपकार, संन्यास, दैव, मायाको जाल, ग्रहण, आशीर्वाद, हाम्रो सानो घर होला आदि चलचित्रका एक-एकवटा लोकप्रिय गीत समावेश गरेर म्युजिक नेपालले नयाँ गीतिसंग्रह 'धड्कनभित्र' बजारमा ल्याएको छ। आज बाह्र हाते पटुकी, आकाशकी हौ, धड्कनभित्र, मलाई फुल्न देऊ आदि लोकप्रिय गीत समावेश गरिएको यो संग्रह साधना सरगम, उदितनारायण झा, उमेश पाण्डे, देविका प्रधान, रामकृष्ण ढकाल, शम्भुजित बाँस्कोटा, कमलकृष्ण आदिको स्वरले सजिएको छ।

## पुस्तक

### नेपाल मानवअधिकार वर्षपुस्तक २००५

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सदाझैं यो वर्ष पनि नेपालको समग्र मानवअधिकार स्थितिका बारेमा वर्षपुस्तक प्रकाशमा ल्याएको छ। तत्कालीन अवस्थाको मुलुकको गहिरिंदो राष्ट्रिय संकटलाई यस वर्षको उल्लेख्य विषयका रूपमा चर्चा गर्दै वर्षपुस्तकले मुलुकभित्र घटेका साना-ठूला मानवअधिकार हननसँग सम्बन्धित सबै विषयवस्तुलाई समेटेको छ। मानवअधिकारका विषयमा चासो राख्ने पाठकहरूका लागि यो पुस्तक संग्रहणीय छ। ७ सयभन्दा बढी पृष्ठमा फैलिएको यो पुस्तकको मूल्य २ सय ५० रुपैयाँ राखिएको छ।

## ग्यालरी

- राजाको प्रत्यक्ष शासनको एक वर्षभन्दा बढी समयका यथार्थहरूलाई वरिष्ठ कार्टुनिष्ट दुर्गा बराल (वात्सायन) ले आफ्ना कार्टुनमार्फत् जस्ताको त्यस्तै प्रस्तुत गरेका छन्। कान्तिपुर तथा काठमाडौं पोस्टमा प्रकाशित वात्सायनका निरंकुश सत्ताको अत्याचारका पोल खोल्ने कार्टुनहरू सोमबारदेखि तीन दिनसम्म महेन्द्रपुलको पी.एस. एम. आर्ट ग्यालरीमा प्रदर्शित छन्। माघ १९ पछि वात्सायनको व्यंग्य चित्र शीर्षक दिइएको नाम दिइएको उक्त प्रदर्शनीमा वरालका ४० वटा कार्टुन चित्र राखिएका छन्। प्रदर्शनमा राखिएका तीन-चारवटा बाहेक अरू सबै कार्टुनहरू कान्तिपुर तथा काठमाडौं पोस्टमा प्रकाशित भएका हुन्।

-नक्सालस्थित नाफा आर्ट ग्यालरीमा सिद्धार्थ आर्ट ग्यालरीको आयोजनामा 'खुला ढोका' शीर्षकको कला प्रदर्शनीको उद्घाटनमा विभिन्न कविहरूले ढोकासम्बन्धी रचित कविता सुनाएका थिए भने पुस्तक 'खुला ढोका' को विमोचन पनि गरिएको थियो।

## सानो पर्दा



– च्यानल नेपालबाट प्रसारण हुने गरेको कार्यक्रम 'म्युजिक एन मोडल्स' मार्फत् दर्शकमाझ पुगिरहेकी मोडल सिसिलिया गुरुङ पनि एयर होस्टेज भएकी छिन्। हालै उनले कतार एयरवेजमा एयर होस्टेजको काम पाएकी छिन्। एयर होस्टेज भएपछि उनले स्वदेशमा गरि रहेका सबै कामबाट विदा लिएकी छिन्।

– कान्तिपुर टेलिभिजले आफ्नो प्रमुख समाचार बुलेटिन प्रसारण गर्ने समयमा परिवर्तन गरेपछि अन्य कार्यक्रमको प्रसारण समय पनि परिवर्तन भएको छ। कान्तिपुरले साढे आठ बजे प्रसारण गर्दै आएको एक घन्टा लामो बुलेटिनलाई आठ बजे प्रसारण गर्न थालेपछि अन्य कार्यक्रमको समय परिवर्तन गरिएको हो। जसअनुसार शुक्रबार राति आठ बजे प्रसारण हुने हास्यव्यंग्यात्मक कार्यक्रम 'शंख एन्ड चक्र' लाई सोही दिन साँझ साढे सात बजे प्रसारण गर्न थालिएको छ भने मंगलबार राति आठ बजे प्रसारण हुने चलचित्रसम्बन्धी कार्यक्रम 'रजतपट' लाई सोही दिन राति साढे नौ बजे प्रसारण गर्न थालिएको छ। सोमबार राति आठ बजेको 'फायर साइड' तथा शनिबार राति साढे सात बजेको 'वहस' लाई राति नौ बजे प्रसारण गर्न थालिएको छ। त्यस्तै बुधबार साँझ साढे सात बजेदेखि प्रसारण हुने 'विन कान्तिपुर' लाई राति नौ बजेदेखि दस बजेसम्म प्रसारण गर्न थालिएको छ। बुधबार साढे सात बजे भने हास्य श्रृंखला 'हाउसफुल' प्रसारण हुन्छ।

– चलचित्र 'बज्रपात' मा सहनायिकाको भूमिका निर्वाह गरेकी सिर्जना गिरी अहिले म्युजिक भिडियोमा व्यस्त छिन्। एक दर्जन म्युजिक भिडियोमा अभिनय गरिसकेकी सिर्जनाले केही टेलिश्रृंखलामा समेत अभिनय गरेकी छिन्। आगामी दिनमा उनी कुनै राम्रो श्रृंखलामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने योजनामा छिन्।

– च्यानल नेपालले प्रसारण गरिरहेको कार्यक्रम 'क्यामेरा डायरी' ले लोकप्रियता हासिल गर्दैछ। सहनवाजले सञ्चालन गर्ने यो कार्यक्रममा प्रत्येक साता एक जना सेलिब्रिटीको लाइफ स्टाइललाई प्रस्तुत गरिन्छ।

– कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको टेलिश्रृंखला 'नलेखिएको साइनो' टुंगिने क्रममा छ। श्रृंखलाका निर्देशक बाबुराम ढकालका अनुसार वैशाखको चौथो सातासम्म श्रृंखलाको २२ औं भाग प्रसारण भैसकेको छ। यो श्रृंखलालाई २६ औं भागमा टुङ्ग्याइनेछ। शान्ति मास्के, अमृतजंग बस्नेत, गरिमा पन्त, नवराज आचार्य, सिमा पनेरु, सुदर्शन थापा, रवि गिरी आदि कलाकारको प्रमुख भूमिका रहेको यो श्रृंखला पारिवारिक विषयमा आधारित छ। क्रिएटिभ मनकामना टेलिफिल्म्सले निर्माण गरेको यो श्रृंखलाको लेखन तथा सम्पादन पनि निर्देशक ढकालले नै गरेका छन्।

– पूर्व मिस नेपाल उषा खड्गी दुई भिन्न शैलीका कार्यक्रममार्फत दर्शकमाझ प्रस्तुत भएकी छिन्। नेपाल वान च्यानलबाट शुक्रबार साँझ साढे छ बजे प्रसारण हुने कार्यक्रम 'फ्राइडे न्यू यू' फेसनसँगसम्बन्धी कार्यक्रम हो। यो कार्यक्रममा दर्शकलाई बजारमा उपलब्ध नयाँ पहिरनका सम्बन्धमा जानकारी दिइन्छ। टिनएजर्सहरूमाझ यो कार्यक्रमको लोकप्रियता बढ्दो छ। त्यस्तै यही च्यानलबाट शनिबार साँझ साढे छ बजे प्रसारण हुने 'आस्था' धार्मिक कार्यक्रम हो। विभिन्न धार्मिक क्षेत्रमा पुगेर त्यहाँको धार्मिक महत्त्वका बारेमा जानकारी दिने यो कार्यक्रम कम समयमै दर्शकले रुचाएका छन्। प्रमोटर्स नेपालले निर्माण गरेका यी दुवै कार्यक्रमको निर्देशन उषा खड्गी आफैंले गरेकी छिन्।

MODELS WANTED
Both fresh and professional models wanted for a up-coming grand fashion show.
20% discount for first 5 callers (Only for freshers)
MIRACLE
New Baneshwor (Opp. to Shamdarshan Hall)
Tel: 2100540

४०% छुटमा
LANGUAGE TRAINING
Tel 4245570

Teachers Wanted
1. English Language Instructors - 6
(BA/B. Ed. with Major English/ fluent/command in English with a pleasant appearance. Salary 10,000.00 plus/mth.)
2. Instructor for TOEFL & IELTS - 2/2
3. Chinese/ German/ Japanese/ Spanish/ Korean/ Italian/ French Language Instructors - 2/2
OLC Institute and Publications, Putalisadak 4-247897, 4-268945

## गिनिज बुक्स अफ वर्ल्ड रेकर्ड्सबाट

### सबैभन्दा ठूलो म्युजियम




अमेरिकन म्युजियम अफ नेचुरल हिस्ट्री संसारको सबैभन्दा ठूलो म्युजियम हो । पृथ्वीमा मानव तथा जीवविकाससँग सम्बन्धित यो म्युजियम सन् १८७४ मा अमेरिकाको सेन्ट्रल पार्क वेस्टमा स्थापना गरिएको थियो ।। गिनिज बुक अफ वर्ल्ड रेकर्डसका अनुसार यो म्युजियम १ सय १५ लाख वर्गफिट क्षेत्रमा फैलिएको छ भने त्यहाँ २२ वटा भवनहरू समाहित छन् ।

### सबैभन्दा अग्लो भवन

ताइवानको राजधानी ताइपेईमा निर्माण गरिएको ताइपेइ १०१ नामक भवन संसारको सबैभन्दा अग्लो भवन हो । गिनिज बुक अफ वर्ल्ड रेकर्ड्सका अनुसार यो भवन १ हजार ६ सय ६७ फिट अग्लो छ । १ खर्ब १० अर्ब अमेरिकी डलर खर्च गरिएको यो भवन संसारकै सबैभन्दा महँगो भवन पनि हो ।



### सबैभन्दा अग्लो टावर



क्यानाडाको टोरोन्टोस्थित क्यानेडियन नेसनल टावर (सीएन टावर) संसारको सबैभन्दा अग्लो टावर मानिन्छ । रेडियो, टेलिभिजन तथा टेलिफोनका तरङ्गहरू प्रवाहित गर्ने उद्देश्यले निर्माण गरिएको यो टावरको उचाइ १ हजार ८ सय १५ दशमलव ५ फिट अग्लो छ । गिनिज बुक अफ वर्ल्ड रेकर्ड्सका अनुसार यो टावरको निर्माण सन् १९७५ मा गरिएको थियो ।

## क्यान्सर र कुकुर

कुकुरमा सुँघ्ने शक्ति अत्यधिक हुन्छ । पछिल्लो समयमा छाला र पिसाबको गन्ध सुँघेर क्यान्सर रोग भए-नभएको पत्ता लगाउने काममा समेत कुकुरलाई प्रयोग गर्न थालिएको छ । उक्त कार्यमा अनुसन्धानकर्ताहरूले सफलता हात पारेका छन् ।



कुकुरलाई क्यान्सर रोग पहिचानमा लगाउने काम बेलायतको क्याम्ब्रिज युनिभर्सिटीका ब्लाडर र प्रोस्टेट क्यान्सर विशेषज्ञ डेविड निरले गरेका हुन् । उनले अनुसन्धानका क्रममा क्यान्सर रोगी र स्वस्थ मानिसको पिसाब कुकुरलाई सुँघ्न लगाएर उक्त कुरा पत्ता लगाएका हुन् । अनुसन्धानको प्रारम्भिक दिनमा कुकुरले क्यान्सरपीडित व्यक्तिको पिसाब सुँघेर क्यान्सर भए-नभएको थाहा पाउँदा डा. डेबिड आश्चर्यचकित भए ।


विशेषज्ञहरूका अनुसार, क्यान्सरग्रस्त व्यक्तिको पिसाबमा अनौठो किसीमको असामान्य प्रोटिन्स पाइन्छ । कुकुरले त्यसलाई सुँघेर सजिलै थाहा पाउन सक्छ । बेलायतको क्यान्सर सोसाइटीका अनुसार पिसाबमा पाइने प्रोटिन्स पत्ता लगाउन कुकर अत्याधुनिक मेसिनभन्दा पनि अगाडि छ । भनिन्छ, कुकुरको सुँघ्ने शक्ति मानिसको भन्दा १० हजारदेखि १ लाख गुनासम्म बढी हुन्छ ।

## जन्मदिनको शुभकामना





विशाल पटेल
२०६० जेठ ९




आदित्य श्रेष्ठ
२०५८ जेठ ६



आदित्य श्रेष्ठ
२०६० जेठ ११



सुम्निमा मेइयाङवो
२०६० जेठ १०



रिकेस रणपहेली
२०५४ जेठ ८



आज्ञा न्यौपाने
२०५९ जेठ ६




सम्भव जोशी
२०६० जेठ ७




प्रनिस थापामगर
२०५८ जेठ ९



काओरु श्रेष्ठ
२०६० जेठ १०



संजीव भुजेल
२०५२ जेठ ६




प्रनिस भुजू
२०५५ जेठ १०




अग्रिम अधिकारी
२०६१ जेठ ५



सिद्धार्थ लामा
२०५७ जेठ ५



सक्षम दंगाल
२०५८ जेठ ७



कुपन

जन्मदिनको शुभकामना

नाम :......................................................

जन्म मिति :......................................................

स्कुल :......................................................

ठेगाना : ......................................................


तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## माछाको संरक्षण


चीनमा घुमन्ते जीवन बिताउने माछा (स्टरजन) का विषयमा अध्ययन गर्न थालिएको छ । यसका लागि एक हजार स्टरजनहरूमा माइक्रोचिप्स राखी तिनीहरूलाई चीनको यांत्जे नदीमा छाडिएको छ । प्रागऐतिहासिक मानिने ती माछाहरू लोपोन्मुख अवस्थामा छन् । ती चिप्सहरूले माछा कहाँ बस्छन् भन्नेबारे जानकारी दिने भएकाले संरक्षणका लागि सजिलो हुने बताइन्छ । चिप्सको प्रयोगबाट माछाहरू कसरी बस्छन् भन्ने विषयमा महत्त्वपूर्ण जानकारी प्राप्त हुनेछ । यसरी छाडिएका प्रत्येक माछाको शरीरमा सम्पर्क फोन पनि राखिएको छ । कहींकतै यी माछा थुनिए वा जालमा परे फोनमा सम्पर्क पनि गर्न सकिन्छ ।

## तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ



फरक -छाता, जुत्ता, लुगा, पाइन्ट, ब्याग, औंला ।

### तल दिइएको चित्रमा कति सामानहरु लुकेका छन् ?



लुकेका सामानहरू : केरा, आँप, अंगुर, लिची, स्याउ ।

## शब्दहरू खोज

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बा | बु | आ | मा | र | छो | रा | रा | हि |
| रा | आ | व | ह | न | कुँ | प | स | ट |
| म | त्म | प | वि. | रे | म्भु | क | गु | ल |
| कु | वृ | ग | हा | न्द्र | ज | था | न | र |
| जे | त्ता | ग | त | दा | वि | श्व | पा | र |
| ल | न्त | न | रा | इ | सु | म्नि | मा | य |
| ज | मि | था | म्न | मा | नि | र्मा | का | हु |
| र्न | दो | षी | च | श्मा | ष्ठु | र | र | दी |
| ल | वी | ना | ला | मो | दी | आ | इ | न |

माथि दिइएका अक्षरहरूमा बीपी कोइरालाका आठ साहित्यिक कृतिका नाम लुकेका छन् । ती नामहरू सायद तिमीले पनि सुनेको हुनुपर्छ । के तिमी ती नामहरू खोज्न सक्छौ ?

शब्दजालमा लुकेका नामहरू : सुम्निमा, नरेन्द्र दाइ, दोषी चश्मा, मोदिआइन, हिटलर र यहुदी, बाबु, आमा र छोरा, आत्मवृत्तान्त, जेलजर्नल ।

## साप्ताहिक अंकजाल प्रतियोगिता -६६

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१. सँगै दिइएको १६ वटा कोठाहरुमा ६५ देखि ८० सम्मका अंकहरू नदोहोरिने गरी यसरी भर, जसबाट तिनीहरुको योगफल ठाडो, तेर्सो, छड्के जसरी जोड्दा पनि २९० होस् ।

२. अंकजाल साप्ताहिकको कार्यालयमा प्रकाशित भएको मितिले दुई साताभित्र पठाइसक्नुपर्नेछ ।

३. विजेतालाई २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।

नाम : ......................................कक्षा : .....

स्कुल : ......................................................

ठेगाना : ......................................................

अंकजाल ६२ मा सहभागीहरूको संख्या : २२०

गोलाप्रथाबाट विजेता :

सुशीला नापित, कक्षा ९, अरुणज्योति विद्यामन्दिर, जोरपाटी, काठमाडौं

## सन्देश

चैत २७ गते जनआन्दोलनमा कलंकीमा भेट भएका मित्र, माफ गर्नुहोला मैले तपाईंको नाम बिर्सिएँछु। ट्याङ्ला फाँट हुँदै कीर्तिपुर तपाईंसँग फर्कंदासँगै चिया र वाइवाइ खाएका थियौं। तपाईंको सम्पर्क नम्बर पनि लिन बिर्सेंछु। कृपया मलाई भोलि शनिबार कीर्तिपुर गुम्बामा भेट्नु होला। धेरै कुरा गर्नु छ।

**मोहन**

बन्नु, म तिम्रो भलो चाहन्छु। तिमीलाई धेरैपल्ट मैले सम्झाउन खोजें। डि, तिम्रा लागि ठीक छैन। ऊ तिमीसँग प्रेमको नाटक गरिरहेको छ। तिमी भने उसलाई आफ्नो जीवन सुम्पने कुरा गर्छौ, पछि धोखा होला है।

**दाइ**

दाजु, क्याम्पस बिदामा म घरबाट फर्कंदा तपाईं डेरा सरिसक्नुभएछ। छेवैका दाजु र घरबेटीहरूलाई पनि सोधें। उहाँहरूलाई पनि तपाईंको नयाँ डेराका बारेमा थाहा रहेनछ। मलाई तपाईंसँग भेट्नु निकै जरुरी छ। कृपया एकपल्ट पुरानो डेरामा आउनु न।

**मैतिदेवी पछाडिकी बहिनी**

गौतमजी, त्यो दिन म नशामा थिएँ। नशामै मैले तपाईंप्रति गलत व्यवहार गर्न पुगेंछु। धरोधर्म, मैले तपाईंप्रति कहिल्यै नराम्रो विचार राखेको छैन। तपाईं मसँग निकै रिसाउनुभएको छ रे। यदि त्यसो हो भने म तपाईंसँग सार्वजनिक माफी माग्छु। कृपया मलाई मलाई माफ गरिदिनुहोला।

**नवराज**



इन्द्रचोकमा भाँडा किन्न आउने, घरिघरी आँखा जुधाउने अञ्जान मित्रलाई त्यसै ठाउँमा भेट्न अनुरोध गर्दछु।

**नवराज**

साथीहरू सोनाम, तुलसा, फुर्वा, डोल्मा, शान्ता तथा नेत्रलाई नववर्षको शुभकामना।

**कौशल बस्नेत**

शर्मिला, तिम्रो सुस्वास्थ्यको कामना गर्दै पत्राचारलाई निरन्तरता दिनका लागि आग्रह गर्दछु।

**सुरेश**

उमेश, तपाईं तथा तपाईंका आत्मीयजनमा सुख, समृद्धि, शान्ति, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको अजम्बरी शुभकामना।

**सरु**

पार्वती दिदी, नारायण, अम्बिका, सिर्जना, बिना, उमा, गणेश, पर्मिला, सुशीला, दिदी वन्दना, ज्योति, नीलु, मनु, सम्झना, अञ्जु, पारू, सुवास, इन्द्र, रमेश, उप्रेती सर, गौतमजी, सदिक्षा, रिया, अप्सरा लगायत सम्पूर्ण साथीहरूमा नववर्षको हार्दिक शुभकामना।

**आयुष थापामगर**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/– अनिवार्य

## साप्ताहिक साथीका लागि फर्म

नाम : ........................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव :.............................. वैवाहिक स्थिति : ..............................

अभिरुचि : ........................................

वर्ण : ................................. .

इमेल : ........................................

ठेगाना :........................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

........................................

........................................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटो

### गाऱ्हो छ मित्रता निभाउन

त्यसबेला म कक्षा नौमा अध्ययनरत थिएँ। नयाँ सत्रको कक्षा सुरु भएको एक महिनापछि कक्षामा नयाँ छात्राको आगमन भयो। कक्षामा उनको पहिलो प्रवेशमा नै अरू छात्राभन्दा उनमा केही फरक देखेको थिएँ मैले। उनी आएको दुई-चार दिनपछि मैले उनीसँग परिचय गरें। उनीसँग बोल्ने प्रथम व्यक्ति सायद म नै थिएँ। उनको बोलीमा निश्चलता एवं कोमलता थियो। उनको त्यो बोलाइले म प्रभावित थिएँ। कक्षाको प्रथम विद्यार्थी भएका कारण उनी मसँग पढाइसम्बन्धी सानातिना कुरा सोध्थिन्। विस्तारै उनको र मेरो सम्बन्ध मित्रतामा बदलियो।

मैले जीवनमा पहिलोपटक असल मित्र पाएको अनुभव गरें। उनी मसँग आफ्नो सानोभन्दा सानो समस्या व्यक्त गर्थिन्। समय जसरी बित्दै गयो हाम्रो मित्रता मौलाउँदै गयो। म साह्रै खुसी थिएँ- मैले जीवनमा एउटा असल मित्र पाएँ जसलाई आफ्ना दुःख र सुख व्यक्त गर्न सक्थें।

एक दिन कक्षाकै एकजना साथीकी दिदीको विवाहमा हामी सबै साथीहरू गयौं। पार्टी रमाइलो थियो तर उक्त दिन मेरा लागि ठीक भएन। समयले मसँग एकदमै अनौठो र नमीठो खेल खेल्यो। पार्टीमा सानो घटना घट्न पुग्यो- जुन कुरा उनले मबाट हुन्छ भन्ने कहिल्यै सोचेकी थिइनन्। मैले पनि त्यस्तो गरुँला भनेर कहिल्यै सोचेको थिइन तर हुने कुरालाई कसैले पनि रोक्न सक्दो रहेनछ। त्यस दिन म साथीको घरमा बसें। भोलिपल्ट विद्यालय जानुपर्ने थियो। म अलि ढिलो विद्यालय गएँ। कक्षामा सबैजना आइसकेका थिए। कक्षामा मेरो पहिलो कदम पर्नेबित्तिकै त्यो कोठा ठूलो हाँसोले गुन्जियो। सबैजनाको हाँसोले केबल मलाई जिस्काइरहेको थियो। सधैंजसो म आफ्नो सिटमा गएर बसें। त्यस दिन मेरो मन अध्ययनमा पटक्कै गएन, मैले केबल त्यही पार्टीको घटनामात्र सम्झिरहें। उक्त घटनाले मेरो जीवनमा निकै ठूलो परिवर्तन ल्यायो। मैले उनीसँग माफी पनि मागें तर...। त्यही कारणले उनी आजसम्म पनि मसँग एक शब्द बोलेकी छैनन्। अचम्म लाग्छ कति सजिलो छ मित्रता तोड्न अनि कति गाऱ्हो छ मित्रता निभाउन।


**– अन्जान**

### सचेत बन्नुहोस्

जीवन पनि कस्तो-कस्तो हुँदो रहेछ। छैटौं दिन भावीले हाम्रो ललाटमा खै के-के लेखेको हुन्छ कुन्नि ? हामी कहिले खुसी त कहिले दुःखी भएर बस्न अनि बाँच्न विवश बन्छौं। कतिको जीवनमा धेरै समय सुख अनि थोरै समय दुःख लेखिएको हुन्छ भने कतिको जीवनमा धेरै दुःख अनि थोरै सुख लेखिएको हुन्छ। जसको भाग्यमा जे लेखिएको छ त्यो त हामीले भोग्नैपर्छ। मेरो भाग्यमा विधाताले धेरै दुःख लेखेछन्। जीवनको १७ औं वसन्तसम्म आइपुग्दा मैले दुःखसँग जुध्नु परेको छ। अब भने जीवनमा खुसी छाउला कि ?

म जीवनको गोरेटोमा एक्लै हिँड्दै थिएँ। मलाई सुख-दुःख अनि पीर-मर्कामा साथ दिने कोही थिएन। हरेकपल्ट आफ्ना चोटहरूलाई मनमै दबाएर म एकान्तमा आँसुका धारा बगाउँदै रुन्थें। ज-जसलाई म विश्वास गर्थें उनीहरूबाटै मैले धेरैपटक घात पाएकी छु। मेरो सोझोपनको फाइदा कतिले उठाए। जोसँग पनि बोल्न डराउने मेरो स्वभावको फाइदा उठाएका छन् मेरा आफन्त भनाउँदाहरूले। आफूमाथि बितेका कुराहरू म कसैलाई बताउन सक्दिनथें। म एकदमै डराउँथें। आफ्ना कुराहरू म मेरी आमालाई बताउँथें तर कतिपय कुरा भने मैले उहाँलाई पनि भन्न सकिनँ र अझै पनि भन्न सक्दिनँ। जसलाई मैले आफ्नै आमाको कोखबाट नजन्मिए पनि आफ्नै माइती सम्झेर सधैं उसको खुसी अनि लामो जीवनको कामना गर्दै भाइटीका लगाइदिएँ उसैले आफ्नो स्वार्थका लागि हाम्रो पवित्र नातामाथि कुठाराघात गऱ्यो। त्यसपछि मलाई उसको अनुहार त के नामसँग पनि घृणा लागेर आउन थाल्यो। ऊ यतिसम्म नीच निस्कन्छ भन्ने मलाई थाहा थिएन। ऊ त पाएसम्म कोपिलाहरूलाई निमोठ्दै हिँड्ने मान्छे रहेछ।

उसले अरू पनि थुप्रै कोपिलालाई फुल्नुभन्दा पहिले नै निमोठिसकेको होला। सधैंभरि रक्षा गर्छु भनी कसम खाएर खुट्टा ढोगेकी बहिनीलाई नछाड्नेले अरूलाई के छाड्यो होला र ? जीवनको सातौं वसन्तमा उक्लँदै गर्दा उसले मलाई लुटेको थियो। आज म १७ औं वसन्तमा वा भनौं शिशिरमा आइपुगेकी छु। उसको त्यो घृणित कामले ममाथि धेरै मानसिक चोट पुग्यो। मेरो मानसिक स्थिति ठीकै रहे पनि बेलाबेलामा त्यही कुरा सम्झिएर डराउँछु। म सधैं डर कम गर्ने औषधी सेवन गर्छु। उसले ममाथि गरेको त्यो कुकर्मका कारण मेरो मनमा सम्पूर्ण पुरुषजातिप्रति नै घृणा पलाएको थियो तर बिस्तारै म केटाहरूलाई पनि आफ्नो साथी बनाउन थालें। मेरो मनबाट पुरुषहरूप्रतिको घृणा कम हुँदै गयो तर आज भने म त्यो पापीलाई देखे पनि डराउँदिनँ, किनकि मलाई साथ दिने अरू नै कोही दाजु बनेर आइसकेको छ। मेरा आँखाबाट बग्ने आँसु पुछ्ने अनि मेरो पतझर जीवनमा बहार लिएर उहाँ आउनुभएको छ। उहाँको आगमनसँगै मेरा पीरमर्का अनि दुःख कता हराए कता ?




मेरो आँखामा आँसु होइन गाजल सजिन थाल्यो। ओठमा कलेटी होइन लाली सजिन थाल्यो, मनमा घृणा होइन माया पलाउन थाल्यो, सधैं मलिन देखिने मुहारमा खुसी अनि हाँसो देखिन थाल्यो। मनबाट डर कता भाग्यो कता ? म आफ्ना मनका सारा भावना उहाँलाई सुनाउन थालें। मेरा मनका सारा बोझहरू हराएर गए। उहाँलाई म आफूलाई भन्दा पनि बढी माया गर्छु। उहाँले मेरो यो मायालाई के नाम दिनुभएको छ त्यो त मलाई थाहा छैन तर मैले उहाँको मायालाई भगवान्को वरदान, मेरो खुसी अनि मेरो जीउने सहारा मानेकी छु। उहाँको एक मुस्कानले पनि मेरो जीवनमा बहार आउँछ। आज उहाँकै प्रेरणा अनि साथका कारण मैले आफ्नो जीवनको पाना पल्टाउने जमर्को गरेकी छु। उहाँ एक विवाहित पुरुष अनि म अविवाहित किशोरी कतिले हाम्रो सम्बन्धलाई प्रेमको नाम दिए।

के एउटै कोखबाट नजन्मिए पनि कोही कसैको आफ्नो बन्न सक्दैन ? के कुनै केटीले केटालाई अनि केटाले केटीलाई माया अनि साथ दियो भन्दैमा त्यो प्रेम सम्बन्ध नै हुन्छ र ? के कोही पराइ आफ्नो मान्छे बन्न सक्दैन ? आफन्तले दिएको चोटलाई भुलाउन सहयोग गर्ने मेरो भगवान्लाई तपाईंहरू के नाम दिनुहुन्छ ? तपाईंहरूमध्ये आफ्नो मान्छेहरूबाट घात-प्रतिघात पाउनुभएको छ होला। त्यो पीरमर्कालाई भुल्न अनि भुलाउन एकले अर्कालाई सहयोग गर्नुहोस्। कसैको मन, माया अनि विश्वाससँग खेलबाड नगर्नुहोस्। म सम्पूर्ण अभिभावकहरूसँग के भन्न चाहन्छु भने के कहीं कतै तपाईंहरूकी छोरी-बुहारीमाथि पनि मेरोजस्तै घटना त घटिरहेको छैन। म बिन्ती गर्छु तपाईंहरू सचेत बनिदिनुहोस्।

चाहे त्यो शारीरिक वा मानसिक रूपमा नै किन नहोस् ? हामीमध्ये कति कोपिलामै त कोही फुलेपछि निमोठिएका छौं। यो संसारमा हामी नारीजातिको कदर गर्ने अनि साथ दिने पुरुष कमै होलान्। त्यसो त हामी नारी-नारीहरूबीच पनि प्रतिस्पर्धा अनि डाहा गर्ने बानीले गर्दा हामीहरू एक-अर्काको शत्रु बनिरहेका छौं, तसर्थ यो संसारमा आफ्नो शिर उँचो पारेर बाँच्न हामी सबै एक बनौं। सबै जना मजस्तै लुटिएको कोपिलालाई सहारा अनि हौसला दिन सबै अघि बढ्नुहोस्, अनि मात्रै हामी अबलाहरू यो संसारमा खुसीसाथ मानसिक तनावबाट मुक्त भएर बाँच्न सक्छौं।

**– गाजल**

## साप्ताहिक साथी



-नरम स्वभावका अविवाहित धीरज थापा मगर आईए अध्ययनरत छन्। अध्ययनलाई आफ्नो पेसा मानिरहेका धीरज गोरो वर्णका छन्। संगीतमा रुचि भएका २१ वर्षीय धीरज दुःखमा साथ दिने साथीको खोजीमा छन्। ५ फिट ४ इञ्च अग्ला धीरजलाई जम्दाह-४, तेतरिया, सिराहाको ठेगानामा पत्राचार गर्न सकिन्छ।

-१० कक्षा उत्तीर्ण २६ वर्षीय तेजनारायण खरेल 'प्रेम' रोमान्टिक स्वभावका छन्। गीत सुन्न र पत्रमित्रता गर्न रुचि राख्ने खरेल हाल बेलायतमा नोकरी गर्छन्। गहुँगोरो वर्णका ५ फिट ७ इन्च अग्ला खरेल कोमल र नरम स्वभाव भएकी, १८ देखि २२ वर्ष भित्रकी, धर्मप्रति विश्वास



गर्ने तथा जातीय एवं धनी र गरिबबीच भेदभाव नराख्ने असल महिला मित्रको खोजीमा छन्। उनलाई narayan197@yahoo.co.uk मा इमेल गरी साथी बनाउन सकिन्छ।

-समाजसेवा, संगीत एवं भ्रमणमा रुचि भएका २३ वर्षका विपिन लामा ५ फिट ५ इन्च अग्ला छन्। मिलनसार स्वभावका गोरो वर्ण भएका विपिनलाई मानवताको भावना भएका, सकारात्मक सोचाइ राख्ने, साथीलाई शरीरको एक अभिन्न अंगझैं सम्झने, कहिल्यै धोका नदिने, हँसिलो एवं मिलनसार स्वभावको साथीको खोजीमा



छन्। उनलाई tamang_m76@yahoo.com अथवा पो.ब.नं.३००३९, दोहा, कतारको ठेगानामा पत्राचार गर्न सकिन्छ।

-५ फिट साढे ४ इन्च अग्ला २२ वर्षीय पासाङ लामा आइए दोस्रो



वर्षका विद्यार्थी हुन्। असल एवं विश्वासिलो साथीको खोजीमा रहेका पासाङको मूलघर काभ्रे हो। खेलकुदमा रुचि राख्ने लामा नयाँ साथीहरू बनाउन मन पराउँछन्। उनलाई साथी बनाउन ढल्कु-१४ काठमाडौंको ठेगानामा पत्राचार गर्न सकिन्छ।



-आईए प्रथम वर्षका विद्यार्थी १८ वर्षीय भीमबहादुर लामा गहुँगोरो वर्णका छन्। ५ फिट २ इन्च अग्ला भीम मिलनसार स्वभावका छन् र सुखदुःखमा साथ दिने मिलनसार स्वभावको साथीको खोजीमा छन्। अविवाहित भीमबहादुरलाई पत्रमित्रताका अतिरिक्त भ्रमण गरिरहन मन लाग्छ। भीमलाई फुल्पिङ डाँडा गाविस वडा नं. ६ गुर्दुम, सिन्धुपाल्चोकमा पत्राचार गर्न सकिन्छ।




# समूह बीमा इङ्ल्याण्ड र स्वीडेनको आकर्षण

## समूह बी खेलतालिका

| मिति | टिम | स्थान |
|---|---|---|
| १० जून | इङ्ल्यान्डविरुद्ध पाराग्वे | फ्राङ्कफर्ट |
| १० जून | स्वीडेनविरुद्ध ट्रिनिनाड | डर्टमन्ड |
| १५ जून | इङ्ल्यान्डविरुद्ध ट्रिनिनाड | नुम्बर्ग |
| १५ जून | स्वीडेनविरुद्ध पाराग्वे | बर्लिन |
| २० जून | इङ्ल्यान्डविरुद्ध स्वीडेन | कोलोन |
| २० जून | ट्रिनिनाडविरुद्ध पाराग्वे | केइजरलौटर्न |

जून २० मा एक-अर्कासँग भिड्नुअगावै इङ्ल्यान्ड र स्वीडेन दुवैले विश्वकपको दोस्रो चरणमा प्रवेश पाइसकेका हुनेछन् भन्नेहरूको संख्या निकै ठूलो छ। विश्व फुटबलमा निकै राम्रो स्थान बनाएका दुवै टिम त्यसरी दोस्रो चरणमा पुग्नु आफैंमा आश्चर्य होइन। पाराग्वे तथा ट्रिनिनाड एन्ड टोबागोसहित इङ्ल्यान्ड र स्वीडेनको उपस्थिति रहेको समूह बीमा पाराग्वेको आँटलाई कसैले पनि कमजोर आँकेका छैनन्। यसो हुँदाहुँदै पनि दुवै युरोपेली टिमले जून २० अगावै दोस्रो चरणमा पुगे पनि कोलोन भिडन्तले निकै ठूलो महत्त्व राख्नेछ। दुवै टिम दोस्रो चरणमा आयोजक जर्मनीसँग भिड्ने मुडमा देखिँदैनन्। सम्भवतः उनीहरूसँग विश्वकपको समेत दावेदार रहेको घरेलु टोलीविरुद्ध भिड्नुपर्ने डर छ।

उता दुवै टिमको दोस्रो चरण यात्रा तय भैनसकेको भएको स्थितिमा त्यो खेलले अझ महत्त्व राख्नेछ, किनभने दुवै टिमका प्रशिक्षक पाराग्वेले ट्रिनिनाडलाई हराएर दोस्रो चरणमा पुग्ने मौका चुकाउला भन्ने मुर्खता गर्न चाहँदैनन्।

दक्षिण अमेरिकी क्षेत्रका छनौट खेलमा विश्व फुटबलको हस्ती राष्ट्र अर्जेन्टिनालाई उसकै मैदानमा गोलरहित बराबरीमा रोकेर आफ्नो गृहमैदानमा शून्यका विरुद्ध १ गोलले विजय हात पारेको पाराग्वेका प्रशिक्षक आफ्नो टिम पहिलो चरणबाटै बाहिरिनका लागि जर्मनी नजाने बताउँछन्।

इङ्ल्यान्डका स्वीडिस प्रशिक्षक स्भेन गोरान इरिक्सन प्रशिक्षकको हैसियतले आफ्नै मुलुकविरुद्ध भिड्दैछन्। इङ्ल्यान्डको प्रशिक्षक पदबाट हट्न लागेका इरिक्सनले चार वर्षअघि भएको पहिलो चरणको खेलमा १-१ को बराबरीमा चित्त बुझाए पनि यस पटक इङ्ल्यान्डले स्वीडेनलाई हराउने कुरामा ढुक्क छन्।


गत विश्वकपमा आपसमा भिड्दा यी दुई टिमबीच १-१ को नतिजा निस्किएको थियो। २००४ को मार्चमा इङ्ल्यान्डविरुद्ध शून्यका विरुद्ध १ गोलले विजय हात पारेको स्वीडेनले सन् १९६८ पछि इङ्ल्यान्डविरुद्ध हारेकै छैन। स्वीडिसहरू यो तथ्यलाई यस पटक पनि कायम राख्न चाहन्छन्।

सन् १९९८ र सन् २००२ मा समेत दोस्रो चरणमा पुगेको पाराग्वेलाई त्यतिबेला हराउने टिम दुवै फाइनलमा पुगेका छन्। सन् १९९८ को विश्वकपमा दोस्रो चरणमा पाराग्वेलाई हराउँदा गोल्डेन गोलसम्म प्रतीक्षा गरेको फ्रान्सले ब्राजिललाई फाइनलमा शून्यका विरुद्ध ३ गोलले हराएको थियो भने त्यसको चार वर्षपछि फाइनलमा ब्राजिलसँग हारेको जर्मनीले पाराग्वेको विश्वकप यात्रा दोस्रो चरणमै समाप्त गरेको थियो। यसपटक पनि कमसेकम दोस्रो चरणमा पुग्ने लक्ष्य लिएको पाराग्वे क्वार्टरफाइनलसम्म पुग्ने दाउमा छ। अझ लिगामेन्ट च्यातिएपछि पछिल्ला पाँच महिना मैदानबाहिर रहेका फरवार्ड रोक सान्ताक्रुज मैदानमा फर्कने समाचारपछि त टिमको आकांक्षा नै चुलिएको छ।

## समूह बी

**इङ्ल्यान्ड**
**स्वीडेन**
**पाराग्वे**
**ट्रिनिनाड एन्ड टोबागो**

यसको विपरीत सहजै दोस्रो चरणमा पुग्ने इङ्ल्यान्डको दाउमा तगारो बनेको छ म्यानचेस्टर युनाइटेडका युवा तथा प्रतिभाशाली फरवार्ड वायने रोनीको चोट। सिजनभर उत्कृष्ट देखिएका रोनी सन् १९६६ पछि इङ्ल्यान्डलाई विश्वकप जिताउन मुख्य हतियार हुने आशा



गरिएको छ। जर्मनीमा रोनीले पाराग्वे र ट्रिनिनाडविरुद्ध दुई खेल नखेल्ने निश्चित भएपछि इङ्ल्यान्डको सुरुवात कठिन हुने भएको छ। खुट्टाको हड्डी भाँचिएपछि रोनी मैदानबाहिर बसेकै क्षण बायर्न म्युनिखका पाराग्वेयन फरवार्ड सान्ताक्रुज मैदानमा छिर्दा जून १० मा फ्राङ्कफर्टमा हुने खेलमा नतिजा उल्टिन सक्छ। उक्त खेलको नतिजा पाराग्वेको पक्षमा गए त्यो पाराग्वेका लागि दोस्रो चरणमा पुग्न पर्याप्त हुनेछ। यद्यपि डेभिड बेकह्याम, माइकल ओवेन, फ्राङ्क लाम्पार्ड, जोन टेरीजस्ता स्टारहरूले भरिएको इङ्ल्यान्ड रोनी बिना पनि कमजोर भने छैन।

पाराग्वेका प्रशिक्षक अनिबल रुइज इङ्ल्यान्डविरुद्ध फेरि अर्को लज्जास्पद हार खेप्ने पक्षमा छैनन्। सन १९८६ को विश्वकपमा इङ्ल्यान्डसँग शून्यका विरुद्ध ३ गोलले पराजित पाराग्वे चार वर्षअघि पनि एक मैत्रीपूर्ण खेलमा पराजित भएको थियो। अब भने पाराग्वेले जित्यो अथवा बराबरी गर्‍यो भने इङ्ल्यान्ड दबाबमा पर्ने निश्चित छ।

दक्षिण अमेरिकी क्षेत्रको छनौट खेलमा ब्राजिल, अर्जेन्टिना र इक्वेडरपछि चौथो स्थानमा रहेको पाराग्वेले ट्रिनिनाडविरुद्ध हालसम्म खेलेका दुवै खेलमा बराबरीमा चित्त बुझाएको छ।

पहिलो पटक विश्वकपमा सहभागी इङ्ल्यान्डको पूर्व उपनिवेश ट्रिनिनाडले म्यानचेस्टर युनाइटेड तथा एस्टन भिल्लाबाट खेलिसकेका भेट्रान ड्वीट योर्केमाथि निकै ठूलो विश्वास गरेको छ। अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिइसकेका योर्केले आफ्नो टिम उत्तर अमेरिकी क्षेत्रमा चौथो भएपछि प्ले अफ म्याचका लागि एसियाली प्रतिद्वन्द्वी बहराइनविरुद्ध खेल्नुअघि संन्यासको घोषणा गरिसकेका थिए। राम्रो खेल्नुलाई नै लक्ष्य बनाएको ट्रिनिनाडका लागि योर्कबाहेक वेस्टहामका साका हिस्लोप रेन्जर्सका एन्ड्रियुज प्रमुख खेलाडी हुन्।

ट्रिनिनाडले दोस्रो चरणमा पुग्ने झिनो आशा राखेकै भए पनि स्वीडेन भने उनीहरूको पहिलो सिकार बन्ने पक्षमा छैन। सन् २००२ को जापान-कोरिया विश्वकपमा अर्जेन्टिना, नाइजेरिया तथा इङ्ल्यान्डसमेतको निकै कठिन समूहमा परेर पनि दोस्रो चरणमा पुगेको स्वीडिस टिम त्यति बेला आश्चर्यजनक रूपमा सेनेगलसँग गोल्डेन गोलमा पराजित हुँदै दोस्रो चरणबाट बाहिरिएको थियो।

इटालियन च्याम्पियन युभेन्टसका जाल्टन इभ्रामोभिक अहिले स्वीडेनका मात्र होइन, विश्वकै उत्कृष्ट स्ट्राइकरमध्येका एक मानिन्छन्। स्वीडेनको अग्रपंक्तिको धार उनीबाहेक बार्सिलोनाका हेनरिक लार्सनको जिम्मामा रहनेछ। सन् १९९४ मा अमेरिकामा भएको विश्वकपमा स्वीडेनलाई तेस्रो स्थान दिलाउन मुख्य भूमिका खेलेका लार्सन उमेर ढल्किए पनि राम्रो फर्ममा छन्।

स्वीडिस प्रशिक्षक लार्स लागेरब्याकले पाराग्वे र ट्रिनिनाडलाई मात्र होइन, परम्परागत शत्रु इङ्ल्यान्डलाई समेत हराउने कुरामा आशावादी छन्।

## विश्वकप सहभागिता

**इङ्ल्यान्ड** : २००२, १९९८, १९९०, १९८६, १९८२, १९७०, १९६६, १९६२, १९५८, १९५४, १९५०

**पराग्वे** : २००२, १९९८, १९८६, १९५८, १९५०, १९३०

**स्वीडेन** : २००२, १९९४, १९९०, १९७८, १९७४, १९७०, १९५८, १९५०, १९३८, १९३४

**ट्रिनिनाड एन्ड टोबागो** : पहिलो पटक छनौट भएको।

## विश्वकप मैदानबाहिर

### चलचित्रका पनि नायक



सन् १९९८ मा फ्रान्सलाई विश्वकप दिलाउन महत्त्वपूर्ण भूमिका खेल्ने र आगामी विश्वकपपछि फुटबलबाट संन्यास लिने घोषणा गरिसकेका जिनेदिन जिदान विश्वकपको पूर्वसन्ध्यामा आयोजना हुन लागेको कान्स फिल्म महोत्सवमा नायकका रूपमा प्रस्तुत हुने भएका छन्। उक्त महोत्सवमा प्रदर्शन गरिने चलचित्र 'जिदाने अ ट्वेन्टी सेन्चुरी पोर्ट्रेट' मा उनी नायकका रूपमा प्रस्तुत हुनेछन्। डगलस गोर्डेन तथा फिल पारेताले संयुक्त रूपमा निर्देशन गरेको उक्त चलचित्र महोत्सवमा अप्रतियोगी वर्गका लागि छनौट भएको हो। रियल म्याड्रिडका महत्त्वपूर्ण खेलाडी जिदानको मुख्य भूमिका रहेको यो चलचित्र डेढ घण्टा लामो छ। यसमा जिदानकै वास्तविक कथा प्रस्तुत गरिएको छ। चलचित्रले बीसौं शताब्दीको एक चर्चित युवकलाई पर्दामा उतार्ने प्रयास गरेका छ। यो चलचित्रमा जिदानको कथाका अतिरिक्त उनको खेल तथा सफलताका क्षणहरूलाई प्रस्तुत गरिएको छ।

### विश्वकपको धुन मोबाइलमा

विगत केही वर्षदेखि विश्वकप फुटबल प्रतियोगिताका आयोजकले विश्वकपको अलग्गै धुन निर्माण गर्ने गरेका छन्। सन् २००६ को विश्वकप फुटबल प्रतियोगिताका लागि पनि बीएमजी म्युजिकले 'टाइम अफ आवर लाइफ' संगीतलाई 'भ्वाइस लेस' एल्बममार्फत विश्वकपको पूर्वसन्ध्यामा सार्वजनिक गर्ने तयारी गरेको छ। यो संगीतलाई चीनले विश्वव्यापी रूपमा बिक्री गर्नेछ। मोबाइलको रिङ टोनमा उपलब्ध हुने यो संगीतको बिक्री अधिकार चीनलाई दिनुको मुख्य कारण त्यहाँ ४० करोड मोबाइल फोन प्रयोगकर्ता हुनु हो। बीएमजीले निकाल्ने उक्त एल्बमको बिक्री प्रबर्द्धन भने आरटुजी एल्बम कम्पनीले गर्ने भएको छ। उक्त एल्बममा स्वीडेनका जोर्गेन हलोफसोनले लेखेका १० वटा गीत समावेश छन्। आरटुजीको अनुमानअनुसार विश्वकप फुटबल प्रतियोगिताको उद्घाटन समारोहमा पनि बजाइने यो एल्बम १० करोड प्रति बिक्री हुनेछ।




### चुनाव सार्न दबाब



आगामी विश्वकप फुटबल प्रतियोगिता आयोजना भैरहेको समयमा मेक्सिकोमा चुनावको सरगर्मी बढिरहेको हुनेछ। जून ९ गतेदेखि हुने विश्वकप फुटबल प्रतियोगिता जुलाई ९ तारिखसम्म जारी रहनेछ। विश्वकप फुटबल प्रतियोगिता चलिरहेको समयमा मेक्सिको राष्ट्रपति निर्वाचनको तयारीमा हुनेछ। मेक्सिको सरकारको योजनाअनुसार जुलाई २ तारिखमा त्यहाँ राष्ट्रपति पदको निर्वाचन हुनेछ। समूह 'डी' मा रहेको मेक्सिकोले जून ११ तारिखमा पहिलो खेल इरानविरुद्ध खेल्नेछ। मेक्सिकोमा राष्ट्रपतिको निर्वाचनका लागि मतदान हुने बेलामा विश्वकप फुटबल प्रतियोगिता क्वाटर फाइनल चरणमा प्रवेश गरिसकेको हुनेछ। विश्वकप फुटबल प्रतियोगिताको समयमा हुन लागेको राष्ट्रपति निर्वाचनलाई सार्न अहिले त्यहाँका जनताले आग्रह गर्न थालेका छन्।

### एडिडासको दाउ

जर्मनीको खेलकुद सामग्री निर्माता कम्पनी एडिडासले आफ्नो निकटतम प्रतिद्वन्द्वीका रूपमा अमेरिकाको बहुराष्ट्रिय कम्पनी नाइकलाई लिने गरेको छ, विश्वकप फुटबल प्रतियोगिता जर्मनीमै आयोजना हुने भएपछि एडिडासले आफ्नो नाफामा वृद्धि गर्ने सोच बनाएको छ। विश्वकप फुटबलमा सहभागि हुने छवटा राष्ट्रका खेलाडीलाई आधिकारिक रूपमा एडिडासले खेलसामग्री उपलब्ध गराउने सम्झौता गरिसकेको छ। यो सम्झौताबाट प्रचार पाएर एडिडासले करिब एक अरब डलर आम्दानी गर्ने सोचाइ बनाएको थियो। विश्वकपको सम्मुख आएर आफ्ना उत्पादनहरूको माग एक्कासि बढ्न थालेपछि एडिडास कम्पनीले आफ्नो फाइदाको रकम बढ्ने अनुमान गरेको छ। एडिडासले पछिल्लो पटक गरेको अनुमानअनुसार यो विश्वकप फुटबल प्रतियोगिताबाट १ अरब ५० करोड डलर आम्दानी हुनेछ।



# समूह सीमा अर्जेन्टिना र नेदरल्याण्डबीच प्रतिस्पर्धा



### विश्वकपमा सहभागिता

**अर्जेन्टिना**
**सहभागिता :** १९३०, १९३४, १९५८, १९६२, १९६६, १९७४, १९७८, १९८२, १९८६, १९९०, १९९४, १९९८, २००२
**उपलब्धि :**
विजेता- १९७८, १९८६
उपविजेता- १९३०, १९९०
**क्षेत्रीय उपाधि :** कोपा अमेरिका १४ पटक
**नेदरल्याण्ड**
**सहभागिता :** १९३४, १९३८, १९७४, १९७८, १९९०, १९९४, १९९८
**उपलब्धि :** उपबिजेता १९७४, १९७८
**क्षेत्रीय उपाधि :** युरोपेली च्याम्पियन्सीप विजेता- १९८८
**आइभरी कोष्ट**
**विश्वकप सहभागिता :** पहिलो पटक
**सर्बिया मोन्टेनेग्रा (युगोस्लोभिया)**
**विश्वकप सहभागिता :** १९३०, १९५०, १९५८, १९६२, १९७४, १९९०, १९९८

आगामी विश्वकप फुटबल प्रतियोगितामा सबैभन्दा कठिन समूह बी हो । अन्य सात समूहमा बढीमा एक-एक वटा मात्र मुख्य दावेदार टिम रहे पनि यो समूहमा अर्जेन्टिना र नेदरल्यान्डजस्ता उपाधिका दुई प्रबल दावेदार छन् । जुलाई २१ मा फ्राङ्कफर्ट हुने यी दुईबीच हुने समूहको अन्तिम खेललाई पहिलो चरणको फाइनलका रूपमा हेरिएको छ । यही खेलको पुनरावृत्ति जुलाई ९ को बर्लिनमा हुने फाइनलमा हुन सक्ने सम्भावना पनि पर्याप्त छ ।

उता, अफ्रिकी क्षेत्रको छनौट खेलमार्फत क्यामरुनलाई पन्छाउँदै जर्मनीको यात्रा तय गरेको आइभरीकोस्ट तथा युरोपेली क्षेत्रको छनौट चरणमा आफ्नो समूहमा स्पेनभन्दा अगाडि रहेर छानिएको सर्बिया एन्ड मोन्टेनेग्रो पनि दोस्रो चरणमा पुग्न सक्षम छ ।

दुई पटकको विश्व च्याम्पियन अर्जेन्टिनालाई जर्मनीका एक जना महान् खेलाडीको समेत समर्थन छ । जर्मनीका महान् खेलाडी लोथार म्याथ्युसले यस पटक अर्जेन्टिना विश्वकपको सबैभन्दा ठूलो दावेदार रहेको घोषणा गरिसकेका छन् । 'ब्राजिल डिफेन्समा कमजोर छ, मेरो विचारमा अर्जेन्टिनाले विश्वकप जित्नेछ ।' सन् १९९० को विश्वविजेता जर्मन टिमका प्रमुख सदस्य म्याथ्युस भन्छन् ।

### समूह सी

**अर्जेन्टिना**
**नेदरल्यान्ड**
**आइभरी कोष्ट**
**सर्बिया एन्ड मोन्टेनेग्रा**



चोटमुक्त भएपछि विश्वकपमा उत्रने निश्चित भैसकेका बार्सिलोनाका १८ वर्षीय लियोनेल मेसीलाई अर्जेन्टिनी महान् फुटबलर म्याराडोनासँग तुलना गरिन थालिएको छ । मेसीदेखि चेल्सीका अनुभवी हर्नान क्रेस्पो, युवा कार्लोस टेभेज, जाभियर साभिओलासम्म विश्व क्लब स्तरका चर्चित स्टारहरू अर्जेन्टिनाको अग्रपंक्तिमा छन् । त्यस्तै मध्यपंक्तिमा पनि विश्वस्तरिय जुआन रिक्वेल्म तथा पाब्लो आइमारले टिमलाई थप बलियो बनाएका छन् । अर्जेन्टिनी रक्षापंक्तिलाई विश्वकै उत्कृष्ट मानिनेछ । कप्तान रोबर्टो आयला, वाल्टर सामुएल, जाभियर जेनेटी तथा ग्याब्रियल हेइन्जले विपक्षीको आक्रमण नियन्त्रण गर्न प्रमुख भुमिका खेल्नेछन् ।

चार वर्षअघि जापान कोरिया विश्वकपमा पहिलो चरणबाट बाहिरिएको अर्जेन्टिनाका लागि गत वर्ष कन्फेडेरेसन कपको फाइनलमा ब्राजिलविरुद्ध भोग्नुपरेको हारलाई बिर्साउन जर्मनी विश्वकप उत्तम अवसर हुने विश्वास प्रशिक्षक जोसे पेकरम्यानले लिएका छन् ।

विश्वकपमा जहिले पनि सशक्त उपस्थिति देखाउँदै आए पनि नेदरल्यान्डले अहिलेसम्म उपाधि जित्न सकेको छैन । आत्मविश्वास र क्षमताले भरिएको नेदरल्यान्डको सबैभन्दा ठूलो कमजोरी हो– 'टिम-गेम' । यद्यपि सन् २००४ को युरोपियन च्याम्पियनसिपको समाप्तिपछि तत्कालीन प्रशिक्षक डिक एडभोकेटको बहिर्गमनसँगै नयाँ प्रशिक्षक नियुक्त भएका मार्को भान बास्टेनले टिमको संरचनामा केही परिवर्तन ल्याएका छन् ।

यसै क्रममा डचहरू युरोपेली क्षेत्रका १२ छनौट खेलमध्ये १० मा विजयी रहे भने एउटै खेल हारेनन्, जसमा डचहरूले दोस्रो वरियताको चेक गणतन्त्रलाई दुई पटक नै हारको स्वाद चखाए । म्यानचेस्टर युनाइटेडका एडविन भ्यानडरसर टिमका निर्विवाद गोलकिपर हुन् । मिडफिल्डमा फिलिप कोकु र आर्जेन रोबेन तथा अग्रपंक्तिमा म्यानचेस्टरकै रुड भ्यान निस्टलरोय टिमका मुख्य हतियार हुन । नियमित मिडफिल्डर क्लिरेन्स सिडोर्फलाई टिमबाट हटाएका बास्टेनसँग डिर्क कुएट तथा हेडविगेज मादुरो जस्ता युवा प्रतिभाको कमी छैन । युगोस्लोभियाको नाममा सात पटक विश्वकप खेलिसके पनि सर्बिया एन्ड मोन्टेनेग्रोको नाममा उनीहरूको यो नै पहिलो विश्वकप हुनेछ । यदि छनौट चरणको खेललाई दोहोर्‍याउन सके अर्जेन्टिना र नेदरल्यान्डका सामु उनीहरू अपराजित रहन सक्नेछन् । 'मलाई थाहा छ, हामी दाबेदारहरूको समूहमा छौं, तर पहिलो खेलमै अप्रत्याशित नतिजा दिन हामी तयार छौं ।' सर्बियन प्रशिक्षक पेडकोयिक भन्छन् ।

उत्कृष्ट रक्षा पंक्तिको सहयोगमा सशक्त स्पेनलाई प्लेअफ खेल्न बाध्य पारेको सर्बियाको डिफेन्स लाइन नेमान्जा भिभिक र माटेजा केजम्यानको नेतृत्वमा रहनेछ । यी तीनवटै टिमले अर्को प्रतिद्वन्द्वी आइभरीकोस्टलाई कमजोर आक्ने हिम्मत गरेका भने छैनन् । चार वर्षअघि जापान-कोरिया विश्वकपमा क्वार्टरफाइनलसम्म पुगेको अर्को पश्चिम अफ्रिकी टिम सेनेगलबाट पाठ सिकिसकेका टिमहरूले यसपटक विश्वकपमा तहल्का मच्चाउन सक्ने अफ्रिकी टिमका रूपमा आइभरीकोस्टको नाम लिन्छन् । चेल्सीका फरवार्ड डिडियर ड्रोग्वा, आर्सनलका डिफेन्डर कोलो टोरे तथा फ्रान्सेली क्लबका अरुना दिन्दाने टिमका मुख्य सदस्य हुन् ।

### समूह सी खेल तालिका

| मिति | खेल | स्थान |
|---|---|---|
| जून ११ | अर्जेन्टिना विरुद्ध आइभोरी कोस्ट | ह्यामबर्ग |
| जून ११ | सर्बिया एन्ड मोन्टेनिग्रो विरुद्ध नदेरल्यान्ड | लिपिज |
| जून १६ | अर्जेन्टिना विरुद्ध सर्बिया एन्ड मोन्टेनिग्रो | ग्लेसेनक्रिचेन |
| जून १६ | नेदरल्यान्ड विरुद्ध आइभोरी कोस्ट | स्टुटगार्ट |
| जून २२ | नेदरल्यान्ड विरुद्ध अर्जेन्टिना | फ्यांकफर्ट |
| जून २२ | सर्बिया एन्ड मोन्टेनिग्रोविरुद्ध आइभोरी कोस्ट | म्युनिख |

## विश्वकप मैदानभित्र

# नयाँ धनी खेलाडी रोनाल्डिन्हो



जब फुटबलको चर्चा चल्छ तब त्यसको पछाडि पैसाकै कुरा आउँछ । इङ्ल्यान्डका डेभिड बेकह्यामको चर्चा फुटबल खेलेर सर्वाधिक धन कमाउने खेलाडी भएकै कारणले हुन्छ । विगत तीन वर्षदेखि फुटबल खेलेर सर्वाधिक धन कमाउने खेलाडीका रूपमा आफूलाई प्रस्तुत गर्दै आएका बेकह्यामलाई उछिनेर यो वर्ष ब्राजिलका अर्का चर्चित खेलाडी रोनाल्डिन्हो अग्रस्थानमा आएका छन् । फ्रान्सबाट प्रकाशित एक फुटबल म्यागजिनका अनुसार बार्सिलोनाका स्ट्राइकर रोनाल्डिन्होले वार्षिक आम्दानीमा बेकह्यामलाई पछि पारेका छन् । उक्त म्यागजिनका अनुसार रोनाल्डिन्होले अहिले वार्षिक रूपमा २ करोड ३० लाख युरो कमाउने गरेका छन् भने रियल म्याड्रिडका बेकह्यामले भने वार्षिक रूपमा १ करोड १८ लाख युरो मात्र कमाउँछन् । फुटबल खेलबाट सर्वाधिक रकम कमाउने खेलाडीमा ब्राजिलका रोनाल्डो तेस्रो स्थानमा छन् ।

## इङ्ल्यान्डको टिममा सत्र वर्षीय किशोर

अठारौं विश्वकप फुटबलको उपाधिका निम्ति दाबेदार इङ्ल्यान्डको २३ सदस्यीय टिममा प्रशिक्षक स्भेन गोरान इरिक्सनले आश्चर्यजनक रूपमा १७ वर्षीय किशोर वाल्कटलाई समावेश गरेका छन् । जर्मनी जाने टिमको घोषणा गर्नुभन्दा केही घण्टाअघि मात्र इरिक्सनले वाल्कटलाई टिममा राख्ने निर्णय गरेका थिए ।

आर्सनलका स्ट्राइकर वाल्कटको ट्रेनिङ नियालेपछि चोटमुक्त हुन संघर्षरत वायनी रोनी तथा माइकल ओवेनको विकल्पका रूपमा उनलाई टिममा सामेल गरिएको हो । प्रशिक्षक इरिक्सन भन्छन्– 'प्रतिभावान् वाल्कट विश्वकपका सातवटै खेलमा पहिलो एघार जनाको सेटबाट खेल्न सक्षम छन् । सन् १९५८ मा ब्राजिललाई विश्वकप जिताउँदा पेले पनि १७ वर्षकै थिए ।' वाल्कट अत्यन्त सानो स्थानबाट पनि उत्कृष्ट फिनिसिङ गर्न सिपालु छन् ।

आर्सनल क्लबका खेलाडी वाल्कट कहिल्यै आफ्नो क्लबबाट पहिलो रोजाइमा परेका छैनन् । 'वाल्कट अझै यो कुरामा विश्वास गर्न सकिरहेका छैनन्,' -वाल्कटका एजेन्ट कोलिन गार्डनले भने । उनी गत जनवरीमा १ करोड २५ लाख पाउन्डमा आर्सनलसँग अनुबन्धित भएका थिए । त्यसअघि उनी साउथ ह्याम्टनसँग अनुबन्धित थिए ।

PROTECT YOUR COMPUTER



SENTRY PCI CARD
USA Product
CE & FCC Certified
Guarantee to protect Your Computer.
It Protects From:
• DATA LOSS • FILE DELETION • VIRUSES
• MOTHERBOARD • BIOS INFECTION • BACKUP HARDDISC
Nepal's Channel Distributor:
COMPUTER TRADE CENTER
SERVICE, SALES AND TRAINING
Ph. 4420987, 2002262 , ctc@mail.com.np, www.ctc.com.np
P.O. Box 4327, Bishalnagar Chowk, Kathmandu, Nepal

STAFF NURSE
Entrance Preparation



- TU, CTEVT, KU & BPKIHS मा हालसम्म सर्बोत्कृष्ट नतिजा
- **३ महिनासम्म** दैनिक ४ घण्टा कक्षा संचालन हुने
- कम्प्युटर CD बाट Model Exam गरिने,
- नि:शुल्क CD, 7 Books and 20 Model Question Sets उपलब्ध गराइने
- २०५६ सालदेखि नियमित अनुभवी शिक्षकहरू भएको
- आवश्यकता अनुसार होस्टलको व्यवस्था भएको

INTEL INSTITUTE
An ISO 9001:2000 Certified Institute
INTEL School of Competitive Exams, ISCE
Bagbazar,Kathmandu, Ph:4243944/4249090
Pokhara Branch : Siddhartha Chowk, Pokhara Ph: 061-540071
Biratnagar Branch: Traffic Chowk, Ph:021-535464

EUROPE




# समूह डीमा कमजोर भिडन्त

### समूह डीको खेलतालिका

| मिति | स्थान | टिम |
|---|---|---|
| ११ जून | नुरेम्बर्ग | मेक्सिकोविरुद्ध इरान |
| ११ जून | कोलोन | पोर्चुगलविरुद्ध अंगोला |
| १६ जून | हानोभर | मेक्सिकोविरुद्ध अंगोला |
| १६ जून | फ्राङ्कफर्ट | पोर्चुगलविरुद्ध इरान |
| २१ जून | ग्लेनकिर्सेन | मेक्सिकोविरुद्ध पोर्चुगल |
| २१ जून | लिपजिङ | इरानविरुद्ध अंगोला |

यस पटकको विश्वकपमा सबैभन्दा कमजोर मानिएको समूह डी नै आयोजक जर्मनीका लागि सबैभन्दा ठूलो टाउको दुखाइ बनेको छ। पोर्चुगल, इरान, अंगोला तथा मेक्सिको सामेल रहेको यो समूहमा जर्मनीलाई सबैभन्दा ठूलो हुल्याहा समर्थकहरूको चिन्ता छ।

इरानका सबै खेल तथा पोर्चुगल एवं त्यसको पूर्व उपनिवेश अफ्रिकी टिम अंगोलबीचको खेल सामान्य नहुने पूर्वानुमान लगाउन खासै गाह्रो छैन।

आणविक महत्वाकांक्षाका साथ विश्वकपमा तेस्रो पटक सहभागिता जनाउन लागेको एसियाली राष्ट्र इरानको उपस्थितिलाई अझ रोमाञ्चक बनाएको छ। इरानलाई विश्वकपबाट वञ्चित गर्नुपर्ने माग इरानको परम्परागत शत्रु इजरायलले राखेको छ। इरानले त्यसको कडा शब्दमा विरोध गरिसकेको छ। उता, सन् १९७५ मा मात्र पोर्चुगलबाट स्वतन्त्रता पाएको अंगोला पोर्चुगलसँग दुई पटक भिडिसकेको छ। ती दुवै खेलमा अंगोला पोर्चुगलसँग क्रमशः शून्यका विरुद्ध ६ गोल तथा १ का विरुद्ध ५ गोलको अन्तरबाट पराजित भएको थियो। पछिल्लो पटक सन् २००१ मा लिस्बनमा भएको खेलमा चार जना अंगोलियन खेलाडी रातो कार्ड पाएर बाहिरिएका थिए।

चार वर्षअघि अमेरिका तथा आयोजक कोरियासँग पराजित भएर पहिलो चरणबाट बाहिरिएको पोर्चुगलले त्यसको दुई वर्षपछि आफ्नै गृहमैदानमा भएको युरोपियन च्याम्पियनसिपको फाइनलमा पुगेर आफूलाई संसारकै उत्कृष्ट टिमको सूचीमा पुनर्स्थापित गरेको थियो।

**समूह डी**

मेक्सिको
पोर्चुगल
इरान
अंगोला

चार वर्षअघि ब्राजिललाई विश्वकपको उपाधि दिलाएका पोर्चुगलका प्रशिक्षक लुइज फेलिप स्कोलारी अहिले दुई छुट्टा-छुट्टै टिमको साथमा लगातार दोस्रो विश्वकप जित्ने दाउमा छन्।

पोर्चुगलका प्रमुख खेलाडी एवं कप्तान लुइस फिगो सहज समूहमा परे पनि खुसी छैनन्। 'सजिलो समूह हाम्रा लागि सधैं गाह्रो हुने गरेको छ, जस्तो कि चार वर्षअघि, तर हामी यसपटक पुरानै गल्ती दोहोर्‍याउने पक्षमा छैनौं' फिगो भन्छन्।



फिगोसँगै क्रिस्टियानो रोनाल्डो, डेको, पाउलेटा, रिकार्डो कार्भाल्हो तथा पाउलो फेरेरा टिमका प्रमुख खेलाडी हुन्, तर पनि पोर्चुगिजहरू अफ्रिकी टिमसँगको भिडन्तमा चार वर्षअघि फ्रान्सको अवस्थालाई बिर्सनेछैनन्।

जापान-कोरिया विश्वकपमा पहिलो खेलमै फ्रान्सको पूर्वउपनिवेश सेनेगलले फ्रेन्च टिमलाई पराजित गरेको थियो।

अंगोलाका प्रशिक्षक लुइस ओलिभेरा एवं उनको टिम सेनेगलको इतिहासलाई दोहोर्‍याउने सोचमा छन्। रुवान्डाविरुद्धको निर्णायक छनौट खेलमा गोल गर्दै टिमको जर्मनी यात्रा सुनिश्चित गर्न मुख्य भूमिका खेल्ने फाब्रिस अक्वा तथा पोर्चुगिज क्लब बेनिफिकाका पेड्रो मेन्टोरज अंगोलाका प्रमुख खेलाडी हुन्।

२००२ को जापान-कोरिया विश्वकपमा छिमेकी अमेरिकासँग पराजित भै दोस्रो चरणबाट बाहिरिएको मेक्सिकोसँग यसपटक दशककै सबैभन्दा सशक्त टिम छ। प्रशिक्षक रिकार्डो लाभोल्पमाथि सन् १९७० एवं १९८६ मा आफ्नै गृहमैदानमा विश्वकपको आयोजना हुँदा क्वार्टरफाइनलमा पुगेको मेक्सिकोलाई कमसेकम पनि क्वार्टरफाइनलसम्म पुर्‍याउने दबाब छ। यसमा आशा गर्नैपर्ने कारणहरू पनि छन्। गोलकिपर ओस्वाल्दो सान्चेज विश्वकै उत्कृष्ट गोलकिपर मानिन्छन् भने मेक्सिकोसँग बार्सिलोनाका डिफेन्डर राफेल मार्क्वेजको नेतृत्वमा सशक्त रक्षापंक्ति छ। दुई स्टार स्ट्राइकरहरू- इङ्लिस क्लब बोल्टनका जार्डेल बोर्गेटी तथा अर्जेन्टिनी मूलका भिल्लारियलबाट खेल्ने गुइलर्मो फ्रान्कोले पोर्चुगलको चुनौतीलाई थप बलियो बनाउनेछन्।

अहिले इरानी प्रशिक्षक ब्रान्को इभानकोभिकको ध्यान फुटबलमा मात्र छ। इभानकोभिक भन्छन्- 'जर्मनीमा पर्यटकका रूपमा मात्र जाँदै छैनौं, हामीमा संसारलाई चकित पार्ने क्षमता छ।'

पछिल्लो दुई सहभागितामा इरानले चार पराजय र एक बराबरीको नतिजा निकालेको छ भने आठ वर्षअघि फ्रान्स विश्वकपमा अमेरिकाविरुद्ध प्राप्त एक मात्र विजय उनीहरूको नाममा छ। यतिबेला टिममा युरोपबाट खेल्ने स्टारहरूको कमी छैन। भेट्रान अली दाइ तथा बायर्न म्युनिखका प्लेमेकर अली करिमी मात्रै टिमका हतियार होइनन्। मेहदी महादभिक, भाहिद हासमेन, फेरिदुन जान्दी, मोहराम नाभिद्किया तथा रहमान रजाइ जर्मनीमा चम्किन सक्ने अरू खेलाडी हुन्।

**मेक्सिको**
**सहभागिता** : २००२, १९९८, १९९४, १९८६, १९७८, १९७०, १९६६, १९६२, १९५८, १९५४, १९५०, १९३०
**उपलब्धि** : क्वार्टरफाइनल (१९७०, १९८६)
**पोर्चुगल**
**सहभागिता** : २००२, १९८६, १९६६
**उपलब्धि** : तेस्रो स्थान १९६६
**इरान**
**सहभागिता** : १९९८, १९७८
**अंगोला**
**सहभागिता** : पहिलो पटक

प्राइभेट Test/S.L.C.
विगत वर्षहरूको अपार सफलता पछि २०६३ को लागि पनि Private Test/S.L.C. मा धमाधम भर्ना लिइदैछ।
कक्षा समय: बिहान र दिउँसो
माध्यम: अंग्रेजी र नेपाली
साथै Computer, Language / Tuition Classes संचालन भईरहेका छन्।
EVEREST Educational Centre
Jamal, Kathmandu
Ph.: 4224838

प्राइभेट Test/S.L.C.
भर्ना खुल्यो
त्यसो भए
२०६३ सालको लागि कक्षा ९ र १० भर्ना लिइदैछ। सिट सिमित छ।
साथै Language, Computer तथा Tuition का कक्षाहरू सञ्चालन भइरहेको छ।
काठमाडौं मल्टिपल इन्स्टिच्यूट
4-232203
भोटाहिटी, काठमाडौं

प्राइभेट Test/S.L.C.
२०६३ सालको भर्ना खुल्यो।
BSEP Institute
Chhetrapati, Kathmandu
Ph.: 4263689
4266119

What After SLC....?
Ans: A ... F.M. Programme Presenter.
छ। ... FM Programme ...

सुन्दर र गोरो मुहारको रहस्य
ROOP-अमृत
Rs. 1000/-
दाँतको समस्यालाई (Dant-Pari) - 1600/-
सौना बेल्ट - 2500/-
उचाइ बढाउने - 1250/-
स्तन बढाउने - 1450/-
ब्लड प्रेसरको लागि - 450/-
100% Guaranteed
आस्था हेल्थ केयर
Tel: 01 2110057
Mobile: 9841-330144
056-520412 नारायणगढ

Golden Opportunity
class will started from 19 June
Air Hostess & Steward
training conducted by well experience instructors having more than 30 years of in-flight duties.
Free Swimming and Stationary
Kupondol Bus Stop
5538057/5523082
9841 208749

Special Cook
तालिम Rs. 3,000 मात्र
National Yak & Yeti Hotel Training Center
Kathmandu Training Institute


# एशियालीहरूका लागि टेलिभिजनमै सीमित




विश्वकप फुटबलको सफलता वा असफलतालाई कुनै पनि टिमले विगतमा पाएको सफलतालाई आधार मानेर हेरिनुपर्छ। विश्वकपको विश्लेषणको ट्रेन्ड नै यस्तै छ।

मैले अहिलेसम्म गरेको विश्लेषणअनुसार यसपटकको विश्वकप पनि कुनै पूर्वविजेता राष्ट्रले नै जित्न सक्ने बढी सम्भावना छ। फुटबलको ट्रेन्ड, खेलाडीहरूको अन्तर्राष्ट्रिय प्रदर्शन तथा उनीहरूको वर्तमान अवस्थालाई हेरेर विश्लेषण गर्दा अर्जेन्टिना, इङ्ल्यान्ड, जर्मनी र ब्राजिलको सम्भावना बढी देखिन्छ।

अर्जेन्टिनाका खेलाडीहरूले युरोपको लिग प्रतियोगितामा राम्रो प्रदर्शन गर्नुका साथै दुई पटक विश्वकप जितिसकेका कारणले उनीहरू दावेदारका रूपमा देखिनु स्वाभाविक पनि हो। यस बाहेक उनीहरूले खेल्ने फुटबलको शैली ब्राजिलको जस्तो छ।



जर्मनी पनि यसपटकको प्रबल दाबेदार हो। जर्मनी आयोजक भएका कारणले मात्र नभै विश्वकप जितिसकेको कारणले पनि प्रमुख दाबेदार बनेको हो। यसबाहेक जर्मनीलाई गृहमैदानको पनि फाइदा हुने देखिन्छ। इङ्ल्यान्डले पनि आफूलाई विश्वकप फुटबलको दावेदार राष्ट्रका रूपमा प्रस्तुत गरेको छ। इङ्ल्यान्डको पछिल्लो प्लेइङ सेटमा रहेका खेलाडीहरूलाई हेर्ने हो भने उनीहरू पनि बलियो दावेदार मानिएका छन्, तर अहिले उनीहरूका केही राम्रा खेलाडी घाइते भएका कारण इङ्ल्यान्ड केही अप्ठ्यारो पर्न सक्ने देखिन्छ।

विश्वकप फुटबलमा ब्राजिल सधैं दावेदारका रूपमा पहिलो स्थानमा देखिने गरेको छ र यस पटकको विश्वकप फुटबलमा पनि ब्राजिल नै सम्भावित विजेताका रूपमा पहिलो स्थानमै छ।

विश्वकप फुटबलमा ब्राजिल, अर्जेन्टिना, जर्मनी, इङ्ल्यान्ड दावेदारका रूपमा देखिए पनि अफ्रिकी राष्ट्रहरूको खेल पनि हेर्नलायक हुनेछ। विगतका केही विश्वकप फुटबल प्रतियोगितालाई हेर्ने हो भने अफ्रिकाले यसपटकको विश्वकप फुटबलमा केही आश्चर्यजनक नतिजा निकाल्न सक्नेछ। नाइजेरिया, क्यामरुन तथा सेनेगलले पछिल्लो विश्वकप फुटबल प्रतियोगितामा देखाएको आश्चर्यजनक नतिजालाई यसपटक सहभागी भएका राष्ट्रहरूले बिर्साउनेछन्, किनकि अहिले सहभागी भएका राष्ट्रहरूले क्यामरुन, नाइजेरिया र सेनेगलजस्ता पछिल्लो विश्वकप फुटबलमा तहल्का मच्चाएका राष्ट्रहरूलाई हराएर अफ्रिकाको प्रतिनिधित्व गरेका छन्।

एसियाका लागि विश्वकप फुटबल एउटा अवसरका रूपमा मात्र रहने गरेको छ। गत विश्वकप फुटबल प्रतियोगितामा दक्षिण कोरियाले केही आश्चर्यजनक नतिजा निकालेको कारण यसपटक उसको आशा बढेको देखिन्छ। एसियाको छनौट चरणमा दक्षिण कोरियाको प्रदर्शनलाई हेर्ने हो भने यसपटक कुनै आश्चर्यजनक नतिजा आउन सक्ने अनुमान गर्नु बेकार हो। सन् २००२ को विश्वकप फुटबल दक्षिण कोरियाका लागि एउटा भाग्य थियो। त्यो इतिहास दोहोऱ्याउन गाह्रो छ। एसियाका तर्फबाट केही आशा गर्न सकिने राष्ट्र जापान हुन सक्छ। ब्राजिलका पूर्व खेलाडी जिकोले चार-पाँच वर्ष प्रशिक्षण सम्हालेका कारण जापानीहरूबाट राम्रो नतिजा आउन सक्ने आशा राख्न सकिन्छ।

विश्वकप फुटबलको दावेदार हुनुमा लिग प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्छ। जुन देशको लिग प्रतियोगिता जति उत्कृष्ट हुन्छ विश्वकप फुटबलमा उनीहरूको प्रदर्शन त्यत्ति नै राम्रो हुन्छ, तर यो कुरा सधैं मेल खान्छ भन्ने पनि छैन। किनकि ब्राजिल, अर्जेन्टिना र अफ्रिकाको लीग फुटबल व्यावसायिक दृष्टिकोणबाट उत्कृष्ट छैन। त्यहाँका सबै राष्ट्रिय खेलाडी युरोपका विभिन्न लिग विभिन्न क्लबसँग आबद्ध हुन्छन्, जसका कारण त्यहाँका खेलाडीहरूले आफ्नो देशको शैलीको फुटबल खेल्न त जानेका हुन्छन् नै, त्यसबाहेक उनीहरू युरोपियन शैलीको खेल पनि खेल्न सक्षम हुन्छन्। यस्तो अवस्थाको बढी फाइदा ल्याटिन अमेरिकी राष्ट्रले उठाइरहेका छन्।

फुटबलमा सफलता वा असफलता प्रशिक्षकको रणनीतिमा पनि निर्भर हुन्छ। यो कुरालाई आमदर्शकले त्यति वास्ता गरेको देखिँदैन। विश्वकपमा सहभागी हुने राष्ट्रको नेतृत्व गर्ने राष्ट्रका प्रशिक्षकहरूले आफ्नो प्रतिद्वन्द्वीअनुसार रणनीतिमा परिवर्तन गरिरहने हुँदा कुनै पनि बेला जस्तो किसिमको नतिजा पनि आउन सक्छ, तर केही राष्ट्रको रणनीति भने अझै पनि एउटै किसिमको छ। जस्तो अधिकांश टोली एक गोल गरेपछि आफूलाई रक्षात्मक रूपमा प्रस्तुत गर्छन्, तर ल्याटिन अमेरिकी राष्ट्र यस्तो चाहँदैन। ब्राजिलकै कुरा गर्ने हो भने ब्राजिलले गोल गरेपछि थप गोल गर्ने रणनीति बनाउँछ। आफूले गोल खाए बढी गोल गर्ने चाहना राख्छ। यसै कारणले उनीहरूको खेल रणनीति र शैलीलाई धेरैले मन पराउने गरेका छन्।

फुटबल भनेको खेलाडी र प्रतियोगिता मात्र होइन। जस्तो रेफ्रीहरूकै कुरा गर्दा पनि एसियाली क्षेत्रले विश्वकप फुटबलमा ज्यादै कम अवसर पाउने गरेको छ। एसियाले युरोपको जस्तो क्षमता देखाउन सक्दैन, यसै कारण प्रतियोगिताको अन्य क्षेत्रमा गर्न सकिने योगदानमा पनि एसियाको न्यून सहभागिता हुने गरेको छ। रेफ्रीहरूलाई राम्रो प्रशिक्षण गराउन यस्ता प्रतियोगिताहरू महत्त्वपूर्ण हुन्छन्। यस्ता प्रतियोगिताहरूमा अवसर पाए एसियाली रेफ्रीहरूको स्तर पनि उकासिने थियो।

खेलाडीको कलम



श्रीराम रंजीतकार
पूर्व फिफा रेफ्रि एवं राष्ट्रिय खेलाडी

## ६ प्रश्न



**प्रलय राजभण्डारी, नबिल थ्रिस्टार क्लब तथा नेपालको राष्ट्रिय फुटबल टिमका महत्त्वपूर्ण सदस्य । अखिल नेपाल फुटबल संघको एकेडेमीको पहिलो ब्याचका राजभण्डारीले सन् २००४ मा बंगलादेशमा सम्पन्न एएफसी यु-१९ छनौट खेलबाट नेपाललाई मलेसियामा फाइनल चरणका लागि छनौट गराए । फाइनल चरणमा भियतनामलाई हराउँदा तथा जापान र आयोजक बंगलादेशसँग पराजित हुँदा प्रलयले आफूलाई टिमको अभिन्न अंगका रूपमा स्थापित गरे । त्यसै वर्ष पाकिस्तानमा सम्पन्न नवौं दक्षिण एसियाली खेलकुदमा अन्डर-२३ राष्ट्रिय फुटबल टिममा स्थान बनाएका राजभण्डारी गत पुसमा सम्पन्न दक्षिण एसियाली फुटबल च्याम्पियनसिपमा पहिलो पटक राष्ट्रिय टिममा सहभागी भए ।**

■ **विश्वकप कसरी हेर्दै हुनुहुन्छ ?**
चार वर्षमा आयोजना हुने विश्वकप हामीजस्ता खेलाडीका लागि महान् पर्व हो। खेल सुरु हुने दिनको व्यग्रतापूर्वक प्रतीक्षा गरिरहेको छु। खेलाडी भएका नाताले विश्वका उत्कृष्ट खेलाडीको स्किलप्रति बढी ध्यान दिने र त्यसबाट केही सिक्ने प्रयास गर्नेछु।

■ **तपाईंको मनपर्ने टिम कुन हो ?**
ब्राजिल, १९९४ मा विश्वकप हेर्न सुरु गरेदेखि नै मलाई ब्राजिल मन परेको हो। त्यतिबेला देखि नै ब्राजिलको खेल निकै राम्रो मान्दै आएको छु। पाँच पटक विश्वकप हात पार्नु तथा लगातार तिन पटक विश्वकपको फाइनलमा पुग्नु चानचुने कुरा होइन।

■ **यसपटकको विश्वकप कसले जित्लाजस्तो लाग्छ ?**
प्रशंसक भएको नाताले ब्राजिलले नै विश्वकप जित्छ जस्तो लाग्छ, तर फुटबल हो केही भन्न सकिन्न। छनौट खेलमा तिखारिएर आएका ३२ टिम नै उस्तै छन्। इङ्ल्यान्ड पनि बलियो देखिएको छ, आयोजक जर्मनीलाई गृहमैदानको फाइदा छ, अर्कातर्फ इटाली यसपटक पहिलेभन्दा निकै सुधारिएको छ।

■ **यसपटक कुनै टिमले अप्रत्याशित नतिजा ल्याउलान् ?**
दक्षिण कोरियाले पछिल्लो पटक आफ्नै गृहमैदानमा सेमीफाइनलसम्मको यात्रा तय गरेको थियो र यसपटक त्यही जोसले उनीहरूलाई थप राम्रो नतिजा निकाल्न प्रेरित गर्न सक्छ।

■ **चम्किन सक्ने खेलाडी ?**
ब्राजिलका जुनिन्हो, रोनाल्डिन्हो, रोबिन्हो, अर्जेन्टिनाका लियोनेल मेसी, पोर्चुगलका क्रिस्टियानो रोनाल्डो सम्भावना भएका खेलाडी हुन्, तर १९९८ को विश्वकपमा जिनेदिन जिदान र डेभोर सुकर चम्किएजस्तो यसपटक पनि नयाँ खेलाडी आउन सक्छन्।

■ **एसियाली टिमको प्रदर्शन कस्तो रहला ?**
पछिल्लो पटक जापान र कोरियामा सम्पन्न विश्वकपलाई छोडेर एसियाको प्रदर्शन कहिल्यै पनि सन्तोषजनक रहेन। युरोप र दक्षिण अमेरिकी टिमको तुलनामा एसियाली टिमको स्तर तल छ, तर पनि यसपटकको विश्वकपमा दक्षिण कोरिया, जापान तथा इरानले राम्रो गर्न सक्छन्। जापानको फुटबलस्तर द्रुत गतिमा बढिरहेको छ र उसले छोटो समयमै निकै प्रगति गरेको छ। यसपटक जापानले विश्वलाई चकित बनाउने नतिजा दिन सक्छ।

